त्यसैगरी अलग—अलग सामाजिक संरचना, जातीय समूह, सीमान्तकृत समुदाय तथा क्षेत्रीय विभेद भएका कारण समावेशीता र समतामूलक विकासका लागि प्रदेश र स्थानीय तहको अलग नीति

आवश्यक छ। यसले समावेशी विकास सुनिश्चित गर्न, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण केन्द्रित कार्यक्रम लागू गर्न, र हरेक समूहलाई "Leave No One Behind" को सिद्धान्त अन्तर्गत समेट्न सहयोग पुर्याउँदछ।

## (३) विकास नीतिका सैद्धान्तिक र व्यवहारिक आधारहरू

जुन सुकै तहले तर्जुमा गरेको भएतापनि व्यवहारिक आवश्यकता सम्बोधन गर्नका लागिनै नीतिहरू तर्जुमा गरिन्छ। तथापी ति हरेक नीतिहरू तल उल्लेखित कुनै न कुनै सिद्धान्त बाट नर्देशित हुन्छनः

### (क) दिगो विकासको सिद्धान्त

विकासले वर्तमान पुस्ताको आवश्यकता पूरा गर्दा भविष्यको पुस्ताको हक पनि सुरक्षित गर्नुपर्दछ। त्यसैगरि, आर्थिक, सामाजिक र वातावरणीय पक्षबीच सन्तुलन कायम राख्नु दिगो विकासको मूल तत्व हो। दिगो विकासको मान्यता अनुरूप विकास नीति वातावरण, समाज र अर्थतन्त्रबीच सन्तुलित हुनुपर्दछ; आर्थिक वृद्धि वातावरणमैत्री हुनुपर्दछ; प्राकृतिक स्रोतहरूको संरक्षण गर्दै दीर्घकालीन उपयोग सुनिश्चित गर्नुपर्दछ; र दिगो कृषि, हरित पर्यटन, जलविद्युत र वातावरणमैत्री पूर्वाधार विकास प्राथमिकता हुनुपर्दछ (UN, २९१५)।

### (ख) समावेशी विकास

नया संविधानको भावना अनुरूप सामाजिक, जातीय, लैङ्गिक, भौगोलिक र आर्थिक विविधतालाई सम्मान गर्दै सबै वर्ग र समुदायको समान सहभागिता र लाभ सुनिश्चित गर्ने नीति हुनुपर्दछ जस्तैः महिला, दलित, आदिवासी/जनजाति, अशक्त, साना किसान, साना उद्यमीहरू, विपन्न समुदायलाई लक्षित; ग्रामीण-शहरी, हिमाली-पहाडी-तराईबीच असमानता हटाई सामाजिक न्याय र अवसरमा समान पहुँच सुनिश्चित हुने आदि।

### (ग) सन्दर्भगत विकास नीति

सन्दर्भगत विकास नीति भनेको स्थानीय आवश्यकता, स्रोत, र सन्दर्भ अनुसार बनाईने नीति हो। प्रदेश र स्थानीय तह विशेषको भौगोलिक, सांस्कृतिक, आर्थिक र सामाजिक विशेषताका आधारमा नीति तर्जुमा हुनुपर्दछ।’One size does not fit to all÷ दृष्टिकोण अनुसार छुट्टै स्थानीय सन्दर्भमा टेकेर नीति बनाउनु पर्ने आवश्यकता छ जस्तैः भौगोलिक विषमता (मनाङ, मुस्ताङ र नवलपारसी) का लागि एउटै विकास दृष्टिकोणले काम गर्दैन। कुनै एक स्थानमै पनि सन्दर्भ फेरिँदा विकास नीति पनि फेरिनु पर्दछ।

### (घ) प्रमाणमा आधारित नीति

विषयगत नीतिको उद्देश्य स्पष्ट, मापनयोग्य र प्राप्त गर्न सकिने हुनुपर्दछ। यसप्रकार तयार गरिएका नीति तथ्य र प्रमाणमा आधारित हुनुपर्दछ जस्तैः तथ्याङ्क, अनुसन्धान, मूल्याङ्कनको आधारमा नीतिगत निर्णय; MIS (Management Information System) र EMIS (Education Management Information System) को प्रयोग आदि।

**(ङ) अन्तरसरकारी समन्वय**

संघ, प्रदेश र स्थानीय तहबीच अधिकारहरू फरक भए पनि कतिपय क्षेत्रहरूमा साझा जिम्मेवारी छन्, जसमा समन्वय नहुँदा स्रोतमा दोहोरोपना र कार्यान्वयनमा असमझदारी हुन सक्ने भएकोले नीतिहरू अन्तरसरकारी समन्वयका आधारमा बनाउनु पर्दछ जस्तैः संघ, प्रदेश र स्थानीय सरकारबीचको योजना, स्रोत र कार्यक्रमको एकरूपता; स्रोत र साधनको प्रभावकारी उपयोग; र दिगो एवम् सन्तुलित विकास आदि।

**(च) दृष्टि केन्द्रित**

दृष्टिले भविष्यको परिकल्पना गर्दछ, जसले नीतिलाई ठोस दिशा प्रदान गर्दछ। त्यस्तैः दृष्टि अनुसार प्राथमिकता तय गर्न सकिने भएकाले स्रोत साधन प्रभावकारी रूपमा परिचालन गर्न सकिन्छ। अतः जुनसुकै तहले तर्जुमा गरेपनि उक्त नीति दीर्घकालीन सोचयुक्त र परिवर्तन उन्मुख हुनुपर्दछ।
यसप्रकार विकास नीति दृष्टिकोणका हिसावले हुन्छ र यसमा सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत र सांस्कृतिक पक्षहरू समेटिएका हुन्छन्। यसले नीति निर्माणको सैद्धान्तिक ढाँचा दिनुका साथै, व्यावहारिक खाका पनि प्रस्तुत गर्दछ।

## (४) नीति निर्माणसँग सम्बन्धित अवधारणाहरू

सामान्यत सार्वजनिक निकायहरूले नीति निर्माण गर्दा निम्न अवधारणाहरूलाई आवश्यकता र क्षमताको आधारमा अपनाउने गरिन्छ।

**(क) Whole-of-Government Approach**

Whole-of-Government Approach भन्नाले सरकारका विभिन्न तहहरू (संघ, प्रदेश, र स्थानीय) र मन्त्रालय/निकायहरूबीच समन्वय र सहकार्य गर्दै साझा उद्देश्यहरू हासिल गर्न एकीकृत रूपमा कार्य गर्ने रणनीतिक दृष्टिकोण हो। यसले silo-based (आ-आफ्नो मात्रै मन्त्रालयमा सीमित) सोचबाट बाहिर निस्केर एकीकृत, समन्वित र नागरिकमुखी नीति विकासमा जोड दिन्छ। यसप्रकार यो दृष्टिकोणले सरकारका निकायहरूलाई टुक्राटुक्रामा विभाजित नभई, एक संयुक्त प्रणालीको रूपमा हेर्दछ। जसले नीति तर्जुमा, कार्यान्वयन, निगरानी र मूल्याङ्कनका क्रममा समन्वय, साझेदारी र संस्थागत एकता (institutional coherence) मा जोड दिन्छ।

खासगरी जटिल र बहुआयामिक समस्याहरू जस्तैः जलवायु परिवर्तन, लैङ्गिक समानता, भ्रष्टाचार नियन्त्रण, विपद् व्यवस्थापन, रोजगारी सृजना, विभिन्न मन्त्रालय/निकायहरूबीचको दायित्व/काम मा दोहोरोपन र स्रोतको असक्षमता हटाउन, एकीकृत र दीर्घकालीन नीति सुनिश्चित गर्न यो अवधारणा उपयुक्त मानिन्छ। उदाहरणका लागि संघीय संरचनामा राष्ट्रिय शिक्षा नीति निर्माण गर्दा संघीय सरकारले नीतिगत दिशा दिन्छ, प्रदेशहरूले कार्यान्वयनका रणनीति बनाउँछन्, र स्थानीय तहले कार्यान्वयन गर्दछन्। यसमा Whole-of-Government दृष्टिकोण लागू हुन्छ।

- नागरिक समुदाय निजी क्षेत्र मिडिया महिला युवा सबैको सहभागिता
- समाबेशी र उत्तरदायी नीति निर्माण
- प्रयोगः सामाजिक न्याय GESI विपद् व्यवस्थापन

जटिल प्रणाली (शिक्षा, स्वास्थ्य, वातावरण आदि) मा संलग्न सबै actor/sector को समन्वय।
प्रणालीगत सुधार र रूपान्तरणको दृष्टिकोण।
प्रयोग: संरचनागत सुधार, दीगो विकास।

Whole-of-Government Approach को प्रयोग नीति तर्जुमा प्रक्रियामा नीतिगत समन्वय, स्रोतको उपयोगमा दक्षता, र साझा जिम्मेवारी सुनिश्चित गर्न अत्यन्त उपयोगी हुन्छ। यसले सरकारलाई एकीकृत, प्रभावकारी र जवाफदेही प्रणालीका रूपमा रूपान्तरण हुन मद्दत गर्दछ।

## (ख) **Whole-of-Society Approach**

Whole-of-Society Approach एउटा यस्तो नीति तर्जुमा र कार्यान्वयन दृष्टिकोण हो जसले समाजका सबै पक्ष जस्तैः सरकार, निजी क्षेत्र, नागरिक समाज, सामुदायिक संगठन, मिडिया, शैक्षिक संस्था, र आमनागरिकको सहभागिता, र उत्तरदायित्वमा आधारित सहकार्यलाई जोड दिन्छ। यो दृष्टिकोण Whole-of-Government Approach भन्दा फरक र फराकिलो छ। किनभने यसले केवल सरकारी निकायहरूमात्र नभई सम्पूर्ण समाजलाई समेट्छ।

सरकारभित्रका सबै निकाय, मन्त्रालय र विभागहरूबीच समन्वय र सहकार्य।
नीति समन्वय, कार्यान्वयनमा दोहोरिन नदिने, स्रोतको साझा उपयोग।
प्रयोग: नीति निर्माण, बजेट तर्जुमा, सेवा प्रवाह। समन्वय।

विशेषत नीतिगत निर्णयहरूमा व्यापक स्वामित्व र सामाजिक वैधता प्राप्त गर्न र विपन्न तथा पिछडिएका समुदायको आवाज समावेश गर्न यो अवधारणा उपयुक्त मानिन्छ। जस्तैः विद्यालय क्षेत्र सुधारको नीति बनाउँदा शिक्षक, अभिभावक संघ, विद्यार्थी संगठन, स्थानीय सरकार, CSO, बाल अधिकार समूहहरूको सहभागिता;

सार्वजनिक स्वास्थ्य नीति तर्जुमा गर्दा स्वास्थ्य मन्त्रालय, स्थानीय सरकारसँगै, धार्मिक अगुवा, समुदाय स्वास्थ्य कार्यकर्ता, मिडिया, CSO हरू; र जलवायु न्याय सम्बन्धी नीति तर्जुमा गर्दा आदिवासी जनजाति, महिला किसान, वन उपभोक्ता समूह, युवा अभियन्ता, र वैज्ञानिक समुदाय बीचको सहकार्यलाई उदाहरणको रूपमा लिन सकिन्छ।

Whole-of-Society Approach नीति तर्जुमा र कार्यान्वयनमा सामाजिक समावेशिता, उत्तरदायित्व, र दिगोपनाको आधार हो। यसले सरकार र समाजबीचको दूरी घटाउँछ। नीतिको प्रभावकारिता बढाउनुका साथै नागरिक स्वामित्व र
सहभागिता सुनिश्चित गर्दछ।

### (ग) **Whole-of-System Approach**

Whole-of-System Approach भन्नाले कुनै पनि नीति, कार्यक्रम वा समस्याको समाधान गर्दा सम्पूर्ण प्रणाली (system) जस्तैः सरकारका सबै तह, क्षेत्रीय र स्थानीय निकायहरू, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदारहरू, र समुदायहरूबीच समन्वय, सहकार्य र साझा जिम्मेवारीमा आधारित ढङ्गले कार्यान्वयन गर्ने दृष्टिकोणलाई जनाउँछ। System approach ले एउटा सिद्धान्तको रूपमा मात्र नभई अवधारणात्मक ढाँचाको रूपमा कार्य गर्दछ (Meyer, १९८३)।

नीति तर्जुमामा Whole-of-System Approach को प्रयोगले समस्या समाधान अर्थात विकास आवश्यकता सम्बोधनमा एकीकृत, समावेशी र दीर्घकालीन प्रभाव सुनिश्चित गर्न मद्दत गर्छ। यसको प्रयोग खासगरी जटिल र अन्तरसम्बन्धित (complex and cross-sectoral) समस्याहरू समाधान गर्न उपयुक्त हुन्छ, जस्तैः गरिबी न्यूनीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन, आपतकालीन व्यवस्थापन, सुशासन र संस्थागत सुधारहरू आदिमा हुने गर्दछ। Whole-of-System Approach प्रयोग गर्दा प्रणालीगत सोच अर्थात System Thinking लाई आधार मान्ने गरिन्छ। यस अन्तर्गत नीतिगत समस्यालाई अलग-अलग घटकमा नभई, परस्पर सम्बन्धित कारण—परिणामहरू (cause and effect) को दृष्टिबाट बुझ्नु पर्दछ भन्ने मान्यता राखिन्छ जस्तैः कृषि नीति बनाउँदा सिँचाइ, बजार पहुँच, भूमि व्यवस्था, वातावरणीय असर र सामाजिक संरचनाको पनि विचार गर्ने। GESI नीति तर्जुमा गर्नु महिलासँग सम्बन्धित मन्त्रालयको मात्र भूमिका होइन, अन्य मन्त्रालय जस्तै शिक्षा, स्वास्थ्य, श्रम, गृह मन्त्रालयको पनि सक्रिय भूमिका आवश्यक हुन्छ। जलवायु नीति तर्जुमामा वातावरण मन्त्रालय मात्र होइन, ऊर्जा, कृषि, उद्योग, आर्थिक मामिला मन्त्रालय र स्थानीय तहको समेत सहकार्य अपरिहार्य हुन्छ। यसप्रकार Whole-of-System Approach नीति तर्जुमामा प्रयोग गर्दा समस्या—समाधानलाई एकल संस्था वा क्षेत्रको

जिम्मेवारीमा मात्र सीमित नराखी, सम्पूर्ण प्रणालीको समग्र उत्तरदायित्व र साझा प्रयासको रूपमा बुझिन्छ।

उपरोक्त तीनवटा दृष्टिकोणहरू मध्ये Whole-of-Government Approach समन्वयमा आधारित, Whole-of-System Approach रूपान्तरणमा आधारित एवम् Whole-of-Society Approach समावेशितामा आधारित हुन्छ। यि तीन वटालाई यसरी पनि तुलना गर्न सकिन्छ।

तालिका एकः नीति तर्जुमाका विभिन्न दृष्टिकोणहरूको तुलना

| Whole-of-Government Approach | Whole-of-System Approach | Whole-of-Society Approach |
|---|---|---|
| • सरकारभित्रका सबै निकाय, मन्त्रालय र विभागहरूबीच समन्वय र सहकार्य।<br>• नीति समन्वय, कार्यान्वयनमा दोहोरिन नदिने, स्रोतको साझा उपयोग।<br>• प्रयोगः नीति निर्माण, बजेट तर्जुमा, सेवा प्रवाह समन्वय। | • जटिल प्रणाली (शिक्षा, स्वास्थ्य, वातावरण आदि) मा संलग्न सबै actor को समन्वय।<br>• प्रणालीगत सुधार र रूपान्तरणको दृष्टिकोण।<br>• प्रयोगः संरचनागत सुधार, दिगो विकास। | • नागरिक, समुदाय, निजी क्षेत्र, मिडिया, महिला, युवा सबैको सहभागीता।<br>• समावेशी र उत्तरदायी नीति निर्माण।<br>• प्रयोगः सामाजिक न्याय, GESI, विपद् व्यवस्थापन। |

## (५) गण्डकी प्रदेशको सन्दर्भमा विकास नीति

भूगोल, संस्कृति, भाषा, आर्थिक पृष्ठभूमि र प्राकृतिक स्रोतका आधारमा प्रदेशहरूमा विविधता छ। यिनै पक्षहरूलाई आधार मान्दा पनि गण्डकी प्रदेशको विशिष्टता फरक छ। त्यसैले गण्डकी प्रदेशको विकास नीति निम्न आधारमा टेकेर तयार गर्नुपर्दछ जस्तैः (क) ग्रामीण - शहरी अन्तर घटाउने नीति; (ख) पर्यटन, कृषि, जलविद्युत र जैविक स्रोतमा आधारित अर्थतन्त्रको प्रवर्द्धन; (ग) सामाजिक समावेशिता र न्याय सुनिश्चित गर्ने नीति; (घ) महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत क्षेत्रको सशक्तीकरण; र (ङ) वातावरणमैत्री र जलवायु अनुकूलन नीति।

सशक्त स्थानीय सरकारहरू; सहकार्यमा आधारित सार्वजनिक-निजी साझेदारी; र प्रदेश स्तरीय विश्वविद्यालय, अनुसन्धान संस्था आदिलाई गण्डकी प्रदेशको क्षमताको रूपमा लिन सकिन्छ।

त्यस्तै गण्डकीमा उपलब्ध अवसरहरूमा मानव पूँजी (पढेलेखेका युवा, वैदेशिक अनुभव); संघीय प्रणालीले दिएको नीति निर्माणको स्वतन्त्रता; स्थानीय सरकारहरूसँग सहकार्य गर्ने संस्था र संयन्त्र; आन्तरिक स्रोत परिचालन र साझेदारी प्रवर्द्धन गर्ने अवसर; संघीय प्रणाली अन्तर्गत नीति निर्माणको स्वतन्त्रता आदि पर्दछन। त्यसैगरि पर्यटन विकास; जलविद्युत र हरित उर्जा; जैविक कृषि तथा वन्यजन्तु संरक्षण; लघु तथा घरेलु उद्यम; र अन्तर्राष्ट्रिय रेमिटयान्स/वैदेशिक रोजगारलाई सीप र लगानीमा रूपान्तरण आदि विषयहरू गण्डकी प्रदेशमा प्राथमिकतामा रहेका छन। अतः माथि चर्चा गरिएका आवश्यकता, सम्भाव्यता, क्षमता र अवसरलाई विचार गर्दा गण्डकी प्रदेशको सन्दर्भमा निम्न विशेषता भएको विकास नीति उपयुक्त हुन सक्दछः

(क) क्षेत्रीय सन्तुलनमा आधारितः दुर्गम क्षेत्र (उत्तरी हिमाली भूभाग), मध्यम पहाडी क्षेत्र र शहर केन्द्रित र तराई अर्थात नवलपुर बीचको विकास असन्तुलनलाई समाधान गर्ने नीति।

(ख) पर्यटन-केन्द्रित हरित अर्थतन्त्रः पर्यटनलाई रोजगारी, कृषि, संस्कृति र वातावरण संरक्षणसँग जोड्दै हरित, दिगो र स्थानीयलाई लाभ पुग्ने अर्थतन्त्र विकास गर्ने नीति।

(ग) कृषि र उद्यमशीलता प्रवर्द्धन गर्नेः कृषिमा प्रविधि, सिँचाइ, बजार पहुँचको सुनिश्चितता; युवा र विद्यार्थीलाई कृषि तथा घरेलु उद्यमतर्फ आकर्षित गर्ने खालको नीति।

(घ) मानव पूँजी विकासः शिक्षा, सीप विकास, प्रविधिमा पहुँच, स्वास्थ्य सेवाको सुधारजस्ता क्षेत्रमा केन्द्रित नीति।

(ङ) सहकार्य र साझेदारी आधारितः सरकारी, निजी, सामुदायिक र विकास साझेदारबीचको सहकार्यलाई प्रवर्द्धन गर्ने नीति।

प्रदेशको विकास नीतिमा उपरोक्त विशेषताहरूको समिश्रण गराउँदै गर्दा निम्न व्यवहारिक पक्षलाई पनि ध्यान दिनु पर्नेछः

(क) स्पष्ट लक्ष्य र कार्यान्वयन योजनाः नीति केवल अभिप्रेरणा नहोस्; यसमा स्पष्ट रणनीति, कार्ययोजना, जिम्मेवारी विभाजन र मापन संकेतकहरू (indicators) हुनुपर्दछ।

(ख) अन्तरसरकारी समन्वयः स्थानीय, प्रदेश र संघ सरकारबीच नीति समन्वय र स्रोतको तालमेल गर्नुपर्ने हुन्छ।

(ग) निगरानी र मूल्याङ्कन संयन्त्रः नीति कार्यान्वयनको प्रगति र प्रभाव मापन गर्न मापन प्रणाली आवश्यक हुन्छ।

(घ) लचिलोपन र अनुकूलनताः परिवर्तनशील परिस्थिति अनुसार नीति परिमार्जन गर्न सक्ने लचिलोपन हुनु आवश्यक छ।

सरकार विशेषका नीतिहरू अलग अलग हुँदाहुँदै पनि यसका उद्देश्यहरू भने सबैका समान हुन सक्दछन। सामान्यत नीतिका उद्देश्यहरूः दिगो र समावेशी आर्थिक वृद्धि सुनिश्चित गर्नु; मानव विकास सुचकाङ्कमा गुणात्मक सुधार गर्नु; पर्यटन र कृषि क्षेत्रको रूपान्तरण द्धारा रोजगारी सिर्जना गर्नु; स्थानीय स्तरमा पूर्वाधार तथा सेवा पहुँच वृद्धि गर्नु; वातावरणीय र जलवायु सम्वेदनशिल विकास गर्नु; सुशासन र नागरिक प्रतिको उत्तरदायित्व प्रवर्द्धन गर्नु आदि हुन।

## (६) निष्कर्ष

विकास नीति केवल कुनै एउटा दस्तावेजमात्र होइन। यो सपना, दिशा र प्रतिवद्धता हो। विकास नीति नागरिकका लागि न्याय एवम् सम्मानपूर्ण र समावेशी भविष्यको खाका हो। सरकारले निर्माण गर्ने विकास नीति जनजीविकामा प्रत्यक्ष प्रभाव पार्ने खालको, तथ्यमा आधारित, समावेशी र उत्तरदायी हुनु आवश्यक छ। गण्डकी प्रदेशमा हिमाल देखि तराई सम्मको भौगोलिक विविधता र सोहि खालको जातीय विविधता पनि भएकोले सबैका आवश्यकताको न्यायोचित सम्बोधनका लागि फरक फरक विकास दृष्टिकोण र सिद्धान्त अपनाउनु पर्नेछ। नेपालको संघीयता, प्रदेशहरूको विविधता, स्थानीय आवश्यकता, समावेशीता र दिगो विकासको लक्ष्यलाई ध्यानमा राख्दाः प्रदेश सरकारका आ-आफ्ना विषयक्षेत्रगत विकास नीति हुनु संघीय शासनको सार हो। किनभने संघीयता केवल अधिकारको बाँडफाँड मात्र नभई उत्तरदायित्वको संस्थागत अभ्यास पनि हो।

प्रत्येक प्रदेश एवम् स्थानीय तहमा आफ्नो सन्दर्भ अनुरूप विकास नीति आवश्यक छ। यसले शासनलाई जवाफदेही, न्यायपूर्ण र दिगो बनाउँछ। तर "कसैलाई पछि नछाड्ने" ढाँचाको सफलताका लागि सबै तहमा समावेशी नीतिहरूलाई विधेयकसँग जोड्ने वाध्यात्मक व्यवस्था७; आफ्ना प्राथमिकता अनुसार योजना रूपान्तरण गर्न सक्ने क्षमता; जाति, लिङ्ग र भौगोलिक आधारमा विकास अन्तराल सम्बन्धी तथ्याङ्क प्रणाली; र नीति चक्रलाई निरन्तरता दिन प्रतिवद्ध राजनीतिक नेतृत्व अर्थात राजनीतिक ईच्छाशक्ति आवश्यक पर्दछ।

[7] यस प्रयोजनका लागि संघीय संसदले तयार पारेको "संसदमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण र मानव अधिकारको प्रभाव विश्लेषण स्रोत पुस्तिका" उपयोगी हुन सक्दछ।

## सन्दर्भ सामग्री

DESA, (2020). Institutional Arrangements and Governance Capacities for Policy Coherence.

Gute, Gary (2020). Systems Theories and Approach.

LBMB, (2015). The Constitution of Nepal. Law Book Management Board, Kathmandu.

Meyer, C. H. (Ed.). (1983). Clinical social work in the eco-systems perspective. Columbia University Press. New York.

NPC (2023). Leave No One Behind National Framework for Government of Nepal. National Planning Commission of Nepal, Kathmandu.

Rijal YR, (2018). Local Government in Nepal. Bhrikuti Academic Publications, Kathmandu.

UN, (2015). Transforming our World: The Agenda for Sustainable Development. United Nations, New York.

# नेपालको अर्थव्यवस्थामा प्रतिविम्बत विश्व अर्थतन्त्रका बाछिटाहरु

टंक प्रसाद पाण्डेय[8]

## सार संक्षेप

खुला अर्थतन्त्र र विश्वव्यापीकरणको नीति अवलम्बनसँगै कुनै पनि मुलुकको आर्थिक विकास र समृद्धिमा विश्वव्यापी प्रभावहरु तुरुन्तै देखा पर्ने गर्दछन् । अन्तराष्ट्रिय रुपमा आउने सकारात्मक संकेतहरुले आन्तरिक अर्थतन्त्रमा सकारात्मक प्रतिफल र नकारात्मक संकेतहरुले नकारात्मक प्रतिफलहरु दिने गर्दछन् । विश्व अर्थव्यवस्थामा अहिले पनि तीन धारहरु रहेका छन्, समाजवादी अर्थव्यवस्था, पूँजिवादी अर्थव्यवस्था र मिश्रित अर्थव्यवस्था । तरपनि कुनै पनि मुलुकले नत पूर्ण समाजवादी अर्थव्यवस्था अगालेको छ न पूर्ण पुँजिवादी नै । विश्वको एक ठाँउको घटनाक्रमले अर्को कुनोमा बस्ने नागरिक वा उपभोक्ताको जनजीवनलाई प्रत्यक्ष प्रभाव पारिराखेको हुन्छ । तसर्थ, विश्व अर्थ प्रणालीलाई सकारात्मक र उत्पादनशील बनाउनका लागि विश्वव्यापी रुपमा समबुझाई र सह प्रयत्न हुन जरुरी छ ।

कूल राष्ट्रिय उत्पादन, कूल राष्ट्रिय आय, प्रतिव्यक्ति आम्दानी, लगानीको वातावरण निर्माण सहित लगानीमा हुने वृद्धि, रोजगारीमा वृद्धिका साथै नागरिकका आधारभूत आवश्यकता, जीवनस्तर, मानव विकास सूचकांक जस्ता विषयहरुमा आउने सकारात्मक परिवर्तनलाई आर्थिक विकासको रुपमा चित्रण गर्न सकिन्छ । बि.स. २०८३ सम्ममा नेपाललाई विकासशील राष्ट्र सूचीमा पुर्याई वि.स. २०८७ सालसम्म मुलुकको निरपेक्ष र बहुआयामिक गरिबीको प्रतिशत घटाउने, मध्यम आय स्तर भएको मुलुकमा स्तरोन्नति गर्ने र दिगो विकासका लक्ष्यहरु हासिल गर्दै वि. सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्याउने अन्तराष्ट्रिय प्रतिवद्धता तथा दीर्घकालीन राष्ट्रिय सोच रहेको छ । नेपालको समष्टिगत अर्थतन्त्रको वाधकका रुपमा रहेको गरिबी, पूर्वाधार विकासका लागि भौगोलिक जटिलता, आयातमा आधारित राजस्व प्रणाली, चुलिदै गएको व्यापार घाटा, वढ्दो खर्च र खुम्चिदो आर्थिक स्रोत, अनौपचारिक अर्थतन्त्रको दह्रो उपस्थिति, भ्रष्टाचार तथा आर्थिक अनियमितता

[8] प्रदेश सचिव, गण्डकी प्रदेश

जस्ता चुनौतीहरुलाई सम्बोधन गर्दै विश्व आर्थिक रंगमञ्च आर्थिक विकासका लागि दिगो र विश्वासिलो आधार निर्माण गर्दै गौरवपूर्ण उपस्थिति देखाउन ढिला भैसकेको छ । अर्थतन्त्रमा देखिएका चुनौतीहरुको सहज रुपमा सामना गर्नका लागि सुशासन सहित राजनैतिक स्थायित्व, वित्तीय संघीयताको कुशल कार्यान्वयन, आन्तरिक र बाह्य लगानी प्रवर्द्धनमार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, निजी क्षेत्रको क्षमता विकास, आधुनिक र पर्यावरणमैत्री पूर्वाधार विकास, सामाजिक क्षेत्रमा सुधारका साथै शासकीय सुधार समेतलाई अन्तरआवद्ध गरी अगाडि वढाउन अपरिहार्य छ ।

## विश्व अर्थतन्त्रका पछिल्ला संकेतहरु

पछिल्लो समयमा विश्वमा शितयुद्धको अन्त्य भएतापनि आणविक शक्ति र व्यापारको अस्वस्थ्य प्रतिस्पर्धाको होडमा शक्ति राष्ट्रहरु रहेका छन् । पेट्रोलियम पदार्थ, सूचना प्रविधि र हातहतियारको व्यापारका लागि अन्तरद्धन्दहरु चलि नै रहेका छन् । पछिल्लो दशकमा संयुक्त राष्ट्र संघीय संस्थाहरुको प्रभावकारितामा कमी आएको महशुस हुन थालेको छ भने क्षेत्रीय संगठनका रुपमा स्थापित संस्थाहरुले समेत आफ्नो स्थापनाको औचित्यता गुमाउदै गएको अनुभूति गरिएको छ । रुस युक्रेन तथा मध्यपूर्वको युद्ध, विश्व रंगमञ्चमा देखिएको भूराजनीतिक तनाव, व्यापारिक सम्बन्धको उतार चढाव लगायतका कारणले विश्वका अधिकांश मुलुकहरुको अर्थतन्त्र प्रत्यक्ष प्रभावित बनि राखेको छ । विश्वव्यापी रुपमा देखापरेका आन्तरिक तथा बाह्य द्धन्दका कारण समग्र आपूर्ति श्रृंखला खलबलिँदा खाद्य सङ्कट, ऊर्जा तथा पेट्रोलियम संकट लगायतको सामना गरिरहन परेको अवस्था छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र आपूर्ति प्रणालीमा देखिएको व्यवधान लगायतका कारण मुद्रास्फीति उच्च रहन गएको अवस्थामा ब्याजदर समेतको बढोत्तरीले विश्व अर्थतन्त्रको वृद्धिदर सुस्त देखिएको छ । कोभिड-१९ महामारीका कारण सिर्जित समस्याको निराकरण हुन नपाउँदै रूस-युक्रेन युद्ध, ईजरायल-हमास युद्ध र पछिल्लो समय इजरायल-अमेरिका-इरान तनावका बाछिटा विश्व अर्थतन्त्रमा देखिन थालेका छन् ।

व्यापारमा चुलिंदो तनाव र नीति सम्बन्धी अन्योलताका कारण विश्व बैंकले विश्व अर्थतन्त्रको वृद्धिदरसम्बन्धी प्रक्षेपणमा फेरि कटौती गरेको छ । विश्व आर्थिक दृष्टिकोण प्रतिवेदनमार्फत

बैंकले विश्वका झण्डै ७० प्रतिशत अर्थतन्त्रहरूमा चालू अस्थिरताको असरले वृद्धिदर घटाउने देखिएको जनाएको छ । विश्व बैंकका अनुसार सन् २०२५ को विश्व आर्थिक वृद्धिदर २.८ प्रतिशतमा सीमित रहनेछ। विकसित अर्थतन्त्रहरूमा आगामी वर्ष १.२ प्रतिशत मात्रै वृद्धि हुने देखिएको छ, जुन अघिल्लो अनुमानभन्दा थोरै कम हो । संयुक्त राज्य अमेरिकाको वृद्धिदर सन् २०२५ मा १.४ प्रतिशतमा सीमित रहने अनुमान गरिएको छ, जुन सन् २०२४ को २.८ प्रतिशत वृद्धिको तुलनामा आधा मात्र हो । युरोप र जापानको वृद्धिदर पनि ०.७ प्रतिशतमा सीमित हुने देखिएको छ । चीनको वृद्धि दर भने अघिल्ला अनुमान अनुसार यथावत् राखिएको छ । उदाउँदा तथा विकासशील बजारहरूको वृद्धिदर सन् २०२५ मा ३.८ प्रतिशतमा सीमित हुने देखिएको छ, जुन पहिलेको प्रक्षेपणभन्दा ०.३ प्रतिशत कम हो । एशिया बाहेकका क्षेत्रहरूमा विकासको गति सुस्त बन्दै गइरहेको छ, जसले गरिबी न्यूनीकरण र सामाजिक विकासका लक्ष्यमा थप चुनौती उत्पन्न गर्न सक्छ । विकासशील मुलुकहरूमा लगानीको दर न्यून रहेको र ऋणको भार उच्च रहँदा आय असमानता बढ्न सक्ने जोखिमको अनुमान गरिएको छ ।

अधिकांश देशका केन्द्रीय बैङ्कहरूले सन् २०२२ को सुरुदेखि अवलम्बन गर्दै आएको कसिलो मौद्रिक नीतिको कार्यदिशालाई सन् २०२५ मा आइपुग्दा पनि कायमै राखेका छन् । विकसित मुलुकहरूले अवलम्बन गरेको कसिलो मौद्रिक नीतिको प्रभाव वित्तीय बजारमा पर्न नदिन उदीयमान मुलुकहरूले समेत कसिलो मौद्रिक नीति अपनाए । चर्को ब्याजदर र कर्जा विस्तारमा सङ्कुचनको अवस्था अधिकांश मुलुकका बैक तथा वित्तीय संस्थामा देखियो । पछिल्लो समयमा उपभोक्ता बजारमा चर्को मूल्य वृद्धि र उपभोक्ता खपतमा ह्रासको अनुभूति महशुस गर्न थालिएको छ ।

सूचना प्रविधिको विकाससँगै कृत्रिम बौद्धिकता (एआई) को प्रार्दुभाव, प्रयोग र त्यसको परिणाममाथिको वहश विश्वभर हुन थालेको छ । सन् २०२२ को अन्त्यतिर च्याटजिपिटी आएपछि यसले पनि आफ्नो बजार स्थापित गरिरहेको छ । हाल ओपनएआई च्याट जिपिटी, गुगल च्याटबट, क्यारेक्टर डट एआई, क्विलवोट, मिडजर्नी, हगिङ फेस, बार्ड, नोभेल एआई, क्यापकट लगायतका एआई सम्बन्धित प्रविधिहरु प्रयोगमा रहेका छन् । विद्युतीय

उपकरण अर्थात् यन्त्र प्रविधिले मानिस जसरी सोच्न सक्ने र निर्णय लिन सक्ने क्षमतासहित बनाइएको एआईको प्रयोगका कारण विभिन्न पेशामा पार्न सक्ने असरको पक्ष एकातिर छ भने अर्कोतिर यसको दुरुपयोगको सम्भावना बारे पनि विश्वभर बहस चलिरहेको छ । एआईका कारण विश्वमा भारी मात्रामा रोजगारी कटौती हुन गई बेरोजगारी समस्या विकराल बन्ने संशय पनि उत्तिकै हुन थालेकोतर्फ पनि ध्यान दिनु पर्ने अवस्था सिर्जना भएको छ ।

सन् २०२५ आइपुग्दा विश्व बजारमा सुनको मूल्य निरन्तर वृद्धि भई हालसम्मकै उच्च विन्दुमा पुगेको छ । सन् २०२५ जुनमा विश्व बजारमा सुनको मूल्य प्रतिऔंस अमेरिकी डलर तीन हजार चार सय पन्ध्र पुगेको छ । भूराजनीतिक अस्थिरता र अमेरिकी डलरको भाउ समेत वढ्दै गएको अवस्थामा सुनको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको हो । त्यस्तै, केन्द्रीय बैङ्कहरूले आफ्नो भुक्तानी पर्याप्तता (रिजर्भ) बलियो पार्न बैङ्क नोटको सट्टा सुनलाई जम्मा गर्न थालेका कारण पनि मूल्य बढेको अनुमान गरिएको छ । विश्व औद्योगिक क्षेत्रबाट कामदार तथा कर्मचारी कटौतीले विश्व श्रम बजारलाई प्रभावित गरेको छ । यसका कारण बेरोजगारी संख्या वढ्न पुगेको छ, जसका कारण गरिबीको संख्या बढाउनमा समेत सहयोग पुगेको छ । बहुराष्ट्रिय कम्पनीहरुमा गरिएको कर्मचारी कटौतीको मुख्य कारणका रुपमा विश्व अर्थव्यवस्थामा देखिएको सिथिलता, नवीनतम प्रविधिहरुको वढ्दो प्रयोग र आर्टिफिसियल इन्टेलिजेन्स समेतलाई लिन सकिन्छ ।

विश्व बैङ्कले आफ्नो समीक्षामा सन् २०२४ लाई असमानताको वर्ष भनेको थियो । जलवायु परिवर्तन, युद्ध, खाद्य असुरक्षा लगायतका कारण कोभिड महामारीको समयमा भन्दा पनि खराब स्थितिको सामना गर्नु परेको उल्लेख गरिएको छ । विश्व बैङ्कका अनुसार अहिले विश्वभर करिब ७० करोड मानिसले चरम गरिबीको सामना गरिरहेका छन् । त्यस्तै, करिब साढे १८ करोड मानिस अर्थात् विश्वको कुल जनसङ्ख्याको २.३ प्रतिशत शरणार्थी र आप्रवासीका रूपमा बसिरहेका छन् । धनी र गरिब बीचको खाडल यस वर्ष थप गहिरिएको विश्व बैङ्कको निष्कर्ष रहेको छ ।

सन् २०२२ फेब्रुअरीदेखि चलिरहेको रुस–युक्रेन युद्धका बाछिटा विश्व अर्थतन्त्रमा गम्भीर रूपमा देखिइरहेका बेला  इजराइल–हमास युद्ध शुरु भएपछि विश्व अर्थतन्त्र, व्यापार र आपूर्ति प्रणाली थप अस्तव्यस्त भएको छ । युक्रेन–रुस युद्धको तेस्रो वर्षमा द्वन्द्व अझै तीव्र बन्यो, र दुवै पक्षले ठूलो क्षति व्यहोर्नुपऱ्यो । मध्य पूर्वी देशको विवाद पनि उत्कर्षमा रह्यो, जसका कारण पेट्रोलियम र खाद्य पदार्थको बजार सबैभन्दा बढी प्रभावित हुन पुग्यो भने सहज आपूर्ति हुन नसक्दा मूल्यवृद्धि समेत आकाशिन पुग्यो । विश्वको सबैभन्दा ठूलो चामल निर्यातक देश भारतले समेत निर्यात प्रतिबन्धको घोषणा गर्ने स्थिति देखा पर्यो । भारतले यस्तो निर्णय लिनुको मुख्य कारण भूराजनीतिक अस्थिरताका कारण बढ्दो खाद्य सङ्कटलाई मानिएको छ । कच्चा तेलको उच्च मूल्यवृद्धिको प्रत्यक्ष असर बजार मूल्यमा पर्नाले अहिले विश्वव्यापी रूपमा नै मुद्रास्फीतिको दर बढ्दै गएको छ । भारत र पाकिस्तान बीच युद्धको अवस्था हालका लागि टरेको देखिएतापनि कतिबेला भड्किने हो भन्ने जोखिम यथावत नै रहेको सन्दर्भ समेतका विविध कारणले विश्व अर्थतन्त्र आक्रान्त बनेको छ । फलस्वरूप श्रीलंका, पाकिस्तानजस्ता एशियाली देशहरूमा मात्र होइन, यूरोपदेखि अमेरिकासम्मका मुलुकहरूमा आर्थिक कारोबारमा शिथिलता देखिएका छन् । त्यहाँका कतिपय व्यावसायिक प्रतिष्ठानहरू मात्र होइन, बैंकहरू समेत डुब्न पुगे भने हालै मात्र चीनमा समेत यसका असरहरू देखिन थालेको छ । विश्व अर्थतन्त्रमा देखिएका यस्ता शिथिलताबाट नेपाल पनि प्रभावित भएको छ । विभिन्न अन्तराष्ट्रिय संस्थाहरुले आर्थिक दृष्टिले सन् २०२५ सुखद रहने प्रक्षेपण गरेको सन्दर्भमा विश्वमा वर्तमानमा देखा परेका आर्थिक र वित्तीय संकटहरू बिस्तारै समाधान हुँदै जाने सुखद अपेक्षा गर्न सकिन्छ ।

सन् २०२४ मा भएका विभिन्न साइबर हमलाले विश्वभरका धेरै वटा संस्था र महत्त्वपूर्ण सेवा प्रवाहमा अवरोध सिर्जना भयो । २०२४ जनवरीमा अमेरिकाको लोन डिपो कम्पनीमा ऱ्यान्समवेयरु आक्रमण हुँदा उक्त कम्पनीको एक करोड ६० लाख भन्दा बढी ग्राहकको व्यक्तिगत जानकारी चोर्नुका साथै कम्पनीलाई करिब दुई लाख सत्तरी हजार अमेरिकी डलर बराबरको घाटा    लाग्यो । चिनियाँ ह्याकरहरूको समूह ‘भोल्ट टाईफुन’ ले अमेरिकाको ऊर्जा, पेट्रोलियम पाइपलाईनजस्ता महत्त्वपूर्ण पूर्वाधार परियोजनामा साइबर आक्रमण गरे । अमेरिकाको ‘चेन्ज हेल्थ केयर’ आक्रमण, अस्ट्रेलियाको ‘मेडि सेक्युअर’

डाटा चोरी, बेलायतको 'एनएचएस' आक्रमण, स्नोफ्लेक आक्रमणलगायतका घटनाले साइबर सुरक्षाको क्षेत्रलाई तरङ्गित बनायो । सन् २०२४ मा राजनीति, जलवायु, युद्ध, सूचना प्रविधिलगायतका क्षेत्रमा महत्त्वपूर्ण घटना घटे । अमेरिकी राष्ट्रपतीय चुनावमा डोनाल्ड ट्रम्पले पुनरागमन गर्दै विश्व राजनीतिमा ठूला बदलावको संकेत दिए । उनको 'अमेरिका फर्स्ट' नीतिले अन्तर्राष्ट्रिय सम्बन्ध कसरी अघि बढ्छ भन्नेबारे विभिन्न अड्कलबाजी भइरहेका छन् ।

## विश्व अर्थतन्त्रको सेरोफेरोमा नेपालको आर्थिक अवस्थाको चित्रण

**अर्थतन्त्रको आकारका दृष्टिले सन् २०२३ को अर्थतन्त्रको आकारमा नेपाल विश्वका १९४ मुलुकमध्ये ९८ औं र प्रतिव्यक्ति आयका दृष्टिले १६६ औं स्थानमा छ ।** नेपालको अर्थतन्त्र संसारका सानामध्येको एक र प्रतिव्यक्ति आय (१४५६ अमेरिकी डलर) कमजोर मध्येको मान्न सकिन्छ । सन् २०२४ मा नेपालको आर्थिक वृद्धि ३.१ प्रतिशत रहेकोमा सन् २०२५ मा ४.० प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । सन् २०२५ मा नेपालको मुद्रास्फिति ४.९ प्रतिशतमा सीमित रहने अनुमान गरिएको छ । विश्व बैंकले सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट : अन्तर्राष्ट्रिय आप्रवासन र नेपालमा यसको प्रभाव' विषयक प्रतिवेदनले यस वर्ष आर्थिक वृद्धिदरमा सुधार आउने प्रक्षेपण गरेको हो । गत वर्षको तुलनामा यस वर्ष उच्च पर्यटक आगमन, जलविद्युत् र धान उत्पादनको वृद्धिले आर्थिक वृद्धिको सुधारमा सहयोग पुर्याउने अपेक्षा गरिएको छ । केन्द्रीय बैंकको लचक मौद्रिक नीति र नियामकीय प्रावधानमा गरिएको सहजीकरणका कारण नेपालको आर्थिक वृद्धिमा निजी क्षेत्रको महत्त्वपूर्ण योगदान रहने अनुमान गरिएको छ ।

फिट्ज रेटिङ्ग्स लिमिटेड विज्ञ समुहले गरेको अध्ययन प्रतिवेदन सार्वभौम क्रेडिट रेटिङ् २०२४ अनुसार नेपालले बीबी माइनस अंक प्राप्त गरी नेपाल लगानीका लागि अनुकूल गन्तव्य रहेको संकेत दिएको छ । यस प्रतिवेदनबाट नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्त परिचालन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था लगानी मैत्री र उन्नत रहेको पुष्टी भएको छ । जुन नेपालको समग्र आर्थिक विकासको रुपान्तरणका लागि सुखद र सकारात्मक प्रारम्भ हो भन्न सकिन्छ । हालै अमेरिकामा सम्पन्न राष्ट्रपति

निवार्चनको नतिजापछि विश्व शान्ति र आर्थिक समृद्धिमा सुखद संकेतहरुको अनुमान गर्न थालिएको छ । रुस युक्रेन तथा मध्यपूर्वमा चलेको युद्धको अन्त्य हुन सक्यो भने विश्व शान्तिको निर्माण, विकास र समृद्धिका लागि कोशेढुंगा सावित हुने छ । युद्ध र हातहतियारमा खर्चिने ठूलो धनराशीलाई नवनिर्माण र गरिबी निवारणमा खर्चिन सक्ने वातावरण सिर्जना गर्न सकियो भने विश्वको आर्थिक रुपान्तरणमा ठूलो उपलब्धी भएको मान्न सकिनेछ । गरिबी, असमानता, आन्तरिक वा अन्तरराज्य द्धन्द, विपद् तथा महामारी, जलवायु परिवर्तनका कारण सिर्जित प्रभाव जस्ता विश्वव्यापी चुनौतीहरुलाई सामना गर्नका लागि विश्वव्यापी रुपमै हातेमालो र सहकार्यको आवश्यकता छ ।

विश्व अर्थतन्त्रका वाछिटाहरुले नेपालको विकास प्रयास तथा अर्थतन्त्रमा कुनै न कुनै रूपमा असर त पार्ने छ नै, तर त्योभन्दा महत्वपूर्ण विषय नेपालको आन्तरिक कारणले नेपालको अर्थतन्त्रमा थप निराशाजनक संकेतहरु देखिएका छन् । त्यसमा बाह्य प्रभाव पनि थपिएपछि नेपालको अर्थतन्त्रमा देखिएका जोखिम संकेतहरु झनै गहिरिने अनुमान गर्न सकिन्छ । उपभोक्ताबाट सिर्जना हुने मागमा आएको कमीका साथसाथै लगानीको वातावरण नहुदा बैकमा पैसा थुप्रिएको अवस्था छ भने कर्जा माग बढ्न सकेको छैन । राजस्व संकलन र विकास खर्चमा चालु आर्थिक वर्ष २०८१।८२ को अन्तिम त्रैमासिकमा आइपुग्दा केही सकारात्मक संकेतहरु देखिएतापनि संतोष मान्न सकिने अवस्था छैन । निर्माण सामग्री उत्पादन गर्ने सिमेन्ट, फलामे छड लगायतका महत्वपूर्ण उद्योगहरू संकटमा रहेका छन् । तर, अर्थतन्त्रका केही आन्तरिक सूचकहरु छाडेर बाह्य सूचकहरुको अध्ययन विश्लेषण गर्दा आर्थिक संकट नै वेहोर्नु पर्ने गरी जोखिमयुक्त अवस्था सिर्जना भैसकेको छैन । उचित समयमा सकारात्मक र सिर्जनशील सावधानी अपानाई समन्वात्मक रुपमा अगाडि वढ्न सकिएमा अर्थतन्त्रमा सकारात्मक संकेतहरु देखा पर्न धेरै समय लाग्दैन ।

## नेपालको अर्थतन्त्रको संरचनागत विश्लेषण

### १. वास्तविक क्षेत्र

विगत तीन दशकमा मुलुकको आर्थिक वृद्धिदर औसत ४.३ प्रतिशत मात्र रहेको देखिन्छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व र उद्योग क्षेत्रको योगदान

अपेक्षाकृत रुपमा सकारात्मक नहुदा मुलुकको समग्र आर्थिक वृद्धिमा सुस्तता देखियो । कृषिमा संलग्न परिवार संख्या ६२ प्रतिशत रहदा कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.०९ प्रतिशत मात्र रहेको देखिन्छ । आर्थिक वर्ष २०८०।८१ मा नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत रहेको अनुमान छ । उक्त आर्थिक वर्षमा कूल गार्हस्थ उत्पादनमा कृषि र गैर कृषि क्षेत्रको योगदान क्रमश: २४.१ प्रतिशत र ७५.९ प्रतिशत रहेको अनुमान छ । नेपालको प्रतिव्यक्ति आय १४५६ अमेरिकी डलर पुगेको अनुमान छ । उपभोगमा आधारित अर्थतन्त्र र आयातमा आधारित राजस्व प्रणालीले दिगो आर्थिक विकासका लागि आवश्यक आधारहरु स्थापित गर्न सकिएको छैन ।

## २. सरकारी वित्त

विगतका वर्षहरुमा बजेटको आकार अस्वभाविक रुपमा तन्काउदै जादा नेपालको संघीय बजेट प्रणाली नै अस्वभाविक र पूर्ण रुपमा कार्यान्वयन गर्न नसकिने जटिल मोडमा पुगेको छ । आर्थिक वर्ष २०८०।८१ मा कूल राजस्व १० खर्ब ५८ अर्ब ९० करोड संकलन भएको छ, जुन गतवर्षको तुलनामा १०.६ प्रतिशतले वढी हो । कूल राजस्व संकलनतर्फ सरकारले राखेको वार्षिक लक्ष्य १४ खर्ब २२ अर्ब ५४ करोडको ७६.१५ प्रतिशत मात्र प्रगति हासिल भएको छ । पछिल्ला वर्षहरुमा पूँजिगत खर्च क्षमतामा समेत ह्रास आएको छ । राजस्वमा सङ्कुचन आएसँगै बैदशिक सहायता परिचालन पनि अपेक्षित रुपमा हुन नसक्दा सरकारमाथि स्रोतको दवाव सिर्जना हुन पुगेको छ । विगतका वर्षहरुमा राज्यकोषको वेवास्ता गरि दिइएका स्रोत सुनिश्चतता र सार्वजनिक ऋणको साँवाव्याज भुक्तानीको दायित्व वढ्दै गएको वास्तविक अवस्थाले सरकारको आम्दानी र खर्चका बीचमा ठूलो असन्तुलन सिर्जना हुन पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा सार्वजनिक ऋणको हिस्सा करिब ४४ प्रतिशत पुगेको छ । सार्वजनिक ऋणको उपयोग पुँजी निर्माण र उत्पादकत्व अभिवृद्धि गर्ने परियोजनाहरुमा हुन नसक्दा मुलुकको आर्थिक विकासमा यसले सकारात्मक प्रभाव दिन सकेको देखिदैन । तहगत सरकारहरुमा गरिएको वित्तीय स्रोतहरुको विभाजन र मुलुकको समष्टिगत विकासमा त्यसले पारेको प्रभावको

गहिरो समीक्षा गर्ने समय आएको छ । वित्तीय हस्तान्तरण, भूकम्पपछिको पुनर्निर्माण, बर्षेनी वढ्दो प्राकृतिक विपत्ति तथा सामाजिक सुरक्षा भत्ताका नाममा सिर्जित अनिवार्य दायित्वका कारण सरकारको व्ययभार वढ्न गएको छ । राज्यले गरेको लगानीबाट आम नागरिक लाभान्वित हुने अवस्था सिर्जना भयो भएन ? हामिले अवलम्बन गरेको राजनैतिक प्रणालीले आम नागरिकको जनजीविका र मुलुकको समग्र समृद्धिमा रुपान्तरण ल्याउन सक्यो सकेन ? संविधान कार्यान्वयनका दश वर्षको गहन विश्लेषण गरी आगामी कार्यदिशा तय गर्नु पर्ने गहन जिम्मेवारी वर्तमान राजनैतिक नेतृत्वका सामु आएको छ ।

## ३. मौद्रिक तथा वित्तीय क्षेत्र र पुँजी बजार

पन्ध्रौ योजनाको कार्यान्वयन अवधिमा कोभिड १९ को महामारी लगायत अन्य आन्तरिक तथा बाह्य प्रभावहरुका कारण आपूर्ति श्रृंखला अवरुद्ध हुदा मुद्रास्फीति अपेक्षा गरिएभन्दा केही वढ्न गएको देखिन्छ । २०८१ असार मसान्तमा आइपुग्दा बैक तथा वित्तीय संस्थाहरुको शाखा ११५५६ रहेका छन् । बैक तथा बित्तीय संस्थाको संख्या र कुल जनसंख्याको अनुपात करिब २५०० कायम भएको देखिन्छ । वित्तीय क्षेत्रमा गैरबैकिंग वित्तीय संस्थाहरुको योगदान समेत वृद्धि हुदै गएको छ । २०८१ असार मसान्तसम्म कुल जनसंख्याको ४३.२७ प्रतिशत जनसंख्या बीमाको दायरामा आएको देखिन्छ । पुँजी बजारतर्फ आर्थिक वर्ष २०८१।८२ को शुरुमा देखिएको उत्साह लामो समयसम्म टिक्न सकेन । २०८० असार मसान्तसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत कम्पनीको संख्या २५४ कायम रही बजार पुँजीकरण रु ३०८२ अर्ब ५२ करोड पुगेको देखिन्छ । बैक तथा वित्तीय संस्थाहरुको संख्या र पहुँच वृद्धि हुदै जादा अनौपचारिक अर्थतन्त्रको हिस्सा वढ्दै जानु पक्कै पनि सुखद र अपेक्षित होइन, यसका कारणहरु पहिल्याउन ढिला गर्नु हुदैन । बैंकिग क्षेत्रमा तरलता वढ्दै जानु, सहकारी तथा केही वित्तीय संस्थाहरुको जोखिम सूचक वढ्दै जानु, पुँजी बजार निराशाजनक अवस्थामा पुग्नु र बैक तथा वित्तीय संस्थाहरुबाट वितरित कर्जा तथा व्याज समयमा भुक्तान हुन नसक्ने अवस्था समेतबाट समग्र मुद्रा तथा पुँजी बजार प्रभावित बनेको छ ।

## ४. बाह्य क्षेत्र

विगतका बर्षहरुदेखिको व्यापार घाटाको वृद्धिदरमा कोभिड पछिको समयमा केही कमी आएतापनि समग्र व्यापारको आयतनमा समेत संकुचन देखिएको छ । आर्थिक वर्ष २०८०।८१ मा वस्तु व्यापार घाटा १४ खर्ब ४० अर्ब ६० करोड रहेको छ । वस्तु व्यापारको स्थिति विश्लेषण गर्दा वस्तु पैठारी प्राय वढ्दै गएको देखिन्छ भने चालु आर्थिक वर्ष २०८१।८२ मा निर्याततर्फ केही सकारात्मक संकेत देखिएतापनि त्यसलाई दिगो बनाउने चुनौती विद्यमान छ । सेवा व्यापारतर्फ सबैभन्दा ठूलो हिस्सा ओगट्ने भ्रमण आय आर्थिक वर्ष २०८०।८१ मा ८२ अर्ब ३३ करोड पुगेको छ भने भ्रमण व्यय (शिक्षा व्यय समेत) तर्फ ३१.१ प्रतिशतले वृद्धि भई १ खर्ब ८९ अर्ब ४३ करोड भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०।८१ मा विप्रेषण आप्रवाह १४ खर्ब ५४ अर्ब ३२ करोड (१० अर्ब ८६ करोड अमेरिकी डलर) पुगेको छ । जुन गतवर्षको तुलनामा १६.५ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्ष २०८१।८२ मा विप्रेषण आयले नयाँ रेकर्ड राख्ने संकेत देखिएको छ । नेपाल जीवनस्तर सर्वेक्षण २०७९।८० अनुसार ७६.८ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेका छन् । २०८२ बैशाख मसान्तसम्ममा विदेशी विनिमय सञ्चिति **२५ खर्ब २१ अर्ब** पुगेको छ । **आर्थिक वर्ष २०८०।८१ मा बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने कामदारको संख्या ७ लाख ४१ हजार २९७ जना रहेको छ** । आर्थिक वर्ष २०८०।८१ मा वैदेशिक लगानी आप्रवाह ६.२ प्रतिशतले वढेर ८ अर्ब ४७ करोड पुगेको छ । २०८१ असार मसान्तसम्म रु ३ खर्ब भन्दा वढी कूल बैदेशिक लगानी मुलुकमा भित्रिएको छ । विदेशी लगानी समेत अपेक्षित रुपमा भित्रिन नसकेको यथार्थतालाई स्वीकार गर्नु पर्ने अवस्था छ ।

## ५. निजी तथा गैरसरकारी क्षेत्र

मुलुकले खुला अर्थतन्त्रको नीति अवलम्बन गरेसँगै निजी तथा गैरसरकारी क्षेत्रको भूमिका विस्तार हुदै गएको छ । उत्पादन, व्यापार, रोजगारी, आपूर्ति, निर्माण, सेवा लगायतका क्षेत्रहरुमा निजी तथा गैरसरकारी क्षेत्रको महत्वपूर्ण सहभागिता देखिएको

छ । आर्थिक वर्ष २०८०।८१ मा अन्तिम उपभोग खर्चको ९१.३ प्रतिशत अंश निजी उपभोगमा रहेको छ भने गैरसरकारी संस्थाको हिस्सा २ प्रतिशत रहेको छ । कुल स्थिर पुँजीनिर्माणमा निजी क्षेत्रको हिस्सा ६५.७ प्रतिशत रहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय सहित कुल ५१ हजार ५१३ गैरसरकारी संस्थाहरु क्रियाशील रहेका छन् । निजी क्षेत्र नाफामुखी र गैरसरकारी क्षेत्र दातामुखी हुदा यी क्षेत्रबाट मुलुकको अर्थतन्त्रले अपेक्षाकृत रुपमा फाइदा लिन नसकेको महशुस गरिएको छ ।

## ६. अनौपचारिक तथा अलेखांकित अर्थतन्त्र

नेपालको अर्थतन्त्रमा अनौपचारिक र अलेखांकित क्षेत्रको हिस्सा उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ । अनौपचारिक क्रियाकलाप र अवैध कारोवारले अनौपचारिक अर्थतन्त्रलाई कुनै न कुनै प्रकारले प्रोत्साहित गरिराखेको अवस्था छ । कतिपय पारिवारिक रुपमा सञ्चालित आयआर्जनका क्रियाकलापहरुलाई अभिलेखांकित गर्न सकिएको छैन । सबै आर्थिक कारोवारहरु करको दायरामा ल्याउन नसकिदा एकातर्फ राज्यको राजस्वको स्रोतमा संकुचन आएको छ भने अर्कोतर्फ अस्वस्थ्य व्यापारिक प्रतिस्पर्धा समेत वढेको छ । श्रम क्षेत्रमा समेत अनौपचारिक श्रम र रोजगारीको अंश उल्लेख्य रहेको छ । नेपाल श्रम शक्ति सर्वेक्षण २०७४।७५ अनुसार पन्ध्र वर्षमाथिको श्रमशक्तिको १५.४ प्रतिशतले मात्र औपचारिक रोजगारी प्राप्त गरेका छन् । कुल रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३७.८ प्रतिशत रहेको छ । उद्यमशीलताको खस्किदो स्थिति र बेरोजगारीले समग्रमा गरिबी र असमानता वढाएको छ ।

## ७. सहकारी क्षेत्र

ससाना श्रम सीप र पुँजीलाई एकीकृत रुपमा परिचालन गरी मुलुकको अर्थतन्त्रमा टेवा पुर्याउने उद्देश्यले सहकारी क्षेत्रको विकासमा राज्यले जोड दिएको हो । सार्वजनिक र निजी क्षेत्रसँगै सहकारी क्षेत्रले मुलुकको अर्थतन्त्रलाई क्रियाशील पनि

बनाएको छ । २०८० असारमसान्तसम्म कुल ३१ हजार ५०० सहकारी सञ्चालनमा रहेको देखिन्छ । जसमा करिब ७३ लाख संख्यामा सदस्यहरु आवद्ध भएका छन् । कुल सदस्यमा महिलाको हिस्सा ५६ प्रतिशत रहेको छ । यस्ता सहकारीहरुमा ९४ अर्ब शेयर पुँजी परिचालन र करिब ५ खर्ब निक्षेप सङ्कलन तथा ४ खर्ब ५० अर्ब कर्जा प्रवाह भएको अनुमान छ । यसरी स्थापना भएका सहकारीहरु उद्देश्य विपरित आफ्ना गतिविधिहरु सञ्चालन, अपारदर्शिता, पारिवारिक घेरामा सीमितता र आर्थिक विचलन लगायतका कारण समग्र सहकारी क्षेत्र नै अस्तित्व संरक्षणको जटील मोडमा पुगेको अवस्था छ ।

## ८. सार्वजनिक संस्थानहरु

२०८१ असार मसान्तमा ४५ सार्वजनिक संस्थानहरु अस्तित्वमा रहेका देखिन्छन् । सञ्चालनमा रहेका ४३ सार्वजनिक संस्थानहरुमध्ये २८ वटा नाफामा र १५ वटा सार्वजनिक संस्थान घाटामा रहेका छन् । २०८१ असार मसान्तमा आइपुग्दा यस्ता संस्थानहरुमा नेपाल सरकारको कुल ७ खर्ब ४ अर्ब लगानी भएको छ । आर्थिक वर्ष २०८०।८१ मा सार्वजनिक संस्थानबाट नेपाल सरकारलाई ८ अर्ब ८३ करोड लाभांश प्राप्त भएको छ भने करिब ३५ हजार रोजगारी सिर्जना भएको छ । नेपालमा सार्वजनिक संस्थानहरु सम्बन्धमा दिगो राष्ट्रिय सोच र नीतिको अभावमा मुलुकको अर्थतन्त्रले यसबाट अपेक्षित लाभ लिन नसकिरहेको अवस्था छ । सार्वजनिक संस्थाहरुको आवश्यकता र सान्दर्भिकताका सम्बन्धमा राजनैतिक दलहरुका बीचमा साझा राष्ट्रिय सोचको निर्माण हुन जरुरी छ । नेपालले अवलम्बन गरेको खुला अर्थव्यवस्था, विश्वव्यापीकरण, संघीय प्रणाली र बदलिदो विश्व अर्थतन्त्रको चरित्रका आधारमा समेत नेपालका सार्वजनिक संस्थानहरुको पुनर्संरचना गर्न ढिला भैसकेको छ ।

# नेपाली अर्थतन्त्रका केही चुनौतीहरु

१. उच्च र दिगो आर्थिक वृद्धि कायम गरी मुलुकको समष्टिगत आर्थिक रुपान्तरण : स्वदेशी तथा विदेशी पुँजी र प्रविधिको उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, उच्च दिगो र समावेशी आर्थिक वृद्धिमा जोड दिने, निजी तथा सहकारी क्षेत्रको सहभागिता/सहकार्यमा पुँजी, श्रम र प्रविधिको संयोजन गरी उत्पादकत्व वृद्धिमा जोड दिने, उपलब्ध स्रोत साधनको विवेकशील उपयोग गर्दै वेरोजगारी समस्या समाधान गर्ने र जनसांख्यिक लाभको पूर्ण उपयोगमा जोड दिदै सूचना प्रविधिको क्षेत्रमा आएका नवीनतम औजारहरुको प्रयोगमार्फत प्रतिस्पर्धी अर्थतन्त्रको विकास गर्नु चुनौतीको रुपमा रहेको छ ।

२. अर्थतन्त्रको संरचनात्मक समस्याको उचित सम्बोधन : मुलुकमा विद्यमान परम्परागत अर्थतन्त्रका संरचनाहरुमा रुपान्तरण गर्न जरुरी छ । परम्परागत कृषिलाई आधुनिक र व्यवसायिक बनाउदै कुल गार्हस्थ्य उत्पादनमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग क्षेत्रको योगदान वढाउनु अपरिहार्य छ । विदेश पलायन भैरहेको युवा शक्तिलाई उद्यमी, स्वरोजगार र रोजगारी सिर्जना गरी मुलुक भित्रै उपयोग गर्ने उपायहरुको अवलम्बनका लागि ढिला गर्न हुदैन । मुलुक र प्रणालीप्रति नै वढिरहेको निराशालाई आशा र विश्वासमा रुपान्तरित गर्नु पर्ने अभिभारा वर्तमान नेतृत्व सामु रहेको छ । सेवा क्षेत्रका तुलनात्मक रुपमा उच्च प्रतिफल दिने क्षेत्र र क्रियाकलापहरुमा प्राथमिकता दिने नीति अवलम्बन गर्नु चुनौतीको रुपमा रहेको छ ।

३. उत्पादन तथा उत्पादकत्वको वृद्धि : स्थानीय उत्पादनलाई प्रश्रय दिई आयातित वस्तु माथिको निर्भरता घटाउदै लैजाने, उर्वर भूमि बाँझो राख्न नपाउने व्यवस्था गर्ने, औद्योगिक क्षेत्रमा बाह्य लगानी आकर्षित गर्दै उत्पादन, राजस्व र रोजगारी अभिवृद्धि गर्नु, अर्गानिक कृषि, वन, पर्यटन, उर्जा लगायतका तुलनात्मक लाभका क्षेत्रहरुमा लगानी केन्द्रित गर्दै लैजाने र वस्तु तथा देशगत व्यापार विविधिकरणमा जोड दिई चुलिदो व्यापार घाटालाई कम गर्नु चुनौतीपूर्ण छ ।

४. औद्योगिकीकरण सहित लगानीको वातावरण सिर्जना : लगानीमैत्री कर नीतिको कार्यान्वयन, निजी क्षेत्रको पुँजी निर्माण र परिचालन, औद्योगिक पूर्वाधारहरु (औद्योगिक ग्राम, सडक सञ्जाल, विद्युत, पारवहन, असल श्रम सम्बन्धको विकास, लगानीको सुरक्षा आदि) को निर्माण, सहुलियतपूर्ण कर्जाको विस्तार, प्रक्रियागत अवरोधहरुको सरलीकरण

गर्दै व्यापार सहजीकरण नीतिको अवलम्बन, वित्तीय तथा श्रम क्षेत्रहरुमा सुशासन कायम गर्दै अन्तराष्ट्रिय जगतमा लगानीको विश्वासयोग्य वातावरण सिर्जना गर्नु सरकारी तथा गैरसरकारी क्षेत्र दुवैका लागि चुनौतीपूर्ण विषयका रुपमा रहेका छन् ।

५. निजी तथा गैरसरकारी क्षेत्रको क्षमता विकास तथा सबलीकरण: नीतिगत स्थायित्व कायम गर्दै निजी क्षेत्रको व्यवसायिक आत्मविश्वास सिर्जना गराउनु, सार्वजनिक-निजी साझेदारीमा जोड दिदै स्वच्छता र प्रतिस्पर्धा कायम हुने वातावरण तयार गर्नु, तहगत सरकारहरुका बीचमा आवश्यक समन्वय र सहकार्य गर्दै सहजीकरणका साझा मापदण्डको विकास गर्नु, उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्नु गराउनु, अनौपचारिक अर्थतन्त्रलाई राष्ट्रिय अर्थ प्रणालीमा आवद्ध गराउदै लैजानु चुनौतीपूर्ण देखिन्छ ।

६. सहकारी क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यवस्थापन: सहकारी क्षेत्रलाई यसको मूल्य मान्यता, सिद्धान्त, उद्देश्य अनुरुप सञ्चालन हुने अवस्था सिर्जना गर्नु, सहकारी क्षेत्रमा स्वनियमन र सुशासन कायम गराउनु, नागरिकहरुको बचतको जोखिम न्यूनीकरण गर्दै उचित सुरक्षा र विश्वासको प्रत्याभूति गराउनु र समग्र सहकारी क्षेत्रमा देखिएको वितृष्णा र विसंगतिहरुको दिगो समाधानका उपायहरु पहिल्याउनु चुनौतीपूर्ण रहेको छ ।

७. सार्वजनिक स्रोत साधनको उचित परिचालन र वित्त व्यवस्थापन: समतामूलक तथा उच्च प्रतिफलदायी प्राथमिकता प्राप्त क्षेत्रमा सार्वजनिक खर्च केन्द्रित गरी विनियोजन कुशलता हासिल गर्नु, उत्पादन र आयमा आधारित तटस्थ र प्रगतिशील कर प्रणाली अवलम्बन गर्नु, सार्वजनिक वित्त परिचालनमा अनुशासन कायम गर्नु गराउनु, सार्वजनिक ऋणको महत्तम उपयोग गर्नु, तहगत सरकारहरुका बीचमा स्रोतको उच्चतम र विवेकशील परिचालन गर्नु ।

८. राजस्वको संरचनात्मक रुपान्तरण: राजस्वका नवीनतम स्रोतहरुको खोजी गर्नु, आयातमा आधारित राजस्वबाट आन्तरिक उत्पादनमा आधारित राजस्वको आधार तयार गर्नु, करको दायरा विस्तार गर्दै लैजानु, लगानीमैत्री कर नीति अवलम्बन गर्नु र राजस्व चुहावट नियन्त्रणका लागि जोखिममा आधारित रणनीति अवलम्बन गर्नु पर्ने अवस्था छ ।

९. पुँजीगत खर्च क्षमताको अभिवृद्धि : वित्तीय स्रोत र साधन तथा सार्वजनिक ऋण उत्पादनमूलक क्षेत्रमा प्रवाहित गर्नु, सरकारी खर्चमा पुँजीगत खर्चको हिस्सा अभिवृद्धि गर्नु, आयोजना छनोटलाई आवश्यकता र प्राथमिकतामा आधारित बनाउनका लागि आयोजना बैंक प्रणालीको पूर्ण कार्यान्वयन गर्नु, सार्वजनिक निकायहरुको खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्नु, पुँजी निर्माणमा सहयोग पुर्याउने खालका परियोजनाहरु यथासमयमै सम्पन्न हुने गरी अनुकूल वातावरण तयार पार्नु, आयोजनाको छनोटदेखि उपयोगसम्मका हरेक तहमा आधार र कारण सहितको प्राथमिकीकरण गर्दै उच्च प्रतिफलयुक्त आयोजनाको कार्यान्वयनमा जोड दिने ।

१०. अन्तर सरकारी वित्त व्यवस्थापन : तीनै तहका सरकारका बीचमा राजस्व र खर्च गर्ने क्षमता अभिवृद्धि गर्नु, अन्तर सरकारी वित्त हस्तान्तरणलाई आवश्यकता तथा कार्यसम्पादनमा आधारितका साथै अनुमानयोग्य बनाउनु, तीन तहका सरकारका बीचमा हुने सहलगानीलाई प्रोत्साहित गर्नु र वित्तीय संघीयतालाई राजनैतिक प्रणालीको मुख्य औजारका रुपमा उपयोग गर्दै जानु चुनौतीपूर्ण छ ।

११. मुद्रास्फिती नियन्त्रण : अन्तराष्ट्रिय अर्थतन्त्रका कारण मुलुकको मूल्यवृद्धिमा पर्ने र पर्न सक्ने प्रभावहरुको समीक्षा तथा लेखाजोखा गर्दै राष्ट्रिय रणनीति निर्माण गर्न जरुरी छ । मुलुकको आर्थिक हीत प्रवर्द्धन र आम नागरिकको हित संरक्षण हुने गरी मूल्यवृद्धिलाई निश्चित सीमा भित्र कायम राख्नु, मौद्रिक नीतिलाई मूल्य स्थिरता कायम गर्नेमा केन्द्रित गर्नु, आपूर्ति श्रृंखलामा अवरोध नआउने गरी रणनीति अवलम्बन गर्ने, कार्टेलिङ्, सिण्डिकेट, कालोबजारी, विचौलिया जस्ता आर्थिक अनुशासन विपरितका क्रियाकलापहरुलाई निर्मूल पार्नु र आर्थिक वृद्धिलाई सकारात्मक सहयोग पुग्ने गरी मूल्यवृद्धिलाई बाञ्छित सीमा भित्र राख्ने चुनौतीलाई समेत सम्बोधन गर्नु पर्ने अवस्था छ ।

१२. बाह्य क्षेत्रको सबलीकरण : बाह्य व्यापारलाई राष्ट्रिय हित अनुकूल बनाउदै निर्यात वढाई व्यापार घाटा न्यूनीकरण गर्दै लैजाने, वस्तु तथा सेवाको देशगत विविधिकरण गरी निर्यातलाई प्रवर्द्धन गर्नु, आयात व्यवस्थापन हुने गरी स्वदेशी उत्पादन वढाउनु, वैदेशिक लगानीलाई आर्कषित गर्नु, विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउनु र त्यसको उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, विदेशी विनिमय सञ्चितिमा स्थायित्व र

दिगोपन कायम गर्नु र मुलुकको शोधनान्तर अवस्थामा सन्तुलन कायम गर्नु चुनौतीपूर्ण छ ।

१३. अनौपचारिक तथा अलेखांकित अर्थतन्त्रको औपचारिकीकरण : सबै आर्थिक कारोवारहरुलाई राज्य संयन्त्रको दायरामा ल्याई त्यसको मौद्रीकरण गर्दै लैजाने, वित्तीय प्रणालीमा थप पारदर्शिता कायम गर्ने, अनौपचारिक कारोवारलाई प्रोत्साहनमूलक कार्यक्रममार्फत औपचारिकीकरण गर्ने, गैर कानुनी उत्पादन र कारोवारलाई नियन्त्रण तथा दण्डित गर्ने, अलेखांकित घरायसी उत्पादन तथा सेवालाई लेखांकन गर्ने प्रणालीको विकास गर्ने, व्यापार विचलन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र वित्तीय अपराध जस्ता क्रियाकलापहरु नियन्त्रणका लागि विद्यमान प्रणालीलाई थप प्रभावकारी बनाउने चुनौती रहेको छ ।

१४. सार्वजनिक संस्थानहरुको स्थापनाको औचित्य तथा प्रभावकारिता अभिवृद्धि : सार्वजनिक संस्थानहरुको प्रतिस्पर्धी र व्यवसायिक क्षमता वढाउनु, वित्तीय कार्यकुशलता र आर्थिक अनुशासनमा विशेष जोड दिनु, आवश्यकता र औचित्यताका आधारमा सार्वजनिक संस्थानहरुको निजीकरण तथा पुनर्संचरनालाई निरन्तरता दिनु, निजी क्षेत्रबाट हुने लगानीका अवसर संकुचित नहुने गरी सार्वजनिक संस्थान सञ्चालनको मापदण्ड तयार गर्नुका साथै सार्वजनिक संस्थानमा भएको लगानीबाट उच्चतम प्रतिफल प्राप्त गर्नका लागि व्यवसायिक कार्यकुशलतामा जोड दिनु चुनौतीपूर्ण छ ।

## नेपालको अर्थतन्त्र सबलीकरणका उपायहरु

१. नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको सुदृढीकरण : कृषियोग्य भूमिको चाक्लावन्दी तथा एकीकरण गर्दै आधुनिक र व्यवसायिक कृषि प्रणालीको विकास गर्ने, सामुहिक तथा सहकारी कृषिलाई प्रोत्साहित गर्ने, वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको सीप, क्षमता तथा पुँजीको उपयुक्त क्षेत्रमा उपयोग गर्ने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना तथा सञ्चालनमा जोड दिई कूल गाहस्थ्र्य उत्पादनमा यस क्षेत्रको हिस्सा वढाउदै लैजाने, अर्थतन्त्रका मुख्य क्षेत्रहरुका बीचमा अन्तरआवद्धता कायम गर्दै ग्रामिण र शहरी अर्थतन्त्रलाई एक अर्काका परिपूरकका रुपमा स्थापित गराउने,

वातावरण सन्तुलन तथा जलवायु परिवर्तन अनुकूलन हुने गरी हरित अर्थतन्त्रको अवधारण सबै अर्थतन्त्रमा लागु गर्दै जाने ।

२. उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड : जमिन तथा श्रमको उत्पादकत्व अभिवृद्धिमा जोड दिने, लगानीका हरेक क्षेत्रमा अनुसन्धान/अन्वेषण, नवप्रवर्तन तथा उद्यमशीलता विकासलाई उत्पादनसँग आवद्ध गर्दै लैजाने, पुँजीको उत्पादकत्व वढाउन लागत न्यूनीकरण हुने गरी मौद्रिक तथा वित्त नीतिलाई कार्यान्वयन गर्ने, प्राकृतिक स्रोत साधनको महत्तम उपयोग हुने गरी उत्पादन वृद्धिका योजनाहरु कार्यान्वयन गर्दै जाने । तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी त्यसतर्फ लगानीलाई केन्द्रित गर्दै लैजाने नीति अवलम्बन गर्नु पर्ने देखिन्छ ।

३. उपभोग, बचत तथा पुँजी निर्माणमा जोड : निजी तथा सरकारी क्षेत्रमा हुने अनावश्यक खर्चलाई निरुत्साहित गर्दै बचत अभिवृद्धि गर्न प्रोत्साहनमूलक क्रियाकलापहरु सञ्चालन गर्ने, वित्तीय साक्षरता तथा सचेतनाका कार्यक्रमहरुमा जोड दिने, पुँजी बजारमा सर्वसाधरणको पहुँच वृद्धि गर्ने, नवप्रवर्तन र उद्यमशीलताको विकास गर्ने, स्वदेशी तथा विदेशी लगानीको लागि अनुकूल वातावरण सिर्जना गरी पुँजी निर्माणमा सहजीकरण गर्नु पर्ने देखिन्छ ।

४. सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन सहित सुदृढीकरण : सहकारी क्षेत्रको स्रोत साधन र पुँजीलाई उत्पादनशील क्षेत्रमा लगाउनका लागि प्रोत्साहन गर्ने, सहकारी क्षेत्रको स्वनियमन र सुशासन प्रवर्द्धनका लागि थप कडाई गर्ने, सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने र प्रभावकारी नियमन अनुगमनका लागि दोस्रो तहको नियमनकारी निकाय स्थापना गर्न सकिएमा समस्याग्रस्त बन्दै गएको सहकारी क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहकको रुपमा पुनर्स्थापित गराउन सकिने अपेक्षा गर्न सकिन्छ ।

५. उत्पादन तथा रोजगारी केन्द्रित मौद्रिक तथा वित्तीय उपकरणहरुको प्रयोग : उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन हुने गरी वित्तीय सेवाहरुको विकास गर्ने, देशको सबै क्षेत्रमा वित्तीय पहुँच पुग्ने गरी बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तारमा जोड दिने, वित्त नीति तथा अन्य आर्थिक नीति बीच सामञ्जस्यता कायम गर्दै मौद्रिक नीतिलाई समष्टिगत आर्थिक स्थायित्व हासिल गर्ने तर्फ केन्द्रित गर्ने, सामाजिक

सुरक्षासँग सम्बन्धित वित्तीय संस्थाहरुको स्रोत साधनलाई समेत उत्पादन र पूर्वाधार विकासका क्षेत्रमा परिचालन गर्ने र वित्तीय साक्षरताका माध्यमबाट अर्थतन्त्रको औपचारिकीकरणमा जोड दिनु पर्ने देखिन्छ ।

६. औद्योगिकीकरण सहित बाह्य लगानीका लागि अनुकूल वातावरण सिर्जना: दिगो औद्योगिक पूर्वाधारहरुको निर्माण गर्ने, एकीकृत औद्योगिक विकास रणनीति कार्यान्वयन गर्ने, स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहन हुने कर नीति अवलम्बन, मुलुकमा विद्यमान कानुन तथा नीतिहरुको स्थायित्व, लगानीको उचित सुरक्षा र नाफा तथा लगानी फिर्ताको सुनिश्चितता, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्मको पहुँच विस्तार, पारवहन लागत न्यूनीकरण तथा भन्सार प्रक्रियालाई सहजीकरण गर्ने, निर्यात व्यापारलाई प्रोत्साहन हुने गरी राष्ट्रिय नीतिहरुका बीचमा समान्जस्यता कायम गर्नु आवश्यक छ ।

७. राजस्व क्षेत्रको रुपान्तरण सहित सरकारी वित्तको प्रभावकारिता अभिवृद्धि: राजस्वको आधार र दायरा विस्तार गर्ने, सबै प्रकारका आयआर्जनलाई आयकर प्रणालीको दायरामा ल्याउने, सबै प्रकारका आर्थिक कारोवारलाई बैकिङ् प्रणालीमार्फत गर्न गराउन प्रोत्साहनको नीति अवलम्बन, कर कानुनहरुको प्रभावकारी कार्यान्वयनमा जोड, जोखिममा आधारित राजस्व चुहावट नियन्त्रणमा जोड, अस्वभाविक रुपमा रहेको कर छुट पद्धतिलाई तथ्य र औचित्यतामा आधारित बनाउदै लैजाने, राजस्व सम्बन्धी कानुनहरुको कार्यान्वयनसँगै वढ्दै गएको बक्यौता, बेरुजु र ननफाइलर जस्ता प्रवृतिहरु निराकरण गर्दै जाने, राजस्व परिचालनमा सूचना प्रविधिको पूर्ण उपयोग गर्ने नीति अवलम्बन गर्ने, नयाँ राजस्व परिचालनका क्षेत्रहरुको खोजी गर्दै गैर कर राजस्वलाई पारदर्शी र प्रभावकारी बनाउनेमा जोड दिनु पर्ने देखिन्छ ।

८. अर्थतन्त्रको मूलप्रवाहिकरण तथा औपचारिकीकरणमा जोड: अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुलाई औपचारिकीकरणका लागि विशेष रणनीतिहरु अवलम्बन गर्ने, वित्तीय पहुँच र साक्षरतामा जोड दिने, नगद कारोवारलाई निरुत्साहित गर्दै बैकिङ् कारोवारमा जोड दिने गरी आर्थिक नीतिहरु परिमार्जन गर्दै लैजाने, घरायसी कामलाई समेत मौद्रिकरण गर्ने प्रणालीको विकास गर्ने, व्यापार विचलन, आर्थिक तथा वित्तीय अपराध नियन्त्रणका लागि प्रभावकारी सूचना संयन्त्र निर्माण र कानुन

परिपालनमा जोड दिदै स्वच्छ, पारदर्शी र वित्तीय सुशासनयुक्त वातावरण निर्माण गर्ने ।

९. सार्वजनिक संस्थानहरुको सुदृढीकरण: नेपाल सरकारले अवलम्बन गरेको खुला अर्थव्यवस्था, विश्वव्यापीकरण र संघीय परिवेश अनुकूल हुने गरी सार्वजनिक संस्थानहरुको पुनर्संरचनामा जोड दिने, सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरुको कार्यकुशलता, पारदर्शिता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने वातावरण सिर्जना गर्ने, आर्थिक अनुशासनलाई कडाईका साथ पालना गर्ने गराउने, सार्वजनिक संस्थानहरुमा सरकारको ऋण तथा शेयर लगानीलाई क्रमश घटाउदै लैजाने, रणनीतिक साझेदार तथा प्रतिस्पर्धाबाट व्यवस्थापक लिने पद्धति विकास गर्ने ।

१०. आर्थिक अनुशासन सहित वित्तीय सुशासनमा जोड: वित्तीय अराजकता उपर शुन्य सहनशील नीतिको अवलम्बन गर्ने, सार्वजनिक क्षेत्रमा विद्यमान भ्रष्टचारजन्य क्रियाकलापहरुलाई कानुनी दायरामा ल्याई वित्तीय सुशासनको पूर्ण प्रत्याभूति गराउनु पर्ने, बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रमा देखिएका विसंगति र विकृतिहरु निराकरण गर्नका लागि नीतिगत सुधार तथा प्रभावकारी नियामक संयन्त्रको विकास गर्ने, नागरिकहरुको बचत तथा लगानीको पूर्ण सुरक्षा प्रत्याभूति दिलाउने र मुलुकको अर्थ प्रणालीप्रति आम नागरिकहरुको विश्वास र भरोसा स्थापित गराउने ।

११. प्रभावकारी अन्तर सरकारी वित्तीय व्यवस्थापनमार्फत संघीय प्रणालीको सवलीकरणमा जोड: स्थानीय, प्रदेश र संघीय सरकारहरुबा बीच राजस्व स्रोतहरुको स्पष्ट विभाजन गर्नु पर्ने, दोहोरो करारोपणको जोखिमबाट नागरिक तथा लगानीकर्तालाई उन्मुक्ति हुने वातावरणको निर्माण गर्नु पर्ने, स्थानीय तथा प्रदेश सरकारलाई संविधानद्धारा प्रदत्त राजनैतिक तथा प्रशासनिक अधिकार सञ्चालनका लागि आवश्यक वित्तीय साधनको प्रत्याभूति हुने गरी राजस्व क्षमता अभिवृद्धि तथा वित्तीय हस्तान्तरण हुने प्रणालीको सुनिश्चितता गरिनु पर्ने, प्रदेश र स्थानीय तहको खर्च क्षमता र वित्तीय कुशलता अभिवृद्धि गर्न आवश्यक जनशक्ति लगायत पूर्वाधारहरुको निर्माणमा जोड दिनु पर्ने ।

१२. सार्वजनिक क्षेत्रको पुँजी लगानीको उत्पादकत्व अभिवृद्धिमा जोड: राष्ट्रिय तथा स्थानीय आयोजनाहरुको विकास तथा छनोट गर्दा लाभ लागत विश्लेषण गरी उच्च

प्रतिफललाई छनोटको मुख्य आधार बनाउने, सार्वजनिक निर्माण तथा खरिद कार्यलाई पारदर्शी बनाउने, सार्वजनिक जग्गा प्राप्तीलाई थप सरल र सहज बनाउने, तीनै तहमा आयोजना बैंकलाई संस्थागत गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी र पद्धतिवद्ध बनाउने ।

१३. राष्ट्रिय हीत अनुकूल अन्तराष्ट्रिय व्यापार प्रवर्द्धन: विलासितापूर्ण आयातमा नियन्त्रण, वन तथा कृषि क्षेत्रको विकास र प्रवर्द्धनमार्फत कृषिजन्य वस्तुको आयात न्यूनीकरण, जलविद्युतको पूर्ण उपयोग गरी पेट्रोलियम पदार्थको आयात न्यूनीकरण नीतिको प्रभावकारिता वढाउदै वढ्दो आयातको आयतनलाई घटाउन सकिन्छ भने विप्रेषण, विद्युत निर्यात, वन तथा कृषिजन्य उत्पादनहरुको निर्यात, जलविद्युतको निर्यात, सूचना प्रविधिमा आधारित वस्तु तथा सेवाको निर्यात, पर्यटन सेवाको विस्तार समेतबाट प्रशस्त विदेशी विनिमय आर्जन गर्न सक्ने संभावना रहेको छ, जसका कारण व्यापार घाटालाई बाञ्छित सीमामा राख्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । निर्यातलाई थप प्रभावकारी बनाउनका लागि देशगत र वस्तुगत विविधिकरणमा जोड दिनु पर्ने, पारवहन र भन्सार सहजीकरणमा जोड दिनु पर्ने, सस्तो लागतमा गुणस्तरयुक्त वस्तु तथा सेवा उत्पादनमा जोड दिनु पर्दछ ।

१४. निजी तथा गैरसरकारी क्षेत्रको सुदृढीकरण: निजी क्षेत्रको लगानी आकर्षित गर्नका लागि सार्वजनिक-निजी साझेदारी र वैदेशिक लगानीकर्तासँगको साझेदारीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने, निजी क्षेत्रले सञ्चालन गर्ने हरेक क्रियाकलापहरुलाई पूर्ण व्यवसायिक र पारदर्शी बनाउदै अर्थतन्त्रको दायरा भित्र ल्याउने, निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नका लागि सरकारी क्षेत्रले सहयोगी र उत्प्रेरकको भूमिका निर्वाह गर्ने, निजी क्षेत्र तथा गैरसरकारी संघसंस्थाका क्रियाकलापहरुको नियमित निगरानी तथा अनुगमन गर्ने संयन्त्र स्थापना गर्ने, गैरसरकारी संघसंस्थाहरुले स्थानीय तहहरुसँगको समन्वयमा राष्ट्रिय आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा मात्र स्रोत परिचालन गर्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ ।

## निष्कर्ष

देशको कुल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, क्रयशक्ति, रोजगारी, उत्पादन र उपभोग लगायत समष्टिगत अर्थतन्त्रको परिसूचक बढ्नु नै आर्थिक वृद्धि हो । विश्व अर्थतन्त्रमा आएका संरचनागत वा प्रवृत्तिगत परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि पर्ने गर्दछ । नेपालको सन्दर्भमा पनि मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र लगानीयोग्य साधनमा आएको संकुचनका कारण अर्थतन्त्रको पुनरुत्थानसँगै उच्च आर्थिक वृद्धिदर प्राप्त गर्ने दिशामा चुनौतीहरु सिर्जना भएका छन् । इन्धन तथा खाद्य वस्तुको मूल्यवृद्धि, छिमेकी मुलुक लगायत विश्वव्यापी रूपमा भएको उच्च मुद्रास्फीति, आपूर्ति प्रणालीमा आएको अवरोध र नेपाली मुद्रा अमेरिकी डलरसँग थप कमजोर भएका कारण पछिल्लो समय मुद्रास्फीति थप बढ्न थालेको देखिन्छ । वस्तु तथा सेवा निर्यात, विप्रेषण आप्रवाह, वैदेशिक लगानी र वैदेशिक सहायता परिचालनमार्फत मुलुक भित्रिने र वस्तु तथा सेवाको आयातमार्फत मुलुकबाट बाहिरिने विदेशी मुद्राका बीच ठूलो अन्तर देखा पर्न गएको छ । सार्वजनिक खर्चको वढ्दो प्रवृत्तिका तुलनामा राजस्व संकलनको दायरा वढ्न नसक्दा राज्य कोषमा दबाब सिर्जना भएको छ ।

एशियाली विकास बैंकका अनुसार विकासोन्मुख देशको आर्थिक वृद्धिदर ५.२ प्रतिशतले घटेर ४.६ प्रतिशत हुने प्रक्षेपण गरेको छ तर नेपालले भने आफ्नो आर्थिक वृद्धिदर ८ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । जुन विश्व परिवेश र नेपालको आर्थिक गतिविधि विश्लेषण गर्दा सहज देखिदैन । रूस–युक्रेनको युद्ध, वढ्दो मुद्रास्फीति, खाद्यवस्तु र पेट्रोलियम पदार्थको मूल्यवृद्धिले नेपालजस्तो आयातमुखी अर्थतन्त्र भएको देशलाई अर्थतन्त्रको पुनरुत्थानमा बढी जोखिम रहेको छ । जलवायु परिवर्तनका कारण सिर्जित प्रभावहरु तथा दिन प्रतिदिन वढ्दो मूल्यवृद्धिले गरीब जनतालाई झन् गरीबीतर्फ धकेल्ने सम्भावना बढी देखिन्छ । गरीबी निवारण, मानव विकास, सामाजिक विकास, आयको समान वितरण, बेरोजगारी नियन्त्रण र पूर्वाधारको विकास विना आर्थिक विकास सम्भव छैन । संघीयताले राज्य कोषमाथि व्ययभार बढाएको छ । समग्र शासकीय प्रणालीमा सुशासनको अभाव, बढ्दो भ्रष्टाचार र मुद्रास्फीति, बौद्धिक वर्गको पलायन, विप्रेषणमा धानिएको अर्थतन्त्र, विश्व अर्थतन्त्रमा देखापरेको मन्दी आदि समेतलाई नेपालको अर्थतन्त्र सम्वद्ध चुनौतीका रुपमा लिन सकिन्छ । कोभिड–१९ का कारण प्रभावित अर्थतन्त्र अझै लयमा आउन सकेको

छैन भने अनुत्पादक क्षेत्रतर्फको बढ्दो लगानीले अर्थतन्त्र र यसको दिगो विकासमा चुनौती थपिँदै गएको छ । सरकारको प्राथमिकता महँगी घटाउनेभन्दा पनि सरकारी खर्चको आवश्यकता र औचित्यता अनुसार राजस्व संकलनको लक्ष्य पुरा गर्नु रहेको छ । नीति बनाउने तर कार्यान्वयन नगर्ने, कानुनको शासनको पूर्ण प्रत्याभूति हुन नसकेको स्थिति, लगानीकर्ताका लागि लगानीको सुरक्षा सहित नीतिगत स्थायित्वप्रति विश्वस्त गराउन नसकिएको अवस्था, सुशासनका भाषण र नारा लगाएर नथाक्ने तर व्यवहारिक रुपमा परिपालना नगर्ने प्रवृत्तिले अर्थतन्त्रमा थप विचलन आएको मान्न सकिन्छ ।

अर्थतन्त्रको प्राथमिकताका विषयहरूमा मुलुकको पुनर्निर्माण एवं नव निर्माण, कृषिको आधुनिकीकरणका साथै व्यवसायिकरण, पूँजी बजारको विकास र विस्तार, विदेशी तथा स्वदेशी पूँजीको आकर्षण, जलविद्युत क्षेत्रको विकास र निर्यातजस्ता क्षेत्रहरु परेका छन् । त्यसैगरी, पर्यटन क्षेत्रको समुचित विकास, पूँजीगत खर्च क्षमतामा सुधार एवं वित्तीय अनुशासन, सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन, सम्पत्ति शुद्धीकरण तथा हुन्डीलगायत गैरकानूनी रूपमा हुने वित्तीय कारोबारको नियन्त्रण जस्ता कार्यले मुलुकको वित्तीय स्थायित्वलाई सबल बनाउँदै समग्र अर्थतन्त्रको विकासमा टेवा पुर्याउने अपेक्षा गर्न सकिन्छ ।

## *सन्दर्भ सामाग्री*

१. सोह्रौ योजना (आर्थिक वर्ष २०८१।८२- २०८५।८६), राष्ट्रिय योजना आयोग- काठमाडौं ।
२. अर्थ बुलेटिनहरु - अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं ।
३. आर्थिक सर्भेक्षण-२०८२, अर्थ मन्त्रालय – सिंहदरबार, काठमाडौं
४. बजेट बक्तव्य-२०८२, अर्थ मन्त्रालय-सिंहदरबार, काठमाडौं
५. बर्षान्त २०२३: विश्व अर्थतन्त्र थलिएको वर्ष –गोरखापत्र दैनिक, कार्तिक २४, २०८१
६. "अर्थतन्त्रका अस्वभाविक आँकडा" अच्यूत वाग्ले, कान्तिपुर दैनिक, २२ माघ २०८०

७. "नेपाली अर्थतन्त्रका केही चुनौतीहरु", डा. दिवाकर वशिष्ठ, आर्थिक अभियान दैनिक, २४ कार्तिक २०८१

# विश्वव्यापीकरण र विकास

पुरुषोत्तम शर्मा[9]

**विषय प्रवेश**

विश्वव्यापीकरण र विकास एकअर्कासँग अन्तरसम्बन्धित अवधारणा हुन् । विश्वव्यापीकरणले विकासको प्रक्रियालाई गतिशील बनाउँदै वस्तु, सेवा, पूँजी, प्रविधि, तथा मानव संसाधनको आदानप्रदानलाई सहजता प्रदान गरेको हुन्छ । विश्वव्यापीकरण मार्फत खुला बजार नीति, अन्तर्राष्ट्रिय व्यापार विस्तार, तथा प्रविधिको पहुँचले धनि गरिव सवै राष्ट्रहरूलाई द्रुत आर्थिक वृद्धिको अवसर सृजना हुन्छ । आजको युगलाई विश्वव्यापिकरणको युग भन्ने गरिएको छ । विकसित राष्ट्रहरूले विश्वव्यापीकरणबाट प्रचुर फाइदा लिइरहेता पनि साना र कमजोर अर्थतन्त्र भएका देशहरूले अपेक्षित लाभ लिन सकेका छैनन्। जस्को परिणामस्वरुप केही मुलुक विकास प्रकृयामा निकै अगाडी र केही पछाडी देखिएका छन् । त्यसैले विकासको स्तरका दृष्टिले आलोचकहरुले विश्वव्यापिकरणलाई असमानाताको कारका रुपमा समेत हेर्ने गरेको छन् ।

विकासका पछिल्ला अवधारणाहरुले आर्थिक वृद्धिलाई मात्र विकासको सुचकका रुपमा नहेरी सामाजिक समावेशिता, वातावरणीय स्थिरता, तथा समग्र मानव विकासलाई समेत विकासको अवधारणा भित्र समाहित गर्दै लगेको देखिन्छ । विकास र विश्वव्यापिकरणलाई एक अर्काका परिपुरकका रुपमा हेर्ने दृष्टिकोणको विकास भएको छ । विश्वव्यापीकरणले विश्व व्यापार, श्रम बजार, रोजगारीका अवसर, तथा प्रविधिको प्रयोग मार्फत समग्र विकासलाई गति दिन एवं देशको समृद्धिलाई गतिशील बनाउन योगदान गर्दछ । यद्यपि, स्थानीय अर्थतन्त्र र संस्कृति संरक्षण गर्दै विश्वव्यापिकरण बाट सृजित अवशरको सदुपयोग एवं विकास प्रकृयामा केन्द्रित गर्न विश्वव्यापिकरण सम्बन्धी उचित नीति, कार्यक्रम तथा व्यवस्थापकिय प्रयत्न आवश्यक हुन्छ । जस्बाट विश्वव्यापिकरणका लाभहरुको हरेक मुलुकले प्राप्त गरी दिगो, समावेशी र सन्तुलित विकास प्रणाली हासिल गर्न सक्दछन् ।

## विश्वव्यापीकरण र विकासको अवधारणा

पूँजी प्रविधि, जनशक्ति, संस्कृतिका साथै वस्तु तथा सेवाको बिना अवरोध सीमा विहिन रूपमा विश्वभर फैलिने प्रक्रिया नै विश्वव्यापीकरण हो । परम्परागत रूपमा विश्वव्यापीकरण अर्थतन्त्रलाई जोड्ने प्रक्रिया हो भनी सीमित अर्थमा बुझिन्थ्यो । तर, आधुनिक विश्व परिवेशमा राजनीतिक,

[9] सह-सचिव, नेपाल सरकार

आर्थिक, सामाजिक, प्रशासनिक र साँस्कृतिक लगायतका सबै विषयमा साझा मूल्य, मान्यता र प्रक्रियाको स्थापना गर्ने अभियानका रुपमा विश्वव्यापीकरणलाई लिइन्छ । अठारौं शताब्दीको औधोगिक क्रान्तिको विकास सँगै पहिलो पुस्ताको र सन् १९९० मा सूचना प्रविधि र आर्थिक उदारीकरणको विकाससँगै दोस्रो पुस्ताको विश्वव्यापीकरणको लहर शुरु भएको मानिन्छ । नेपालमा सन् १९८७ मा IMF ले Structural Adjustment Program लागू गरेसगै विश्वव्यापिकरणको प्रयास र प्रभाव सुरु भएको पाइन्छ।

विश्वव्यापीकरण राष्ट्रहरूबीच आपसी सम्बन्ध र आदानप्रदानलाई तीव्र बनाउने प्रक्रिया हो । व्यापार, प्रविधि, रोजगारी, सूचना, संस्कृति जस्ता विषय आदानप्रदानका मुख्य विषयहरु हुन् । यस्ले सीमित भौगोलिक र सांस्कृतिक सिमाभन्दा पर गइ विश्वसमुदायलाई एकीकृत र अन्तरनिर्भर वनाएको छ । नेपालमा पनि विश्वव्यापीकरणको प्रभावबाट अछुतो छैन । व्यापार विस्तार, प्रविधि स्थानान्तरण, श्रम बजारको खुलापन, र बहुराष्ट्रिय कम्पनीको उपस्थिति आदी मार्फत आर्थिक, सामाजिक, सांस्कृति तथा र व्यापारका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय आदानप्रदान दिदानुदिन बढ्दै गइरहेको छ ।

योजनावद्ध ढंगबाट गरिएको प्रयासवाट मुलुक समग्र पक्षमा आएको सकारात्मक परिवर्तन /उपलव्धि नै विकास हो । परम्परागत अर्थमा विकासलाई आर्थिक विकाससग सम्वन्धित विषयको रुपमा बुझिए पनि यो बहुआयामिक विषय हो, जसले आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, प्रविधि, तथा पर्यावरणीय पक्षमा हुने विकासलाई समेत समेटेको हुन्छ । आधुनिक दृष्टिकोणले विकासलाई समग्र मानव कल्याण, समानता, तथा दिगोपनासँग जोडेको छ । जीवनस्तरमा सुधार, सामाजिक समानता, शैक्षिक अवसरहरू, स्वास्थ्य सेवा, वातावरणीय संरक्षण र सांस्कृतिक समृद्धि आदी समेत विकासका अन्तरनिहित अवधारणाका रुपमा रहेका छन् । विकासका यी बहुआयामिक आयामहरूले राष्ट्रहरूको दीर्घकालीन समृद्धि र आमनागरिकको जिवनस्तरलाई उच्च र गुणस्तरीय बनाउँछन्। त्यसैले, विकासलाई केवल संख्यात्मक वृद्धिको रूपमा नभई गुणात्मक परिवर्तनको रूपमा बुझ्नुपर्छ, जसले व्यक्ति तथा समुदायको जीवनलाई सकारात्मक रूपमा रूपान्तरण गर्न सक्छ ।

## विश्वव्यापीकरण र विकासको अन्तरसम्बन्ध

विश्वव्यापीकरण र विकास गहिरो सम्बन्ध छ । यिनिहरुको समन्वयात्मक सम्बन्धबाट मुलुकहरुबीच व्यापार, प्रविधि, र संस्कृतिको सहकार्यमा अभिवृद्धि गर्न सकिन्छ । यस्तो सम्बन्धले अर्थतन्त्र र विकास प्रकृयामा सकारात्मक परिवर्तन ल्याउँदछ । विश्वव्यापिकरणबाट सृजित अवसरहरूबाट विकासले गति लिन्छ । त्यसैले विश्वव्यापीकरण र विकास एक अर्कामा परिपूरक

हुन् । विकासले विश्वव्यापीकरणको ढोका खोल्दछ भने विश्वव्यापीकरणले विकासलाई फराकिलो र दीगो वनाउछ । व्यापार र प्रविधि आदानप्रदान गर्न सहज वातावरण सृजना हुने हुदा विश्वव्यापीकरणले विकासको प्रयास र प्रकृयालाई तीव्र बनाउँछ ।

अन्तर्राष्ट्रिय व्यापारमा सुलभता र विदेशी लगानीको प्रवेशले आर्थिक वृद्धिमा उल्लेख्य सहयोग पुर्याउँछ । व्यापारका नयाँ मार्ग र अन्तराषष्ट्रिय उत्पादनहरूको पहुँचले विकासशील राष्ट्रहरूलाई नयाँ अवसरहरू र सम्भावनाहरू सृजना हुन्छ । यसले विकासशील राष्ट्रहरूको उत्पादन क्षमता र प्रतिस्पर्धात्मकतामा समेत सुधार ल्याउँछ । विश्वव्यापीकरणले देशहरूलाई खुला बजार नीति अपनाउन प्रेरित गर्दछ । फलस्वरुप अन्तर्राष्ट्रिय व्यापार विस्तार तथा प्रविधिको नविनतम र उच्चतम प्रयगको माध्यमबाट आर्थिक समृद्धिलाई प्रवर्द्धन गर्दछ । विकासका सामाजिक आयामहरु जस्तै स्वास्थ्य, शिक्षा, र विज्ञानको क्षेत्रमा सुधार ल्याउन सहज हुन्छ । सामाजिक सांस्कृतिक तथा विविधताको विश्वव्यापीकरण मार्फत मुलुकहरुबीच आपसी समझदारी र सहयोगको मार्ग प्रसस्त हुन्छ ।

विश्वव्यापिकरणले जस्तै विकासले पनि विश्वव्यापीकरणमा गहिरो प्रभाव पार्छ । देशहरू आर्थिक, सामाजिक, र प्रविधिगत विकास हुन सके भने उनिहरु सजिलै अन्तर्राष्ट्रिय क्षेत्रमा आवद्ध हुन सक्दछन् । जब कुनै मुलुकले शिक्षा, स्वास्थ्य, पूर्वाधार, र औद्योगिक उत्पादनमा सुधार गर्छ, त्यसले बाह्य व्यापार विस्तारका लागि स्वतः अनुकूल वातावरण तयार गर्न सक्दछ । दक्ष जनशक्ति, नवीन प्रविधि, तथा उन्नत उत्पादन प्रणालीले कुनैपनि मुलुकलाई अन्तराष्ट्रिय वजारमा प्रतिस्पर्धात्मक बनाउन मद्दत गर्छ, जसले विश्व बजारमा उसको उपस्थिति बलियो हुन्छ । आज विकसित मुलुकहरुले विश्वव्यापिकरण बाट अधिक फाइदा लिन सक्नुको कारण पनि यही हो ।

विकास र विश्वव्यापिकरण विचको अन्तरसम्बन्धलाई परिणाममुखी वनाउन त्यस्तो अन्तरआवद्धता सन्तुलित र वलियो हुनु जरुरी हुन्छ । अन्यथा विश्वव्यापीकरणले आर्थिक असमानता बढाउँदछ । केही देशहरू तीव्र गतिमा अघि बढनु र केही अझै पनि पछाडि रहनु यसैको परिणाम हो । त्यसैले, विश्वव्यापीकरणलाई समावेशी बनाउन विकासलाई न्यायोचित ढंगले प्रवर्द्धन गर्न आवश्यक हुन्छ भने देशहरूबीच आर्थिक, सांस्कृतिक, तथा प्रविधिगत आदानप्रदानलाई समान अवसरका साथ व्यवस्थित गर्नसकेमा विश्वव्यापिकरणलाई प्रवर्धन गर्न सकिन्छ । एक समृद्ध समाजको निर्माण गर्नका लागि समावेशी र समतामूलक विकासको आवश्यकता छ अन्यथा विश्वव्यापीकरणले विकासको अवसरहरू सिर्जना गर्दा पनि, यसले असमानता र सामाजिक विभाजनलाई बढावा दिन्छ र स्थानीय उत्पादन र संस्कृतिहरूमा संकट उत्पन्न गर्दछ । यसैले, विश्वव्यापीकरण र विकासको प्रक्रियामा सन्तुलन र समानताको सुनिश्चितता आवश्यक छ।

## विश्वव्यापीकरण र नेपालको सन्दर्भ

### ४.१ संवैधानिक मर्म, अपेक्षा र नतिजा

सुशासन, विकास र समृद्धिको संवैधानिक लक्ष्य हासिल गर्न विश्वव्यापिकरणलाई मुलुकको हितमा कसरी उपयोग गर्न सकिन्छ भन्ने बारेमा नेपालको संविधानले स्पष्ट मार्गदर्शन गरेको छ । राज्यका नीतिहरु मार्फत अन्तराष्ट्रिय व्यापार, वैदेशिक रोजगारी, लगानी, प्रविधिको उपयोग, पुर्वाधार विकास, वैदेशिक सहायता परिचालन आदी विषयहरुलाई राष्ट्रिय नीतिका रुपमा संविधानले दिशानिर्देश गरेको छ । राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने नीति लिइएको छ । वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने एवं वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति संविधानले लिएको छ । त्यसै गरी गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने नीति पनि संविधानले लिएको छ । नेपालको लगानीको प्रमुख स्रोतको रुपमा रहेको वैदेशिक सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउनु पर्ने विषय समेत संविधानमा स्पष्ट उल्लेख छ ।

उपरोक्त संवैधानिक मर्म र अपेक्षाको नतिजा भने अपेक्षित छैन । आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनका लागि आवश्यक संरचनागत सुधारको कमी र अन्य कारणहरुले स्वदेशी उत्पादन प्रतिस्पर्धात्मक बन्न सकेको छैन। वैदेशिक लगानी तथा प्रविधि लाई आकर्षित गर्न लगानीमैत्री वातावरण सुनिश्चित गर्न सकिएको छैन, जसले उद्योग तथा पूर्वाधार विकासलाई अपेक्षित गति दिन सकेको छैन । नेपाली श्रमिकहरू अझै पनि शोषण तथा असुरक्षाको जोखिममा छन् । उनीहरूले आर्जन गरेको पूँजी र सीप स्वदेशमा उत्पादनमूलक क्षेत्रमा प्रभावकारी रूपमा परिचालन हुन सकेको छैन । गैरआवासीय नेपालीहरूबाट अपेक्षित लाभ लिन सकिएको छैन भने वैदेशिक सहायता परिचालनमा पनि प्रसस्त सुधारको खाँचो देखिएको छ ।

#### ४.२ विश्वव्यापीकरणले नेपालको विकास प्रकृयामा पारेको प्रभाव

विश्लेषकहरुले विश्वव्यापिकरणले विकास प्रकृयामा पार्ने प्रभाबका सन्दर्भमा पक्ष र विपक्षमा तर्कहरु राख्ने गरेका छन् । भनिन्छ विश्वव्यापिकरण बाढी आएको खोला हो । पौडिन जान्ने तैरिन्छ नत्र बगाएर लान्छ । यस्बाट विश्वव्यापीकरणको प्रक्रियाले सकारात्मक र नकारात्मक दुवैखाले परिणामहरु ल्याउने निश्कर्षमा पुग्न सकिन्छ । यस्को सहि व्यवस्थापन गर्न सकिएमा विश्व अर्थतन्त्रसंग एकीकरण हुन सकिने, बैदेशिक पूँजी तथा प्रविधिको आप्रवाह बढ्ने, ज्ञान, सीप र

प्रविधिको लागि अन्तराष्ट्रिय बजार प्राप्त हुने, सस्तो मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्त हुने, लगानी र व्यापारमा वृद्धि तथा प्रविधि हस्तान्तरण मार्फत आर्थिक संरचनामा नै परिवर्तन हुने जस्ता फाइदा हुन्छन् । यदी व्यवस्थापन कमजोर भएमा ठूला मूलुक तथा बहुराष्ट्रिय कम्पनीहरुको स्वार्थ हाबी हुने तथा कमजोर मुलुकका सार्वभौमसत्ता र अखण्डतामा आँच पुग्नसक्ने, आतंकवाद र अपराधको पनि अन्तराष्ट्रियकरण हुने, परनिर्भरता बढ्दै जाने, सामाजिक मूल्य मान्यता र संस्कारमा ह्रास आउने, उपभोगवादी संस्कृति विकास हुने लगायतका नकारात्मक असरहरु देखिन थाल्छन् ।

**सकारात्मक प्रभावहरु**

नेपालको सन्दर्भमा विश्वव्यापीकरणबाट विकास प्रकृयामा परेका सकारात्मक प्रभाबहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

- नेपालमा विश्वव्यापिकरणको प्रभाबले आर्थिक वृद्धि तथा विकासमा निरन्तर सुधार भइरहेको छ । अन्तराष्ट्रिय व्यापार, रोजगारी, पर्यटन, वित्तीय प्रणाली आदीमा सुधार आएको छ ।
- सामाजिक पुर्वाधारमा तिव्र विकास तथा गरिवी निवारणमा सफलता मिलेको छ । नविनतम र असल अभ्यासहरुलाई अवलम्बन गर्न सहयोग पुगेको छ । शिक्षा, स्वास्थ्य, रोजगार लगायतका क्षेत्रमा विश्वव्यापी अवसर प्राप्त भएको छ ।
- नयाँ प्रविधि तथा नवप्रवर्तनहरु भएका छन् । प्रविधिको प्रयोग उल्लेख्य रुपमा बढेको छ ।
- श्रमशक्तिका लागी विश्व श्रम वजारको ढोका खुलेको छ । जस्ले नेपाली श्रमिकहरुलाई विश्व श्रमवजारम सम्म पहुँच र अवशर प्रदान गरेको छ । मुलुकमा रेमिट्यान्स वढेको छ यस्ले नागरिकको जिवनस्तरमा सुधार गरेको छ ।
- मुलुकमा वैदेशिक लगानीमा क्रमश वृद्धि हुदै गएको छ । औधिगिक पूर्वाधार लगायतका क्षेत्रमा लगानी तथा अन्तराष्ट्रिय सहायता र साझेदारी वृद्धि भै विकासको गति बढेको छ ।
- अन्तराष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्नुपर्ने भएकोले स्थानीय उधोग धन्दामा पनि प्रतिष्प्रधात्मक भाबना बढेको छ । स्वदेशी वस्तु तथा सेवाले विश्व बजारसम्म पुग्ने अवसरको सिर्जना भएको छ ।
- विकसित संस्कृति र सभ्यताको स्थानान्तरणले सामाजिक विकासमा सकारात्मक प्रभाव परेको छ ।
- उपभोक्तालाई छनोटको अवसर वृद्धि हुनुको साथै बजारमा सस्तो र गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धता भएको छ ।

**नकारात्मक प्रभावहरु**

नेपालको सन्दर्भमा विश्वव्यापीकरणबाट विकास प्रकृयामा परेका नकारात्मक प्रभाबहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

- ठूला र वहुराष्ट्रिय कम्पनिका उत्पादनले आन्तरिक/स्थानीय उत्पादन र उत्पादकत्वमा नकारात्मक असर परेको छ । आयातमा निर्भरता बढ्दो छ ।
- प्रकृया र प्रविधिमा भएको विकासले उत्पादन र उत्पादकत्व बढ्यो तर खास व्यक्ति र स्थानमा केन्द्रित हुने जोखिम बढेको छ । घरेलु उद्योगले प्रतिन्यर्धा गर्न नसक्दा स्वदेशी उद्योग धन्दा वन्द हुने स्थितिमा पुगेका छ ।
- विश्व संस्कृतिलाई एकिकरण गर्न खोज्ने तर नेपाल जस्तो अविकसित मुलुकको संस्कृतिमा अतिक्रमण अत्याधिक हुन गयो । समाजिक र सास्कृतिक मुल्यहरु कमजोर भए ।
- लोकतन्त्र मानबअधिकार कानुनी राज्य मौलिक हकको वकालत त गरियो तर अन्तराष्ट्रिय संघ संस्था तथा बलिया मुलुकहरुले दिने दवाबले सार्वभौम शक्ति कमजोर हुने जोखिम बढेको ।
- अन्तराष्ट्रिय सहयोग र सद्भाब वृद्धि भएता पनि बाताबरणिय, व्यापार, अपराध, साइबर जस्ता अपराधको सम्भाबना बढेको
- गरिबी न्युनिकरणमा सहयोग त पुग्यो तर असमानता बढ्ने जोखिम उत्तिकै रहेको ।
- उदारीकरण र विश्वव्यापीकरण सँगसगै उपभोगवादी संस्कृति मौलाउदै गएको छ। स्वदेशी उत्पादन तथा उत्पादकत्व वृद्धि सोही अनुपातमा नहुदा व्यापार घाटा बढ्दै गएको छ ।
- मौलिक मूल्य, मान्यता र संस्कृतिमा ह्रास हुदै गएकोले पहिचान नै जोखिममा परेको छ।

**४.३ विश्वव्यापीकरणवाट अधिकतम लाभ लिने उपायहरु :**

मुलुकहरुबीच एकअर्का प्रतिको निर्भरता बढ्दो छ । विश्वव्यापीकरणले व्यापारका वाधाहरु हटाउछ र विचार, उत्पादन, प्रविधि, श्रम, पुजीँ, आदीलाई सहज आदानप्रदानको अनुकुल वातावरण सृजना गर्दछ । यसले श्रम तथा पूँजीलाई विश्वभर कहीं पनि स्थापित गर्ने अवसर प्रदान गर्छ। साथै, वित्तीय बजार तथा प्रत्यक्ष विदेशी लगानी (FDI) को विस्तारलाई प्रवर्द्धन गर्छ। अतः कुनै पनि मुलुक र उस्को विकास प्रकृया विश्वव्यापीकरणबाट अलग हुन सक्दैन । त्यसैले नेपाल जस्तो विकासोन्मुख राष्ट्रले विश्वव्यापीकरणबाट प्राप्त अवसर तथा चुनौतिलाई सन्तुलन गर्दै यस्को प्रभाकारी व्यवस्थापन गर्नुपर्ने हुन्छ । त्यस्का लागी देहायका उपायहरु अवलम्बन गर्न सकिन्छः

- विश्वव्यापीकरण तथा उदारीकरणको अवधारणालाई स्वीकार गर्ने
- सम्भाव्य क्षेत्रहरुको पहिचान गरी राष्ट्रिय उत्पादनमा व्यापक वृद्धि गर्ने

- तुलनात्मक लाभका क्षेत्र पहिचान गरी उत्पादकत्व पृद्धिमा जोड र निर्यात प्रवर्धन गर्ने । दुर्लभ वस्तुको संरक्षण र सर्वसूलभ वस्तुको विश्वव्यापीकरण गर्ने ।
- खुला,प्रतिष्पर्धात्मक ,पारदर्शि एवं अनुकुल घरेलु वातावरण सृजना गरी गरि सुरक्षीत लगानी स्थलको रुपमा पहिचान वनाउने
- स्थानीय, राष्ट्रिय, क्षेत्रिय, अन्तराष्ट्रिय फरमहरुमा राज्य र राज्य बाहेकका क्षेत्रको वार्ता तथा सौदावाजी क्षमता बलियो बनाउने
- सूचना तथा प्रविधि माथिको उच्चतम उपयोग गरी स्वदेशी उद्योगधन्दाहरूको प्रतिष्पर्धात्मक क्षमता वृद्धि गरी न्यून लागतमा गुणस्तरीय उत्पादनमा जोड दिने ।
- Brain Drain & Body Drain को अवस्थामा सुधार ल्याउन नीतिगत र कार्यक्रमगत पहल गर्ने
- मौलिक संस्कृतिको संरक्षणमा जनचेतना अभिवृद्धि गर्ने र त्यसको प्रवर्द्धन गर्न प्रोत्साहित गर्ने ।
- उद्यमशीलता विकास गराई विप्रेषणवाट प्राप्त आयलाई उत्पादनशील क्षेत्रमा लगानी गरी अधिकतम प्रतिफल लिने वातावरण वनाउने ।
- न्यून प्रशासनिक अवरोध न्यून गरि सहज व्यवसायिक वातावारण सृजना गर्ने

**निष्कर्ष**

विकास प्रक्रियालाई प्रभावकारी बनाउन विश्वव्यापीकरणको महत्वपुर्ण भूमिका रहन्छ । अन्तर्राष्ट्रिय साझेदारी तथा सहकार्यमार्फत व्यापार, पूँजी, तथा प्रविधिको आदानप्रदानले मुलुकको आर्थिक विकासमा सहयोग गर्छ। यद्यपि, विश्वव्यापीकरणले प्रदान गर्ने अवसरहरूका बावजुत आर्थिक असमानता तथा परनिर्भरता सृजना गर्ने चुनौतीहरू पनि उत्तिकै हुन सक्दछन् । नेपालमा पनि विश्वव्यापीकरणको प्रभाव मिश्रित रहेको छ । कतिपय क्षेत्रमा सकारात्मक परिवर्तन भए पनि वैदेशिक लगानी तथा रोजगारी प्रवर्द्धनका प्रयासहरू अपेक्षित परिणाम दिन सफल भएका छैनन् । नेपालमा विश्वव्यापिकरण र विकास सम्बन्धी प्रभाबकारी नीति तथा योजनाहरू अवलम्बन गर्दै विश्वव्यापीकरणबाट प्राप्त अवसरलाई सन्तुलित रूपमा सदुपयोग गर्न सकियो भने दीर्घकालीन विकासलाई सुनिश्चित गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिन्छ।

**सन्दर्भ सामग्रीहरु**


- नेपालको संविधान २०७२
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र नियमावली, २०७७

- औद्योगिक व्यवसाय ऐन, २०७६ र नियमावली, २०७८
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र नियमावली, २०७७
- औद्योगिक नीति, २०६७
- आपूर्ति नीति, २०६९
- वाणिज्य नीति, २०८१
- राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३
- सार्वजनिक निजी साझेदारी नीति, २०७२
- सोर्हो योजना (२०८१/८२ — २०८५/८६)
- विभिन्न आर्थिक वर्षका आर्थिक सर्वेक्षणहरु

# नेपालको शासकीय संरचना र आर्थिक विकासको कसिमा गण्डकी प्रदेश

**मुक्तिराम अर्याल**[10]

**पृष्ठभूमि**

नेपालको इतिहास गौरवपुर्ण छ। सवैभन्दा प्राचीन मानिने नेपालको ईतिहासलाई विभिन्न पक्षहरुवाट विश्लेषण गरिन्छ। सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन र द्वापरयुगमा मुक्तिसोपान भनिन्थ्यो। बुटवलमा भेटिएको रामापिथेकसको अवशेषले एक करोड वर्षभन्दा अगाडि देखि नेपालमा मानवको बसोबास भएको पुष्टि हुन्छ । नेपाल ऋषिमुनिहरूको तपोभूमि हो नै । कौशिक तथा बाल्मीकि लगायतका ऋषिमुनिहरुले यहाँ तपस्या गर्थे। यो तपोभुमिको शासकिय इतिहासलाई मुख्य गरी प्राचीन काल, मध्यकाल, आधुनिककाल र उत्तरआधुनिक काल गरी चार खण्डमा अध्ययनगर्न सकिन्छ।

**नेपालको शासकीय विकासक्रम**

प्राचिनकालः नेपालको विधिवत शासन प्रणाली गोपालवंशवाट सुरुवात भएको पाईन्छ। गोपा वंशावली अनुसार गोपालवंशी आठजना शासकहरूले करिब ५०५ वर्ष नेपालको शासन गरेको अनुमान छ। केन्द्रिकृत राजतन्त्र तथा कुलिनतन्त्रात्मक परम्परावाट शासन सुरुवात भएको ईतिहास छ। गोपालवंशलाई युद्धमा पराजित गरी महिषपालहरूले नेपालको शासनमा नियन्त्रण कायम गरेका थिए। यस वंशका राजाहरुले करिब १६१ वर्ष शासन गरे। यसैगरी आभीर वंशका राजालाई युद्धमा पराजित गरी किरातवंशीले शासन गरेका थिए। किरातवंशका २९ पुस्ताका ३२ राजाहरूले झन्डै १५०० वर्ष जति शासन चलाएको मानिन्छ। राजतन्त्र, केन्द्रिकृत शासन तथा युद्ध यस कालका विशेषताहरु हुन।

मध्यकालः मल्लकाललाई मध्यकाल भनिन्छ। यसकालमा राजाहरुले करिव ९०० वर्ष शासन गरे। कला तथा संगितको युग भनिने यसकालमा राजा तथा भाईभारदारवीच फुट तथा कलहमा समय वित्यो। अहिलेको संघीय संरचना जस्तै तर भाइ भारदारहरुमा मात्र सिमित रहेको यस युगमा राजाका छोरा छोरीहरुले अंसको रुपमा राज्य लिने प्रचलन थियो। यसै कारण बाईसे चौविसे राज्य प्रान्तिय सरकारको रुपमा रहेका थिए तथापी एक आपसमा बलियो सम्बन्धको अभाव भएर पतन हुन पुगेका थिए। अहिलेको जस्तो सुचना प्रविधिको विकास नभएकोले मल्ल राज्यका प्रान्तिय सरकार र संघीय सरकारको सम्बन्ध रहिरहन सकेन त्यसैले छुट्टा छुट्टै राज्यको रुप जस्तो देखिएको थियो। दरवारिया भित्रै षडन्त्र रचिन थाले र आफ्नै राज्य कमजोर बनाउन तल्लिनरहे। तात्कालिन

[10] सहसचिव, नेपाल सरकार

पृथ्विनारायण शाहले गरेको एकीकरणताकाको नेपाल भन्दा मल्ल राज्यको समयमा नेपालको सीमा विशाल थियो। केन्द्रीय शासकले सवै राज्यमा नियमन गर्न नसक्दा राज्य पतन भएको अनुमान छ। मल्ल कालमा कर्मचारीहरूलाई पात्र वा महापात्र भनिन्थ्यो। कुमारी चोक अड्डाबाट व्यवस्थित तरिकाले लेखा राख्ने र जाँच्ने चलन मल्ल कालदेखि नै शुरु भएको रहेछ। मल्ल राज्यकालमा नेपालमा प्रशासन अत्यन्त केन्द्रीकृत रहेको टिप्पणी छ।

आधुनिककालः वि. स १७७९ देखि आधुनिककाल सुरु भएको मानिन्छ। पृथ्वी नारायण शाहको कार्यकालवाट सुरुवात भएको आधुनिककाललाई शाहकाल,राणाकाल,पंचायतकाल र वहुदलीय प्रजातान्त्रिककाल भनी विभाजन गर्ने गरिन्छ। शाहाकाल र पंचायतकालमा राजा नै सर्वेसर्वा भए। राणाकालमा राणाहरुको हालीमुहाली भएको पाईन्छ। वहुदलीय प्रजातन्त्रको सुरुवात संगै नागरिकहरुले केहिहदसम्म अधिकारको अनुभुति गरेको अवस्था थियो। तर'हाम्रो राजा हाम्रो देश' मा अल्झिरह्यो देश। देश विकासका Model हरु तथा शासन प्रणालीहरु प्रभावकारी रुपमा अपनाउन सकिएन। 'Survival' रणनीति नै प्रमुख मानियो। सत्ता र सुखसयलमा मात्र जोड दिईएको पाईन्छ। संविधान र कानुनहरु त वनेका थिए तर कार्यान्वयन फितलो भयो। नागरिकका चाहाना र विश्व व्यावस्थालाई वुझ्न र आकारमा राख्न सकिएन। यसैकारण दश वर्षे माओवादी युद्ध सुरुवात भयो। नेपालको पहिलो मुलुकी ऐन, १९१०; नेपालको वैधानिक कानुन, २००४; नेपालको अन्तरिम शासन विद्यान, २००७; नेपाल अधिराज्यको संविधान, २०१५; नेपालको संविधान, २०१९ तथा नेपाल अधिराज्यको संविधान, २०४७ ले यस समयको अवस्था चित्रण गर्दछन।

उत्तरआधुनिककालः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली यसकालको प्रमुख विशेषता हो। नेपालको अन्तरिम संविधान,२०६३ लागु भएसंगै शासन प्रणालीमा उत्तरआधुनिकताले प्रवेश पाएको हो। नेपालको संविधान,२०७२ लागु भएपछि अझ यसको दायरा परिस्कृत र फराकिलो भएको छ। केन्द्रीकृत ब्यावस्थाले नागरिकका अधिकारहरु प्रदान गर्न नसकेको, असमानता र गरिवी वढ्दै गएको, विविधता व्यवस्थापनलाई प्रभावकारी रुपमा लागु गर्न नसकेले संघीय प्रणालीको सुरुवात भएको अवस्था हो। संघीयता, गणतन्त्र, लोकतन्त्र. समानुपातिक सहभागिता तथा समावेशीकरण र धर्मनिरपेक्षता यसकालका विशेषताहरु हुन।

**शासकीय संरचना र नेपाल**

शासन संचालन गर्न आवस्यक पर्ने राज्यको शक्ति, स्रोत र जिम्मेवारीलाई विभिन्न संरचनाहरुमा विभाजन गरी अभ्यासका गर्नु शासकिय संरचनाको प्रयोग हो । शासनको संरचनालाई मुख्यरुपमा राजनीतिक संरचना र प्रशासनिक संरचना गरी विभाजन गर्न सकिन्छ। राजनीतिक संरचना भित्र राज्यको स्वरुप (एकात्मक, संघात्मकवामहासंघीय),सरकारको स्वरुप (अध्यक्षात्मक, संसदीय वा

मिश्रित), सरकारका अंग तथा शक्ति बाँडफाँडको अवस्था (शक्ति पृथकीकरण रसन्तुलन तथा नियन्त्रण),निर्वाचन प्रणाली (बहुमतीय, समानुपातिक वामिश्रित) तथा राजनैतिक दलहरु वा दलीय प्रणाली (निर्दलीय, एकदलीय, दुई दलीय, वा बहुदलीय) पर्दछन। राजनीतिक संरचनाको आधारमा मात्र प्रशासनिक संरचनाको निर्धारण गरिन्छ।

**राज्यको स्वरुपका प्रकार**

**संघीयता र नेपाल**

एक राज्यमा दुई वा दुई भन्दा बढी तहको सरकार रहेको राजनीतिक प्रणाली वा शासन व्यवस्थालाई संघीय शासन प्रणाली भनिन्छ । एकात्मक प्रणालीमा पनि तहगत सरकारहरु हुन सक्छन तर तहगत सरकार केन्द्रीय निकायका वैधानिक संरचना हुन्छन भने संघीयतामा ती तहहरूको संवैधानिक स्वायत्ता हुन्छ ।सार्वभौमसत्ताको दुई भन्दा बढी तहका सरकारहरु बीचमा बाँडफाँड गर्ने पद्धति ( Division of Soverignty) हो संघीयता।केन्द्रमा रहेको अधिकार र कर्तब्यलाई संविधानद्धारा संघ, राज्य तथा स्थानीय तहमा बाँडफाँड गरी अभ्यास गर्ने गरिन्छ ।त्यसैले संघीयतालाई self-rule र shared rule पनि भनिन्छ।

संघीयताको आधुनिक अवधारणा अमेरिकाको सन् १७८७ को संविधानले मुलुकलाई महासंघीय राज्यबाट संघीय राज्यमा रूपान्तरण गरे सँगै आएको हो ।तथापी यो अधारणा प्राचीन ग्रिस, नेदरल्याण्ड र ब्रिटिस साम्राज्यबाट आएको मानिन्छ। यो अवधारणामा दुई तहका सरकारहरूको स्वतन्त्रतालाई जोड दिइएको हुन्छ। संघीय शासन प्रणाली अपनाउने अर्को पुरानो मुलुक स्वीजरल्याण्ड पनि हो ।

संघीयताका प्रमुख दुई सिद्धान्तहरु छन। पहिलो coming together (दुईभन्दा बढी सार्वभौम र स्वतन्त्र राज्य मिलेर नयाँ राज्य बनाउने) सिद्धान्तले स्वतन्त्र मुलुकहरूले सङ्घीय पद्धतिमा एकात्मक जनाएर नयाँ मुलुक बनाएको अवस्थालाई जनाउछ। यसलाई Federation by Aggregation पनि भनिन्छ। जस्तै : अमेरिका (१७८७), स्विजरल्याण्ड (१८४८),अर्जेन्टिना(१८५३), अस्ट्रेलिया (१९००), जर्मनी (१९१९), रसिया (१९३६) र दोस्रो Holding together (एकात्मक राज्यले केन्द्रको शक्ति राज्य तह खडा गरी हस्तान्तरण गर्ने) सिद्धान्तले एउटा सिङ्गो राष्ट्र वा एकात्मक राज्यबाट विभिन्न प्रान्तहरू छुटिन्छन र केन्द्र तथा प्रान्त बीच अधिकारको बाँडफाँड हुन्छ लाई जनाउछ। एउटा सार्वभौम मुलुकले अधिकारको विकेन्द्रीकरण संविधानबाट नै गरी शासन व्यवस्था सञ्चालन गर्ने अवस्थाको ईंकित Holding together ले गर्दछ।जसलाई Federation by Disaggregation पनि भनिन्छ।जस्तैःक्यानडा (१८६७), ब्राजिल (१८९१), नाइजेरिया (१९६०) ।साथै अन्यमा केन्द्रमुखी संघीयता

(Centripetal Federalism) तथा केन्द्रबिमुख संघीयता (Centrifugal Federalism), महासंघ (Confederation), दोहोरो संघीयता (Dual/Two Tier / competitive Federalism), सहकारी संघीयता (Co-operative Federalism) अधिकारको समान बाँडफाँड भएको संघीयता (Symmetric Federalism) अधिकारको असमान बाँडफाँड भएको संघीयता (Asymmetric Federalism) हुन्छन।

**नेपालमा संघीयताको औचित्य र आधार**

नेपाल एकात्मक स्वरूपबाट संघीयतामा प्रवेश गर्ने मुलुक भित्र पर्दछ । एकात्मक र केन्द्रीकृत प्रणालीले जनआकंक्षालाई सम्बोधन गर्न र जनतालाई शासन व्यवस्थामा सहभागी गराउन नसक्नु, वर्गीय, जातीय, भाषिक लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्य सफल नहुनु, राज्य सञ्चालनमा समावेशिता, हिस्सेदारी र स्वामित्व स्थापना हुन नसक्नु जस्ता कारणबाट नेपाल एकात्मक राज्य बाट सङ्घीय राज्यमा रूपान्तरण भएको हो । सङ्घीयताको पक्षमा भएका आन्दोलनहरूलाई सम्बोधन गर्न नेपालको अन्तरिम संविधान २०६३ ले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्नु, राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी लोकतान्त्रिक सङ्घीय शासन प्रणाली सहितको अग्रगामी पुनर्संरचना गरिने नीति स्वीकार गरेको थियो । मिति २०७२ सालमा जारी भएको नेपालको संविधानले संघीयतालाई राज्य व्यवस्था सञ्चालनको प्रमुख आधारको रुपमा अंगिकार गरेको छ ।

नेपालमा युगौंदेखि नै सामन्तवादी परम्परावाट विकसित हुदै आएको शासन प्रणाली अवलम्वन गरिएको छ। केन्द्रिकृत संस्कार,गरिवी र असमानता विद्यमानता थियो। विविधता व्यवस्थापन, सहभागितामुलक प्रतिनिधित्व,स्वमित्ववोध जस्ता पक्षहरुमा जोड दिई विकास गर्दा दिगो हुने तथ्यलाई मनन गरी नेपालमा संघीयताको सुरुवात गरिएको हो। देशको सामाजिक आर्थिक तथा राजनीतिक विकासको लागि संघीयता अवलम्वन गरिएको हो।सरकारलाई जनताको नजिक पुर्याँउने, शासकीय पद्धतिमा सहभागिताको अवसर बढाउँने, बहुमतीय अधिपत्यलाई केही हदसम्म कम गर्ने, सामाजिक सांस्कृति समस्या सम्बोधन गरी राष्ट्रिय विकासलाई प्रोत्साहित गर्ने, समावेशी लोकतन्त्रलाई सम्भव तुल्याउँने, सामूहिक र साँस्कृतिक पहिचानलाई प्रोत्साहन गर्ने, स्थानीय स्रोत र सम्भावनाको उपयोगको आधार प्रदान गर्ने , राज्यबीचको प्रतिस्पर्धाले विकास र प्रगतिलाई प्रोत्साहित गर्ने,राज्य प्रणालीमा सबैको स्वामित्व र सामाजिक सहभाव विकास गर्ने, विविधता व्यवस्थापनद्धारा राष्ट्रिय एकता र अखण्डता मजबुत वनाउँने, सामाजिक द्धन्द्धको दिगो समाधान गर्ने जस्ता उद्देश्य लिएको थियो।

संघीयताका दुईआधार लिएको थियो पहिलो पहिचानको आधारःजातिय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता, ऐतिहासिक निरन्तरता र दोस्रो सामर्थ्यको

आधारःआर्थिक अन्तरसम्बन्ध र सामार्थ्य, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन स्रोतको उपलब्धता, र प्रशासनिक सुगमता।

**गण्डकी प्रदेश र विकास**

**पौराणिक सभ्यता र महत्व**

गण्डकी अंचल तथा गण्डकी प्रदेशको नामाकरण गण्डकी नदिको नामवाट भएको हो।गण्डकी नदि गण्डक सभ्यतासंग जोडिएको छ जुन ज्यादै पुरानो सभ्यता हो । बिश्वमा सभ्यताको विकाश प्रायजसो नदी किनारबाट भएको देखिन्छ ।एक अध्ययानका अनुसार कश्मिरी लेखक कल्हणले आफ्नो 'राजतंरगिणी' मा कश्मिरी राजाजयापिडलाई नेपालका तत्कालीन शासक अरमुण्डीले गण्डकी पार गर्ने क्रममा हराएको र थुनिएको कुरा इतिहासमा उल्लेख छ।यसकारण करिव आठौं सताव्दीको समयमा गण्डक सभ्यता विकसित भएकोपुष्टि हुन्छ ।त्यसैगरी पद्म पुराणको पाताल खण्डको विष्णु अध्यायमा गण्डकी सालिग्राम महात्म्यको वर्णन छ ।साथै ७५ औं अध्यायमा गण्डकी तिर्थको वर्णन छ। स्कन्ध पुराणको वैष्णव खण्डमा जयविजयले गण्डकी नदिमा स्नान गरेर मुक्ति पाएको उल्लेख छ । यहाँ वाहेक सालिग्रम शिला विश्वमा अन्त कतै पाईदैन । वराह पुराणमा गण्डकीको उत्थान देखी नारायणी नदी (वाल्मिकी आश्रम) सम्मको बर्णन छ । सतिदेवीको ५१ पिठहरुमध्ये दाहिने गण्डस्थल मुक्तिनाथमै पतन भएको उल्लेखछ । गलेश्वरमा रहेको चक्रशिलाको वर्णन भगवतमा पनि गरिएको छ । कालि र श्रीकृष्ण गण्डकीको संगमस्थल कागवेनी पवित्र तिर्थस्थल मानिन्छ।मुक्तिक्षेत्र, देवघाट, त्रिवेणीधाम, हरिहर क्षेत्र आदि गण्डकी सभ्यताका धरोहरु हुन । गण्डकी क्षेत्रमा पर्ने धार्मिक, सँस्कृतिक र पर्यटकीय क्षेत्रहरु :दामोदर कुण्ड ,मुक्तिक्षेत्र, कागवेनी, गलेश्वर धाम ,पुलस्त्य, पुलाआश्रम सेतिवेनी, मिर्मी, देवघाट,नारायण घाट, त्रिवेणी निकै प्रसिद्ध मानिन्छन।अतःहालको गण्डकी प्रदेश विश्वमा नै प्रसिद्ध कमाएको क्षेत्र हो।यहाँ जन्मने तथा वसोवास गर्ने मानिसहरु पनि धार्मिक आध्यात्मिक तथा विवेकशिल हुन्छन भन्ने विश्वास छ।

**भौगोलिक र प्रशासकीय विभाजन**

नेपालको संविधान,२०७२अनुसार देशसंघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएको छ। नेपाल ७ प्रदेश र ७५३ स्थानीय तह गरि ७६१ वटा सरकार क्रियाशिल छन।पर्यटकीय नगरी पोखरा रहेको गण्डकी प्रदेश अन्तर्गत धौलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ७ गरी जम्मा ११ जिल्ला रहेका छन। साथै १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका

गरी जम्मा ८५ स्थानीय तह रहेका छन ।त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र रहेका छन । प्रदेश सभामा समानुपातिक सहित कूल ६० सदस्य रहन सक्ने संवैधानिक प्रावधान छ ।

नेपालको कुल क्षेत्रफलको १४.४ प्रतिशत क्षेत्रफल यो प्रदेशले ओगटेको छ । धेरै पहाडी भु-भाग रहेको यो प्रदेश नेपालको मध्य भागमा पर्दछ । नेपालकै सबैभन्दा ठूलो महानगरपालिकाको रुपमा रहेको पोखरा महानगरपालिका समेत यस प्रदेशमा रहेको छ । २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्याको करिव ९.१ प्रतिशत यो प्रदेशमा वसोवास गर्दछन तर जनसंख्याको वार्षिक वृद्धिदर भने निकै कम रहेको छ।

**आर्थिक सामाजिक अवस्था**

नेपालको कुल जनसंख्याको ६२ प्रतिशत कृषिमा आधारित छ भने यस प्रदेशमा जनसंख्याको ७२.४ प्रतिशत कृषिमा आधारित रहेको छ। यस प्रदेशको २५५६५१ हेक्टर जमिन खेतीयोग्य छ। खेतीयोग्य जमिनको ४५.८ प्रतिशत सिचाईं योग्य जमिन छ । नेपालका उद्योगहरु मध्ये ९.६ प्रतिशत यस प्रदेशमा पर्दछन।३४.९ प्रतिशत वनले ढाकेको यस क्षेत्रमा ५७८ वटा वैंकका शाखाहरु रहेका छन।पर्यटकको क्षेत्रमा अग्रणी रहेको यस प्रदेशमा २४९७ होटल तथा रेस्टुराहरु रहेका छन । धार्मिक तथा प्राकृतिक दृष्टिकोणले निकै अगाडी रहेको छ यो क्षेत्र । माछापुच्छ्रे हिमालको काखमा अवस्थित पोखरा नगरीमा फेवा ताल,रुपा ताल र वेगनाश ताल जस्ता अनुपम दृष्यहरु निकै लोभलाग्दा छन।विन्दवाशिनी मन्दिर, सेती नदि. महेन्द्र गुफा तथा सराङ्गकोटको दृष्यावलोकन हरेक पर्याटकका लागि आकर्षकका केन्द्रहरुहुन।पर्वतको झोलुङ्गे पुलहरु,वाग्लुङको कालिका मन्दिर तथा ढोरपाटन शिकार आरक्षण,म्यागदिको गलेश्वर, मुस्ताङको मुक्तिनाथ, मनाङको तिलिचो ताल,तनहुको देवघाट तथा रम्घा लमजुङको घलेगाँउ, स्याङजाको कालिगण्डकी तथा गोरखाको गोरखा दरवार यस क्षेत्रका प्रशिद्ध ठाँउहरु हुन।

यस प्रदेशमा ८८ जातका मानिसहरु वसोवास गर्छन। जसमध्ये वाहुन २१.६ प्रतिशत, मगर १८.९ प्रतिशत, क्षेत्री १३.४ प्रतिशत, गुरुङ ११.४ प्रतिशत, कामी ८.७ प्रतिशत तथा नेवार ४.१ प्रतिशत मुख्य हुन । नेपाली भाषा ७३.५ प्रतिशत, मगर भाषा ९.९ प्रतिशत, तथा गुरुङ भाषा ८.८ प्रतिशत ले वोल्दछन । नेपालको ५४ प्रतिशत जनसंख्या कुनै न कुनै काममा संलग्न हुँदा यस प्रदेशका ८१ प्रतिशत मानिसहरू संलग्न रहेका छन् । यस प्रदेशका ७४ प्रतिशत जनसंख्या साक्षर छन भने औषत आयु ६९.५ वर्ष रहेको छ । यसैगरी यस प्रदेशको समग्र विद्युतमा ४९ प्रतिशत, राजस्वमा ४ प्रतिशत तथा राष्ट्रिय खर्चमा ६ प्रतिशत योगदान रहेको छ ।

**सामाजिक विकासको प्रदेशगत तुलनात्मक विश्लेषण**

| प्रदेश | बहुआयमिक गरिवी प्रतिशतमा | निरपेक्ष गरिवी प्रतिशतमा | मानव विकास सूचकाङ्क | साक्षरता दर प्रतिशतमा |
|---|---|---|---|---|
| कोशी | १५.९ | १७.२ | ०.५८० | ७८.२ |
| मधेश | २४.२ | २२.५ | ०.५१० | ६८.३ |
| वाग्मती | ७ | १२.६ | ०.६६१ | ८३.० |
| गण्डकी | ९.६ | ११.९ | ०.६१८ | ८३.४ |
| लुम्बिनी | १८.२ | २४.४ | ०.५६३ | ८०.१ |
| कर्णाली | ३९.५ | २६.२ | ०.५३८ | ७६.६ |
| सुदुरपश्चिम | २५.३ | ३४.२ | ०.५४७ | ७३.५ |
| राष्ट्रिय | १७.४ | १७.३ | ०.६०२ | ७६.५ |

**स्रोतः सोह्रौ योजना**

विश्लेषण : समग्रमा गण्डकी प्रदेश सामाजिक क्षेत्रमा उत्कृष्ट देखिन्छ। सवैभन्दा कम निरपेक्ष गरिवी ११.३ प्रतिशत तथा सवैभन्दा वढी साक्षरता दर ८३.४ प्रतिशत यही प्रदेशको रहेको छ । वहुआयमिक गरिवीमा वाग्मती पछिको दोस्रो कम तथा मानव विकास सुचांकमा पनि वाग्मती पछि दोस्रो वढी भएको प्रदेशमा पर्दछ।

आर्थिक विकासको प्रदेशगत  तुल्नात्मक विश्लेषण (आ. व २०८०/८१मा आधारित)

| प्रदेश | कुल ग्राहस्थ्य उत्पादन अर्वमा | राष्ट्रिय उत्पादनमा योगदान प्रतिशतमा | आर्थिक वृद्धि प्रतिशत | प्रतिव्यक्ति आय अमेरिकी डलरमा |
|---|---|---|---|---|
| कोशी | ९०३.०५ | १५.८ | ३.२ | १३३६ |
| मधेश | ७४८.३७ | १३.१ | ३.४ | ८९२ |

| | | | | |
|---|---|---|---|---|
| वाग्मती | २०७४.४२ | ३६.४ | ३.६ | २४८४ |
| गण्डकी | ५१६.७० | ९.१ | ४.२ | १५५७ |
| लुम्बिनी | ८१४.०४ | १४.३ | ३.६ | ११५९ |
| कर्णाली | २४३.९९ | ४.३ | ३.०८ | १०६६ |
| सुदुरपश्चिम | ४०४.२८ | ७.१ | ३.०६ | ११११ |
| राष्ट्रिय | ५७०४.८५ | १०० | ३.५ | १४३४ |

स्रोत : गण्डकी प्रदेशको आर्थिक गतिविधिको अध्ययन प्रतिवेदन, २०८०

विश्लेषण : आ. व २०८०/ ८१ को GDP मा गण्डकी प्रदेश पाचौं नम्वरमा देखिन्छ भने यसको योगदानमा पनि पाचौं नम्वरमा नै छ। आर्थिक वृद्धिदर सवैभन्दा वढी ४.२ प्रतिशत देखिन्छ भने Per Capita Income मा वाग्मती पछि दोस्रो नम्वरमा १५५७ अमेरिकी डलर रहेको छ।

| प्रदेश | प्रतिष्ठानबाट रोजगारी प्रतिशतमा | बेरोजगारी प्रतिशत | स्थानीय तहमा औषत वित्त हस्तान्तरण प्रतिशतमा |
|---|---|---|---|
| कोशी | १६.९ | १०.२ | ७.७ |
| मधेश | ११ | २०.१ | ९.७ |
| वाग्मती | ३७.८ | ७ | १४.१ |
| गण्डकी | १०.३ | ९ | ६.३ |
| लुम्बिनी | १४.७ | ११.२ | १४.१ |
| कर्णाली | ३.७ | ९.७ | ८.९ |
| सुदुरपश्चिम | ४.७ | ११.५ | ६.६ |
| राष्ट्रिय | १०० | ११.४ | ९.९ |

स्रोत : गण्डकी प्रदेशको आर्थिक सामाजिक एवं पूर्वाधार विकासको अध्ययन प्रतिवेदन, २०७५

विश्लेषण : प्रतिष्ठानवाट प्रदान गरिने रोजगारीमा गण्डकी प्रदेश पाचौं नम्वरमा देखिन्छ भने वित्त हस्तान्तरण गर्नेमा सवैभन्दा कम ६.३ प्रतिशत रहेको छ। वेरोजगारी दर भने यस प्रदेशको वाग्मती पछि दोस्रो कम ९ प्रतिशत रहेको छ। समग्र आर्थिक क्षेत्रमा यस प्रदेशको अवस्था औषत देखिन्छ।

गण्डकी प्रदेशको व्यय वजेटको विश्लेषण

| आर्थिक वर्ष | बजेट रु करोडमा | चालू खर्च प्रतिशत | पुँजीगत खर्च प्रतिशत | वित्तीय व्यवस्था |
|---|---|---|---|---|
| २०७६/७७ | ३२३३ | ३८ | ६२ | - |
| २०७७/७८ | ३८८४ | ४१.२ | ५७.४ | १.४ |
| २०७८/७९ | ३०३ | ४३.५ | ५५.७ | ०.८ |
| २०७९/८० | ३५९० | ३६.९ | ६१.६ | १.३ |
| २०८०/८१ | ३३४२ | ३८.१ | ६०.४ | १.५ |
| २०८१/८२ | ३२९७ | ३९.९ | ५९.१ | ०.९ |

स्रोतः गण्डकी प्रदेश वजेट वक्तब्यहरु

वित्त

विश्लेषणः आ. व २०७६/ ७७ देखि २०८१/ ८२ को वजेट विनियोजन हेर्दा वजेटको वृद्धिमा एकरुपता देखिदैन। राम्रो पक्ष भनेको चालु खर्च भन्दा पूजिंगत खर्च वढी रहेको छ जुन प्राय सवै प्रदेशहरुमा नै रहेको छ। सङ्घीय सरकारको वजेटमा भने पूजिंगत खर्चभन्दा चालुखर्च तेब्वर वढी रहेको छ।

गण्डकी प्रदेशको आय वजेटको विश्लेषण

रकम रु करोडमा

| आर्थिक वर्ष | आन्तरिक राजस्व | वित्तीय समानीकरण अनुदान | ससर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | राजस्व वाँडफाँट | रोयल्टी | न्यून बजेट |
|---|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | ३२७ | ७११ | ५३५ | ७५ | ७५ | ७७० | ४० | ६७३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७७/ ७८ | ४६० | ७११ | ४२० | १४९ | ५४ | ७८९ | ३० | ९०० |
| २०७८/ ७९ | ४९८ | ७४२ | ४१८ | ८७ | ५४ | ७६२ | ३० | ४१० |
| २०७९/ ८० | ५०९ | ७९२ | ६९१ | ८३ | ८६ | ९२३ | ३२ | ४७१ |
| २०८०/ ८१ | ५१६ | ७६२ | ४९४ | ८४ | ७० | ९०५ | ४० | ४७० |
| २०८१/ ८२ | ५१७ | ७६३ | ३५९ | ११९ | ६५ | ९६१ | ४८ | ४६३ |

स्रोत: गण्डकी प्रदेश वजेट वक्तब्यहरु

आ. व २०८१/ ८२ मा रहेको वजेटको तुलनात्मक विश्लेषण

| प्रदेश | वजेट | समानीकरण | ससर्त | विशेष | समपुरक | राजस्व वाँडफाँड | आन्तरिक राजस्व |
|---|---|---|---|---|---|---|---|
| कोशी | ३५२७ | ८०९४ | ४०१६ | ७८ | ६५ | १२४० | ४०९८ |
| गण्डकी | ३२९७ | ७०६३ | ३०५९ | ६५ | १०१९ | ९०६१ | ५१७ |
| कर्णाली | ३१४१ | १०३६ | ३०७१ | ६७ | १०२८ | ९०३८ | ८३ |
| सुदुरपश्चिम | ३१६२ | ८०७२ | ३०१३ | ५५ | १०४२ | ९०९९ | १०६० |

स्रोतः हरेक प्रदेशका आ व २०८१/ ८२ का वजेट वक्तब्य

विश्लेषणः चारवटा प्रदेशको तुल्नात्मक अधययन गर्दा गण्डकी प्रदेशको अवस्था राम्रो देखिएता पनि सवै प्रदेशको आधारमा हेर्दा औषत रहेको छ।

**गण्डकी प्रदेशको विकास प्रकृयामा रहेका समस्या र चुनौती**

क) राजनीतिक क्षेत्रका समस्या र चुनौती

- नेपालका राजनीतिक दलहरु केन्द्रवाट नै निर्देशित छन। दलहरुको लोकतान्त्रिकरण तथा संघीयकरण नहुदा प्रदेशहरु मुलत 'Centered- Seeking' रुपमा संचालन हुनु।
- संघीय सरकार परिवर्तन संगै प्रदेशमा त्यसको असर पर्नु। संघको भन्दा पनि प्रदेश सरकार छिटो छिटो परिवर्तन भएका छन। Political Instability समस्याको रुपमा देखिनु।
- निर्वाचन प्रकृयामा समय सापेक्ष सुधार हुन सकेन। चुनाव खर्चिलो भयो। Political Professional ले भन्दा व्यापार तथा धनीहरुले चुनाव जिते। दलहरुको खर्चको Auditing तथा दलहरुको निर्वाचन नेपालका संवैधानिक निकायवाट हुनु पर्ने व्यवस्था लागु भएन। Political Accountability तथा Professinalism मा कमजोरी देखिनु।
- प्रदेशमा राजनीतिक दलहरुमा राजनीतिक संस्कार तथा क्षमतामा कमजोरी देखिनु ।

ख) आर्थिक क्षेत्रका समस्या र चुनौती

- Remittance मा आधारित अर्थतन्त्र भन्सार र आयतमुखी राजस्व तथा Informal Economy नेपालको अर्थतन्त्रका विशेषता वनेका छन। संघको अर्थतन्त्र कमजोर हुदा प्रदेशमा प्रत्यक्ष प्रभाव पर्नु।
- गण्डकी प्रदेशको देशको GDP तथा राजस्वमा योगदान क्रमशः ९% तथा ४% रहेको छ। यसकारण सामाजिक क्षेत्रमा अग्रणी रहेको प्रदेश अन्य प्रदेशको तुलनामा आर्थिक कृयाकलापमा कमजोर देखिन्छ। अत : यस प्रदेशको समग्र अर्थतन्त्रमा सुधार गर्नु चुनौतीपुर्ण हुनु।
- राष्ट्रिय स्तरमा झै यस प्रदेशको Migration flow वढिरहेको छ। जसले गर्दा कृषि तथा पशुपालनको क्षेत्र कमजोर देखिन्छ। कृषि उद्योग तथा व्यावसाय कमजोर हुदा उत्पादन कमजोर भई आयतमा आधारित हुदा व्यापार घाटा वढ्दै जानु।
- Migration, Brain- Drain वढनु तथा उत्पादन तथा उत्पादकत्व कमजोर हुदा राष्ट्रको Demand मा कमजोर भएको छ। यसले गर्दा अर्थतन्त्रमा सुस्तता आई चलायमान हुन नसक्दा प्रदेशको अर्थतन्त्र प्रभावकारी हुन नसक्नु।
- सामाजिक सुरक्षाको प्रभावकारी व्यवस्थापन भएको छैन। संघीयतामा संरचनाहरु वढिरहेको अवस्था छ। जसले गर्दा चालु खर्चमा वृद्धि भएको तथा पुजिगत खर्च कम विनियोजन हुने र त्यसमा पनि खर्च करिव ६०% मात्र हुनु साथै कमजोर लगानीको वातावरण राष्ट्रिय तथा प्रदेश अर्थतन्त्रका चुनौतीको रुपमा हुनु।

ग) सामाजिक - सास्कृतिक क्षेत्रका समस्या र चुनौती

- शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रहरु निजीकरण गरिएका छन। जसले गर्दा सवै नागरिकको पहुँचमा वृद्धि भएको छैन। असमानतामा वृद्धि भएको छ। प्रदेशमा हुने खाने र हुदाँ खाने वीचको खाडल पुरा गर्नु चुनौतीको रुपमा रहनु।
- हालसम्म विद्यालय शिक्षा ऐन ल्याउन सकिएको छैन। शिक्षालाई रोजगारी संग जोडने प्राविधिक तथा व्यवसायिक शिक्षाको अभाव नै देखिन्छ। फलस्वरुप प्रतिभा पलायन हुने र देशको अर्थतन्त्र वाहिरिने खतरा वढेको छ। यसैकारण प्रदेशमा शिक्षालाई समयानुकुल वनाई शैक्षिक पलायन रोक्ने कार्य चुनौतीपुर्ण हुनु।
- यस क्षेत्रमा अझै पनि छुवाछुत र जातिय भेदभावको समस्या रहेको छ। परम्परागत कुरिति तथा कुप्रथाहरुले जरागाडेको प्रदेशहरु मध्ये यो पनि एक हो। यस्ता कुप्रथा तथा संस्कारहरुलाई हटाउने कार्य चुनौतीको रुपमा हुनु।
- गण्डकी प्रदेशमा ८८ जातजातीका मानिसहरु वसोवास गर्दछन। त्यतिकै प्रकारका भाषा तथा धर्महरु पनि छन। Diversity management सहित सवैलाई Respect तथा Ownership सहित पहिंचान, पहुच र प्रतिनिधित्व सुनिश्चित गराउनु चुनौतीको रुपमा रहनु।
- Think Globally and Act Locally को अवधारणा वमोजिम विश्वव्यापिकरण तथा संचार क्षेत्रसंग घुलमिल हुदै आ-
  आफ्नो परम्परा र संस्कृतिको संरक्षण गर्नु चुनौती हुनु।
- नैतिकता, समाजिक सदभाव, नागरिक शिक्षा, Emotional intelligence तथा spiritualism कायम राख्नु ।

घ) प्रशासनको क्षेत्रमा रहेका समस्या र चुनौती

- प्रशासन परम्परावादमा रमाउन खोज्यो। नयाँ विघि तथा प्रकृया अवलम्वन गर्न सकेन। Change Resist तथा Risk Avoid गर्ने संस्कार कायम रहनु।
- Capacity Enhancement नहुदा सेवा प्रवाह प्रभावकारी हुन सकेन। Citizen- Centric औजारहरुको प्रयोग गर्न नसक्दा प्रशासन आलोचनाको संयन्त्र वन्यो। Rule- Based वाट Result- Besed मा रुपान्तरण गर्नु चुनौतीपूर्ण हुनु।
- हालसम्म संघीय निजामती सेवा ऐन आउन नसक्दा कर्मचारीहरुको समायोजन तथा वृत्तिविकासका क्षेत्रहरुमा अवरोध भएका छन। राजनीतिक परिवर्तन संगै प्रशासनले राजनीतिको लय समात्न सकेको छैन। प्रशासन सुधारमा राजनीतिक सोच नहुनु समस्या तथा चुनौतीको रुपमा देखिनु।

- सहभागिता, सुचनाको हक तथा पारदर्शितामा प्रशासनमा कमजोरीशरु रहेका छन। गोप्य संस्कृतिलाई पारदर्शितामा वदल्नु चुनौतीको रुपमा रहनु।
- नैतिकता, सदाचारिता तथा उत्तरदायित्वमा कमी हुदा भष्ट्रचार तथा वेरुजु वढ्दै जानु।

ङ) वाह्र क्षेत्रका समस्या र चुनौती

- प्रदेशहरु वीच समन्वय र सहकार्य प्रभाकारी छैन। संघको राजनीति तथा सरकारको परिवर्तनले प्रदेशमा प्रभाव परेको छ। प्रदेशले स्थानीय तह र संघलाई Bridging गर्न सकेको छैन। प्रदेश र स्थानीय तह वीच प्रदेश र प्रदेश वीच तथा प्रदेश र संघ वीचको समन्वय तथा सहकार्य वढाउनु ।
- निजी क्षेत्र, नागरिक समाज तथा सामुदायिक संस्थाहरु वीच समन्ध सुधार गर्दे जानु।
- राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्र तथा विश्वसमुदाय संग प्रदेशलाई चिनाउनु तथा सहयोग तथा सहकार्य वढाउनु।

**गण्डकी प्रदेशको विकास प्रकियामा रहेका संभावना**

क) आन्तरिक क्षेत्रमा रहेका संभावना

- गण्डकी प्रदेश पर्यटकीय संभावना वोकेको क्षेत्र हो। धार्मिक, सास्कृतिक तथा प्रकृतिक रुपले धनी यो प्रदेशलाई पर्यटकीय गन्तब्यकोरुपमा विकास गर्न सकिन्छ।

- प्राकृतिक रुपमा धनी छ प्रदेश। पानी, नदि, हिमाल, खनिज, वन तथा अन्य सम्पदाहरु प्रसस्त पाईन्छन। Hydropower, कृषि तथा पशुपालन र सिचाईंको विकास गर्न सकिने प्रचुर संभावना रहेको छ।

- रोजगारीमा अग्रणी यो प्रदेश उद्योगधन्दाको संभावना रहेको छ। Intellectual Migration लाई रोकी Brain Gain गर्न सकिने संभावना देखिन्छ।

- ऋषिमुनीहरुको यो भुमिवाट नेपालमा आधात्मिकवादलाई संरक्षण गर्ने तथा फैलाउन सकिने संभावना छ। नैतिकता, ईमान्दारिता र सदाचारिताको उदाहरणीय प्रदेश वनाउन सकिन्छ।

- आदिवासी तथा जनजातीहरु धेरै भएको यस क्षेत्रमा पुराना संस्कार र संस्कृतिलाई संरक्षण गर्ने र विश्वमा Brand को रुपमा Advertize गरी विकास गर्न सकिने संभावना देखिन्छ।

- प्रसस्तै प्रकृतिक स्रोत तथा साधन छन यहाँ। प्राकृतिक स्रोत तथा साधनको प्रयोग तथा व्यवस्थापन गरी प्रदेशको अर्थतन्त्र सुधार्न सकिने संभावना रहेको छ।

- राजनीतिज्ञ, प्रशासनविद, Professors, Doctors, engineer तथा NRN वढी भएको प्रदेश हो यो। यी वौद्धिक वर्गको उपयोग गरी प्रदेश तथा समग्र देशको विकास गर्ने संभावना रहेको छ।

ख) वाह्य क्षेत्रमा रहेका संभावना

- प्रदेशहरुमध्ये भौगोलिक रुपले मध्य भागमा पर्छ यो प्रदेश। सवै प्रदेशको केन्द्रविन्दु वनाई नमुना प्रदेशको रुपमा विकास गर्न सकिने संभावना छ। साथै सवै प्रदेशहरु संग समन्वय तथा सहकार्य वढाउन सक्ने संभावना उत्तिकै रहेको छ।
- यस प्रदेशवाट संघमा प्रतिनिधित्व गर्ने राजनीतिज्ञहरु पार्टिको माथिल्लो स्तरमा रहेका छन। आ-आफ्नो पार्टिको सरकार वन्दा आफ्नो क्षेत्रमा राम्रो विकास गर्ने संभावना रहेको छ।
- नागरिक समाज, निजी क्षेत्र, स्थानीय समुदाय, गैर सरकारी क्षेत्र तथा अन्तराष्ट्रिय गैर सरकारी क्षेत्रहरुसंगको सम्वन्ध विस्तार गर्ने र आफ्नो प्रदेशको पक्षमा लगाउन सक्ने संभावना देखिन्छ।
- प्रदेशको अन्तराष्ट्रिय क्षेत्रमा Advertize गर्ने तथा यस क्षेत्रमा विदेशीलाई आकर्षण गरी लगानी वढाउने। साथै यस प्रदेशलाई लगानीको Destination को रुपमा विकास गर्न सकिने प्रशस्त संभावना देखिन्छ।

**निष्कर्ष र सुझाव**

विश्वमा तपोभूमिको रुपमा रहेको नेपालको गण्डकी प्रदेश हरेक संभावनाको क्षेत्र हो। यो प्रदेशका वासिन्दाहरु शान्तिप्रिय सत्य तथा ईमान्दार वढी भएको एक अध्ययनले देखाएको छ। सामाजिक, आर्थिक, प्रशासनिक तथा राजनीतिक क्षेत्रका समस्याहरुलाई समाधान गर्दै यस क्षेत्रको विकासमा संघ, प्रदेश तथा यसका स्थानीय तहहरु लाग्नु पर्ने अनिवार्य देखिन्छ। प्राकृतिक स्रोत तथा साधनमा अग्रणी यो प्रदेशमा राजस्वको दायरा वढाउने, पर्यटनको विकासमा जोड दिने, कृषि तथा पशुपालनलाई प्रभावकारी वनाउने र Hydropower को उत्पादनमा जोड दिनु आवस्यक देखिन्छ। आन्तरिक तथा वाह्य संभावना रहेको यस प्रदेशले सवै क्षेत्र तथा पक्षहरुसंग सहकार्य तथा समन्वयको आधारमा विकास गर्ने साथै Identification, Institutions, Investment तथा Implementation को ४Is रणनितिलाई अवलम्वन गरेमा 'समृद्ध नेपाल शुखी नेपाली' को राष्ट्रिय अभिष्ट पुरा हुनेछ।

सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२
- सोह्रौ पच्चवर्षीय योजना
- प्रदेशगत हरेक आर्थिक वर्षका वजेट वक्तब्य

- गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, २०८०
- गण्डकी प्रदेशको आर्थिक सामाजिक एवं पूर्वाधार विकासको अध्ययन, २०७५
- सामाजिक संचारमा प्रकासित लेख माघ ७, २०७७

# गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको संभाव्यता

**डा. श्रीकृष्ण पन्थी**[11]

**लेख सार**

धार्मिक पर्यटनले व्यक्तिहरूलाई आध्यात्मिक प्रेरणा प्रदान गर्नुका साथै सामाजिक र सांस्कृतिक विकासमा टेवा पुर्याउँछ । नेपाल प्राकृतिक सुन्दरताका साथै धार्मिक विविधताले सम्पन्न देश हो, जसले यसलाई महत्वपूर्ण पर्यटकीय गन्तव्य बनाएको छ । विशेष गरी गण्डकी क्षेत्र वेदको उत्पत्तिस्थल र मुक्तिनाथ, मनकामना, देवघाटजस्ता धार्मिक स्थलहरूको धरोहर हो । धार्मिक पर्यटनले केवल आस्थामात्र नभई स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रलाई पनि सशक्त बनाउँछ । यस अध्ययनमा द्वितीयक अनुसन्धान विधिमा आधारित रहेर गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको सम्भावना, चुनौती, र प्रवर्धनका उपायहरूको खोजी गरिएको छ । अध्ययनअनुसार गण्डकी क्षेत्रका अधिकांश पर्यटकीय स्थलहरूले धार्मिक पर्यटनको अपार संभावनाहरू बोकेका छन् जसको उचित प्रवर्धनले नेपाललाई विश्वभर धार्मिक पर्यटनका लागि परिचित गराउन सक्छ । तर, यसका लागि पूर्वाधार सुधार, यातायात सुविधा, तथा फोहोर व्यवस्थापन अपरिहार्य छ । धार्मिक स्थलहरूको संरक्षण, पूर्वाधार विकास, र प्रवर्धनद्वारा गण्डकी प्रदेशलाई अन्तर्राष्ट्रिय गन्तव्य बनाउन सकिन्छ । यसले स्थानीय समुदायलाई आर्थिक रूपमा सबल बनाउनका साथै सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान गर्छ । दीगो पर्यटनका लागि सरकार, निजी क्षेत्र, र स्थानीय समुदायको सहकार्य आवश्यक छ ।

खोजशब्दः गण्डकी क्षेत्र (Gandaki region), धार्मिक पर्यटन (Religious tourism), वैदिक स्थल (Vaidik place), संस्कृतिक संरक्षण (Preservation of culture), दीगो पर्यटन (Sustainable tourism)।

### नेपालमा धार्मिक तथा आध्यात्मिक पर्यटन र तीर्थयात्राको पृष्ठभूमि

सामान्य अर्थमा पर्यटन भन्नाले घुम्ने उद्देश्यले गरिने कुनै स्थान बिशेषको भ्रमण हो । यसरी घुमफिर अथवा यात्रा गर्ने घुमन्ते यात्रीलाई पर्यटक भनिन्छ । विश्व पर्यटन सङ्गठनको परिभाषाअनुसार आफ्नो नियमित बासस्थानबाट बिदा मनाउने ब्यापार गर्ने वा त्यस्तै कुनै उद्देश्यले चौबिस घण्टाभन्दा बढी समय र लगातार एक वर्षभन्दा कम समय बाहिर बिताउन निस्कने व्यक्तिलाई पर्यटक भनिन्छ । यस्ता पर्यटकहरूलाई सःशुल्क घुमाउने, दृश्यावलोकन गराउने आदि कार्य गर्ने क्षेत्रलाई पर्यटन भनिन्छ (आचार्य र अन्य, वि.सं. २०८१) ।

[11] उप–प्राध्यापक शैक्षिक योजना तथा व्यवस्थापन बिभाग पृथ्वीनारायण क्याम्पस, पोखरा।

नेपालको धार्मिक र सांस्कृतिक पर्यटन अर्को लोकप्रिय पर्यटनको प्रकार हो जहाँ प्रत्येक वर्ष हजारौं मानिस यस उद्देश्यका लागि नेपाल आउँछन् । यस गतिविधिलाई तीर्थयात्रा पर्यटन पनि भनिन्छ (बस्नेत, सन् २०१६) । सबै प्रकारका धार्मिक यात्राको लामो इतिहास छ । पर्यटनको यस रूपले विशिष्ट धार्मिक स्थलहरूको भ्रमण मात्र बुझिदैन, मानव विकास र मानवताको कारण पनि मानिन्छ, जहाँ मानिसहरू धार्मिक पृष्ठभूमि र विश्वासलाई ध्यान नदिई पनि भ्रमण गर्न सक्छन् (ठाकूर, सन् २०२३) । केही विज्ञहरूले एक हजार वर्षभन्दा पहिले नै भारतका केही भागहरूमा तीर्थयात्रा संस्थागत भएको कुरा औंल्याएका छन् (राज, ग्रिफिन र ब्ल्याकवेल, सन् २०१५) । नेपालमा धार्मिक पर्यटनको शुरुआत कहिलेदेखि भएको थियो भन्ने एकिन नभएपनि सर्वप्रथम चिनियाँ आगन्तुक ह्युएन साङले सन् ६३७ मा लिच्छवी अवधिमा पर्यटकको रुपमा नेपाल भ्रमण गरेको विश्वास गरिन्छ र उनैलाई नेपालको इतिहासमा पहिलो रेकर्ड गरिएको आगन्तुकको रूपमा मान्न सकिन्छ (बराल, सन् २००८, उद्रीत सुबेदी, सन् २०१५) । स्पोटलाईट नेपाल (२०२५) का अनुसार सन् २०२४ मा नेपालमा कुल ११,४७,५६७ पयर्टक आएको पाइन्छ जुन नेपालको इतिहासमै तेस्रो ठूलो आकार हो । यसअघि सन् २०१८ मा ११,७३,०७२ जना र सन् २०१९ मा इतिहासमै धेरै ११, ९७, १९१ जना पर्यटक नेपाल घुमेका थिए । पोखरा पर्यटन वर्षको तयारी तथा बिगतको तथ्यङ्क बिश्लेषण गर्दा यदि सामान्य अवस्था रहे सन् २०२५ मा नेपालमा १२ लाख बढी पर्यटक आउनसक्ने अनुमान गर्न सकिन्छ ।

धार्मिक पर्यटन र तीर्थयात्राका समान विशेषताहरू छन् तर फरक छन् । गन्तव्यमा यात्रा तीर्थयात्राको एक अन्तर्निहित तत्व होस मार्गमा र गन्तव्यमा परम्परागत रूपमा तपस्या र कठिनाइको अपेक्षा गरिन्छ । धार्मिक पर्यटनको बिपरीत, तीर्थयात्राको मध्यस्थता कार्य हुन्छ, एकातिर प्राकृतिक र सांस्कृतिक संसारहरू बिच र अर्कोतिर प्राकृतिक र अलौकिक संसारहरू बिच (राज, ग्रिफिन र ब्ल्याकवेल, सन् २०१५) । धार्मिक पर्यटन भनेको पर्यटनको एक रूप हो, जहाँ आस्थाका मानिसहरू धर्म वा आध्यात्मिकतासँग सम्बन्धित कारणहरूका लागि व्यक्तिगत रूपमा वा समूहमा अर्थको खोजीमा यात्रा गर्छन् । नेपालमा खाँसगरि तीन प्रकारका धार्मिक पर्यटनहरू छन्: तीर्थयात्रा, गुम्बा भ्रमण र मिसनरी (बस्नेत, सन् २०१६) । मिसनरीहरू शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग गर्ने योजनासहित नेपाल प्रवेश गरेका थिए भने हाल बिभिन्न एनजिओ आइएनजिओमार्फत आफ्ना धर्मसँस्कृति प्रचारप्रसारका गतिविधिहरू गरिरहेका छन् । देश धर्म निरपेक्ष भएपछि यो गतिविधि अझ बढीरहेको छ ।

वास्तवमा धर्म र आध्यात्मिकता धार्मिक तीर्थयात्राका लागि सामान्य प्रेरणा हुन् । मानिसहरू, पवित्र स्थानहरू र धार्मिक चाडपर्वहरूसँगको सम्बन्धका कारण पछिल्लो शताब्दीमा विश्वका प्रमुख

धार्मिक पर्यटन स्थलहरू विकसित भएका छन् (राज, ग्रिफिन र ब्ल्याकवेल, सन् २०१५) । यस गण्डकी क्षेत्रमा पनि दर्जनौं स्थलहरू धार्मिक पर्यटनको रुपमा विकास हुने संभावना छ । गण्डकी क्षेत्रको विकासमा धार्मिक पर्यटनले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसले समाजमा शान्ति तथा सुशासन कायम गर्न पनि सहयोग पुर्याउँछ ।

**अध्ययनको औचित्य**

धर्मो रक्षति रक्षितः, अर्थात् धर्मको रक्षा गरे धर्मले हाम्रो रक्षा गर्छ । हामीले हाम्रा मौलिक धर्मसँस्कृतिहरु रक्षा गरेमात्र हामी र हाम्रो पहिचानको रक्षा हुन्छ । धर्मको रक्षा गरे धार्मिक पर्यटनमार्फत हाम्रो अर्थतन्त्र पनि बलियो हुन्छ । कानुनी रुपमा धर्म निरपेक्ष देश घोषणा भएतापनि नेपाल हिन्दू, बौद्ध तथा किराँत बहुल राष्ट्र नै हो । यी धर्मावलम्बीहरूको जनसंख्या ९५ प्रतिशत भन्दा धेरै छ । त्यसैले यहाँ धार्मिक पर्यटनको प्रचुर संभावना छ ।

धार्मिक पर्यटन तथा तीर्थयात्रा दृश्य र अदृश्य शक्तिको ध्यान, भक्ति र उपासनासँग पनि सम्बन्धित् छ । थापा (वि.सं. २०७५) का अनुसार सामवेद मुख्य रुपले उपासनाको वेद हो । त्यस्तै भक्ति अधिकारी (२०७५) का अनुसार भक्ति सामवेदसँग सम्बन्धित् छ, ज्ञान अर्थववेदसँग सम्बन्धित छ, प्राकृतिक विज्ञान ऋग्वेदसँग सम्बन्धित छ र कर्म यर्जुवेदसँग सम्बिन्धित छ । यसरी हेर्दा धार्मिक पर्यटनमा पनि भक्तजनहरूले भक्ति कार्य गर्ने भएकाले तीर्थ यात्रा तथा धार्मिक पर्यटन सामवेदसँग सम्बिन्धित कार्य मान्न सकिन्छ । उपासनाकै दृष्टिले हेर्दा रामको बनबास र पाण्डवको गुप्तबासलाई पनि तीर्थाटन कै रुपमा लिन सकिन्छ । भगवान विष्णुका बिभिन्न अवतार, धर्म प्रचारप्रसारकालागि खडा गरिएका शक्तिपीठहरू सबै प्रचीन तथा अनादिकालीन धार्मिक पर्यटनकै स्वरुप मान्न सकिन्छ । त्यसैले धार्मिक पर्यटन सबैभन्दा पुरानो पर्यटन मान्न सकिन्छ । इस्लाम धर्मको कुरा गर्दा मक्का मदिनामा हज गर्न जाने परम्परा तथा जेरुसेलममा पनि इशायीहरू धर्मिक यात्रामा जाने गर्दछन् जुन तीर्थपर्यटन नै मान्न सकिन्छ । धार्मिक आस्थाका हिसाबले सबैभन्दा धेरै मूर्ति बनाइएका भगवान बुद्ध (गौतम बुद्ध) को शिक्षामा आस्था राख्ने बौद्ध धर्मावलम्बीहरू तीर्थाटनका हिसाबले धेरै प्रसिद्ध छन् ।

हिन्दू धर्मावलम्बीहरू मरेपछि स्वर्ग जाने, मोक्ष प्राप्ती गर्ने आशाले पनि जीवनको उत्तराद्र्धमा तीर्थाटन गर्दछन्, पाटीपौवा बनाउँछन्, यज्ञादि गरेर विद्यालय, अस्पताल बनाउन सहयोग गर्दछन्, अमरताको प्रतिकस्वरुप बर, पिपल, स्वामी रोप्छन्, दुःखी गरिब मात्र होइन पशुपंक्षीलाई समेत खाना खुवाउँछन् । वर्षभरि नै प्रकृति र शास्वत शक्तिको पूजा उपासना तथा संरक्षण गर्दछन् । दान, पुण्य तथा असल कर्म गर्न, पापको प्रयश्चित गर्नकालागि पनि तीर्थाटन गर्ने गर्दछन् ।

आर्थिक दृष्टिकोणले हेर्दा वैश्विक अर्थतन्त्रको ठूलो हिस्सा तेल उत्पादन, सवारी साधन उत्पादन र पर्यटनमा आधारित देखिन्छ । तर नेपालमा तेल र सवारी साधन उत्पादनको सम्भावना न्यून रहेको तर पर्यटन उद्योगको बिस्तारको सम्भावना तुलनात्मक रुपले उच्च देखिन्छ । धार्मिक तथा शास्त्रीय दृष्टिकोणले हेर्दा यथाकर्म यथाफलम् भनेको छ अर्थात् कर्मअनुसारको फल अवश्य मिल्छ । त्यसैले हरेक धार्मिक मानिस जीवनको कुनै समय असल कर्म गर्नेतर्फ सोच्दछ र त्यसकालागि तीर्थाटन गर्दछ । यसबाट के शिक्षा लिन सकिन्छ भने धार्मिक पर्यटनमा मानिस सकारात्मक सहयोगाभावले भ्रमण गर्ने सोंच राखेको हुन्छ त्यसैले यो अन्य पर्यटनभन्दा बढी शान्तिमय र सुरक्षित पनि हुन्छ । सामाजिक दृष्टिले हेर्दा धार्मिक पर्यटकीय स्थलहरूमा सेवाभावले निःशुल्क भोजन र आवासको समेत व्यवस्था हुने हुँदा यो बढी समाबेशी र दीगो हुने गर्दछ । नेपालमा धर्म र धार्मिक सहिष्णुता, संस्कार तथा पर्यटन दीगो रुपले प्रबद्र्धन गर्न गुठीहरूको व्यवस्था गरिएको पाइन्छ जुन एक प्रभावकारी व्यवस्था हो । अतः धार्मिक, साँस्कृतिक, समाजिक, तथा आर्थिक हिसाबले पनि धार्मिक पर्यटनको प्रबद्र्धन गर्नु बाञ्छनीय देखिन्छ ।

**उद्देश्य**

यस लेखका उद्देश्यहरू यसप्रकार छन्ः–

- गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको संभावनाको खोजी गर्नु ।
- धार्मिक पर्यटनका मुख्य चुनौतीहरू पहिचान गर्नु ।
- धार्मिक पर्यटन प्रवर्धनका उपायहरू पत्ता लगाउनु ।

**साहित्य समीक्षा**

धार्मिक पर्यटन पनि अन्य पर्यटन जस्तै एक हो तर यो पूर्ण रुपले ब्यापारिक भने हुँदैन । यो विशिष्ट पवित्र मन्दिर वा स्थलको भ्रमण मात्र होइन तर यो मानवीय कार्यका लागि पनि यात्रा हुन सक्छ (बस्नेत, २०१६) । मानिसहरू आत्मसंतुष्टी र सेवाभावले पनि यस पर्यटनमा सहभागि हुने गर्दछन् । धार्मिक पर्यटक भन्नाले धार्मिक गतिविधिहरूका लागि आफ्नो देश वा ठाँउ छोडेर अन्य धार्मिक र पवित्र स्थानहरूमा गर्ने यात्रा मानिस भनेर बुझिन्छ (ठाकूर, २०२३) । धार्मिक पर्यटनले आस्थामा आधारित भेटघाटहरू, र धार्मिक यात्रामार्फत धार्मिक पर्यटकहरूको भ्रमणलाई आकर्षण तथा विस्तार गरेको छ (को र रेगन, सन् २०१५) । विश्वको एक मात्र हिन्दू बाहुल्य राज्य नेपाल सिद्धार्थ गौतम बुद्धको जन्मथलो भएकाले बौद्ध धर्मावलम्बीहरूको पनि एक महत्पूर्ण धार्मिक तथा पर्यटकीय स्थल हो ।

तालिका १

पर्यटनसम्बन्धी केही तथ्यांक – सन् २०२३

| विषय | विश्व | नेपाल |
|---|---|---|
| पर्यटन उद्योगको आकार | रु. १२९ करोड | रु. १० लाख १५ हजार (विश्व पर्यटनको ०.०७५) |
| धार्मिक पर्यटन उद्योगको आकार | रु. ३० करोड (विश्व पर्यटनको २३%) | रु. १ लाख ३४ हजार (नेपाल पर्यटनको १३%) |
| पर्यटन उद्योगको आम्दानी | १.४ ट्रिलीयन अमेरिकी डलर (१८९,००० अर्ब) | रु. ८३ अर्ब (११ महिनामा रू. ७६.५५ अर्ब) |
| धार्मिक पर्यटनको आम्दानी | २५४.३ बिलियन अमेरिकी डलर (ने. रु. ३४३ खर्ब) १८% | अन्दाजी रु. १८ अर्ब (नेपालको २१%) |
| | विश्व पर्यटनको १८.१६% | विश्व पर्यटनको ०.०५% |

स्रोतः को र रेगन (२०१५), ग्रन्ड भ्यु रिसर्च (२०२४), विश्व पर्यटन संगठन (२०२४), र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन् मन्त्रालय (२०२४)

संयुक्त राष्ट्र विश्व पर्यटन सङ्गठन (UNWTO, सन् २०११) का अनुसार हरेक वर्ष ३०० देखि ३३० मिलियन पर्यटकहरूले विश्वका प्रमुख तीर्थस्थलहरू भ्रमण गर्छन् । सन् २०१३ मा आसियानमा ९९.२ मिलियन पर्यटकहरू भ्रमण गरेका थिए, जुन् सन् २०१२ को तुलनामा ११.७३% को वृद्धि थियो (को र रेगन, सन् २०१५) । हाल यो सङ्ख्या करिब दोब्बर पुगीसकेको छ । अन्तर्राष्ट्रिय पर्यटन २०२३ मा लगभग १.२९ बिलियन पुग्यो जुन पूर्व–महामारी स्तरको ८८% हो यो २०२२ भन्दा ३४% धेरै हो । साथै अन्तर्राष्ट्रिय पर्यटनको राजस्व २०२३ मा १.४ ट्रिलियन पुगेको छ, जुन २०१९ मा रेकर्ड गरिएको १.५ ट्रिलियनको ९३% नजिक छ । साथै यस वर्ष २०२४ को लागि पूर्वानुमानले अन्तर्राष्ट्रिय पर्यटन लगभग २% ले पूर्व–महामारी आंकडा भन्दा बढी हुने सुझाव दिन्छ (रोड जिनियस, सन् २०२४) । ग्रान्ड भ्यू रिसर्च (सन् २०२४) का अनुसार, विश्वव्यापी धार्मिक पर्यटन बजारको बित्तीय आकार २०२३ मा २५४.३ बिलियन अमेरीकी डलर थियो र २०२४ देखि २०३० सम्म १५.३ % को कम्पाउन्ड वार्षिक बृद्धिदर (CAGR) मा बढ्ने अपेक्षा गरिएको छ भने कोहोरेन्ट (सन् २०२४) का अनुसार सन् २०२४ को अन्त्य सम्ममा धार्मिक पर्यटन बजारको आकार १२९३.७१ बिलियन अमेरीकी डलर पुग्ने अनुमान छ । यसरी हेर्दा पर्यटन उद्योगको विकासको संभावना र भविष्य उल्ववल देखिन्छ । नेपालले यसको मात्रै १% बजार ग्रहण सक्ने हो भने देश सजिलै सम्बद्ध बन्न सक्ने देखिन्छ । नेपालमा भने राष्ट्रिय पर्यटन रणनीतिक योजनाले सन् २०२४ सम्ममा केवल २१ लाख ४७ हजार पर्यटकलाई आतिथ्य गर्ने लक्ष्य राखेको छ (बस्नेत, २०१६) । यो आकार विश्वभरि २०२३ मा घुमेका पर्यटक सङ्ख्या (१२९ करोड) को लगभग ०.१% मात्रै हो ।

**नेपालमा धार्मिक पर्यटनको बर्तमान स्थिति**

दश वर्षे द्वन्द्व, वि.सं. २०७२ को भूकम्प, २०७२ कै इण्डीयाको नाकाबन्दी, २०७७ सालको कोरोना महामारी र संघीयताका कारण सृजित आर्थिक मन्दीका कारण पछिल्ला केही वर्ष पर्यटन उद्योगबाट मात्र होईन, सम्पूर्ण उद्योग ब्यापारबाट धेरै व्यावसायीहरू पलायन हुनुपरेको अवस्था छ । तर हाल कोभिड पछि नेपालको पर्यटन क्षेत्रको जनसांख्यिकीमा बलियो रिबाउन्ड देखिरहेको छ । सन् २०२३ मा ३४३,००० पर्यटकलाई स्वागत गर्ने लुम्बिनीको सन्दर्भमा पनि यो कुरा झल्किन्छ, जुन सन् २०२२ मा ८२,००० भन्दा धेरै बढेको छ । यी आगन्तुकहरूमध्ये करिब ७०% नेपाल भित्रबाट आएका थिए भने २९ % पर्यटक भारतीय थिए (खरेल, सन् २०२४) । यसरी हेर्दा पर्यटन तथा धार्मिक पर्यटनको आकर्षण र संभावना राम्रो छ भनेर भन्न सकिन्छ ।

हिन्दू धर्मावलम्बी मात्र होइन, भगवान गौतम बुद्धको जन्मभएको भूमि नेपाल भएकाले बौद्ध धर्म अनुसरण गर्ने मानिसहरू प्रत्येक वर्ष ठूलो सङ्ख्यामा नेपाल यात्रा गर्छन् । आचार्य (सन् २०२२) का अनुसार शाक्यमुनि बुद्धको जन्म नेपालमा भएको थियो, स्वयंभूनाथ र काठमाडौंको बौद्धनाथको स्थापना पौराणिक कालमा भएको थियो, नेपालमा बौद्ध धर्म अशोकको शासनकालदेखि भारतीय र तिब्बती मिसनरीहरू मार्फत लगभग ३०० ईसा पूर्वमा फैलिन थाल्यो । यो कार्य देशको संप्रभुतामा खतरा ठानी लिच्छबीकालीन राजा सिद्धिनरसिंह मल्ल र राष्ट्रपिता पृथ्वीनारायण शाहले रोकेका थिए तर पछि हालसम्म निरन्तर चलिरहेको देखिन्छ । मिसनिरीहरू देशको राजनीतिमा पसेरै देशलाई कानुनी रुपमा धर्म निरपेक्ष बनाउन सफल भएका छन् ।

धार्मिक पर्यटनका विभिन्न रूपहरू छन् र ती मध्ये तीर्थयात्रा पर्यटन, मठ भ्रमण र अतिथि आवास नेपालमा सबैभन्दा लोकप्रिय छन् (ठाकूर, सन् २०२३) । नेपालमा धेरै विश्व प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः पशुपतिनाथ, स्वाम्भूनाथ, बौद्धनाथ, लुम्बिनी, मुक्तिनाथ, मानकमना, जनकपुर, आदि लोकप्रिय छन् (बस्नेत, सन् २०१६) । ति मध्ये भगवान बुद्धको जन्मस्थल भएकाले लुम्बिनी बौद्ध र गैरबौद्धहरूका लागि पनि पवित्र स्थल भएको छ र यसलाई सम्पूर्ण देशका लागि थप आर्थिक योगदान दिन सक्ने धार्मिक स्थलको रूपमा विस्तार गर्ने ठूलो सम्भावना छ । बौद्ध विश्व दृष्टिकोणले बौद्ध पर्यटनप्रतिको मनोवृत्तिलाई आकार दिन महत्त्वपूर्ण भूमिका खेल्छ (आचार्य, सन् २०२२) । लामिछाने (सन् २०२३) को अध्ययनअनुसार भ्रमणको उद्देश्यको आधारमा, अधिकांश पर्यटकहरू, ५४.५४%, तीर्थयात्रामा लुम्बिनी गए र साथै ३२.७२% पर्यटकहरू दर्शनीय स्थलहरूमा जान चाहन्थे । अधिकांश पर्यटकहरू ७२.७३% ले पहिलो पटक लुम्बिनी भ्रमण गरे र प्रतिक्रिया दिए कि तिनीहरू फेरि भ्रमण गर्न चाहन्छन् । बुझ्नुपर्ने कुरा के छ भने पर्यटकहरू धार्मिक पर्यटन क्षेत्रमा केवल ध्यान भक्तिकालागि मात्र आउँदैनन् । जीवनमा आध्यात्मिक अर्थ प्रदान गर्ने दिव्य स्थानलाई जोड्ने प्रयास गर्दा पर्यटकहरू, वास्तुकला, कला, सजावटी रुचि,

शान्ति, पवित्र स्थान र ठाउँको आत्मासँग व्यक्तिगत सम्पर्कका लागि बढ्दो धार्मिक स्थलहरूमा जान्छन् । यसरी, पर्यटकहरूको प्रेरणालाई बुझ्नाले धार्मिक स्थलहरूलाई बौद्ध स्थलहरू भ्रमण गर्न चाहने अधिक आगन्तुकहरूलाई आकर्षित गर्न नयाँ क्षेत्र र साझेदारहरू विकास गर्न मद्दत गर्न सक्छ किनभने यसले उनीहरूलाई विविध संस्कृति र जीवन शैलीहरूको बारेमा सिक्ने अवसर दिन्छ (आचार्य, सन् २०२२) । यसरी धार्मिक पर्यटन बहुआयामिक छ र यसले देशको सँस्कृतिको सम्बद्र्धन र विकासमा पनि सहयोग पुर्याउँछ ।

**विधि तथा प्रक्रिया**

यस अध्ययन द्वितीयक प्रकृतिको अनुसन्धानमा आधारित छ । यसले सूचना तथा तथ्याङ्कको स्रोतका रुपमा पूर्व प्रकाशित कृतिहरू, बिभिन्न अनलाइन डिजिटल सामग्री, तथा स्वयम् लेखकको अवलोकन एवम् अनुभवलाई पनि सूचनाको रुपमा लिइएको छ । धर्मलाई भौगोलिक घेरा भित्र सिमित राख्न सकिंदैन । त्यसैले यस अध्ययनमा गण्डकी क्षेत्र भन्नाले गण्डकी प्रदेश मात्र नभएर गण्डकी नदी आसपासका धार्मिक तिर्थस्थल तथा धामहरुलाई समेत बुझिन्छ।

**गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको संभावना**

जय गण्डकि! पापनाशिनि ! जप जय नारायणि! मोक्षदायिनि! । जय देवकदम्बधारिणि! जप मातर्विमले! नमोऽस्तु ते ।। १ ।। (पन्थी, वि.सं. २०५४)[12] । नेपाल भित्र, गण्डकी क्षेत्र धार्मिक पर्यटनको मुटुको रुपमा रहेको छ । किनभने हिन्दू धर्मको सर्वोच्च ग्रन्थ मानिने वेद यसै क्षेत्रबाट उत्पत्ति (evolve) तथा विकसित भएको मानिन्छ, महर्षी वेदव्यासले यो शास्त्र लिपिबद्ध गर्न शुरु गरेका हुन् । यस प्रान्तमा प्रशस्त धार्मिक, पवित्र र ऐतिहासिक स्थलहरू छन् जस्तैः कास्किकोट दरबार, पौदुरकोट, थुलाकोट र खडगौनकोट छन् । त्यसैगरी, तनहुँ जिल्लामा तनहुँसुर दरबार, ढोर दरबार, ऋसिङ, घिरिङ र पुरकोट छन् । प्रान्तका स्थलहरू र गन्तव्यहरू जस्तै प्राचीन सहर लोमान्थाङ, गुरुङ कोहोलासोथरको प्रारम्भिक बस्तीहरू, हिन्दू र बौद्ध दुवैका लागि तीर्थस्थल मुक्तिनाथ, गोरखा जिल्लाको मानकमना हिन्दूहरूका लागि धार्मिक महत्त्वको स्थल हो । बाग्लुङको कालिका मन्दिर, म्याग्दीको गलेश्वर महादेव मन्दिर, पोखराको बिन्दवासिनी मन्दिर, स्याङ्जाको सतौं चण्डिका, तनहुँको ढोरबराह र गोरखाको गोरखा दरबारलाई नेपालको ऐतिहासिक र राजनीतिक केन्द्र मानिन्छ र लमजुङको गौंशहर दरबार सबैको धार्मिक र ऐतिहासिक

[12] गण्डकी माताको जय होस् ! पाप नाश गर्ने शक्तिशाली देवीको जयगान गर। नारायणी देवी, जो मोक्ष प्रदान गर्नेहारु हो, तिमीप्रति सदा जप गरौं। देवक वृक्षको गुच्छा धारण गर्ने देवीको जय होस्। हे पवित्र माता, हामी तिमीलाई बारम्बार नमन गर्दछौं (पन्थी, वि. सं. २०५४)।

महत्त्व छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सन् २०१९, पृ १७) । यस क्षेत्रमा हिन्दू धर्मका धेरै ऋषिहरू जस्तैः बाल्मिकी, पारसर, वेदव्यास, जैमिनी, यसै प्रदेशसँग सम्बन्धित छन् । शालिग्रामका रुपमा भगवान विष्णु यसै गण्डकी क्षेत्रमा बिराजमान छन् । तिब्बती बौद्ध भिक्षु रिन्पोचे पनि केही वर्षसम्म नेपालको मुस्ताङमा बसेर ध्यान गरेका थिए । यसरी गण्डकी क्षेत्र हिन्दू र बौद्ध धर्मावलम्बीका साथै कलासँस्कृतिका पारखीहरू सबैकालागि एकपटक पर्यटन गर्नुपर्ने क्षेत्र हो भन्न सकिन्छ ।

गण्डकी प्रदेशको पोखरा नेपालको पर्यटकीय राजधानी हो । यहाँ सयौं पर्यटकीय स्थलहरू पहिचान भएका छन् । गण्डकी क्षेत्रमा पहिचान भएका १०३ वटा पर्यटकीय स्थलहरूमध्ये अधिकांस स्थलहरू धर्मिक स्थलहरू नै छन् (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सन् २०१९) । उदाहरणका रुपमा मुक्तिनाथ धाम, मनकामना मन्दिर, विन्दवासीनी मन्दिर, ताल बाराही मन्दिर, शान्तिस्तूप, माटेपानी गुम्बा, बाग्लुङ्ग कालिका, त्रिवेणीधाम, आदि क्षेत्रलाई केही लोकप्रिय धार्मिक पर्यटकीय क्षेत्रका रुपमा लिन सकिन्छ ।

विश्वका तीनवटा ठुला उद्योगमा तेल, अटोमोबाइल र पर्यटन रहेको छ । नेपालमा, भूगोल र प्राविधिक ज्ञानको अभावका कारण पहिलो दुई हाल सम्भव छैन त्यसैले तेस्रो ठूलो उद्योग पर्यटन उद्योगको धेरै संभावना छ (सुबेदी, सन् २०१५) । समग्र नेपाल नै ऋषिमुनिहरूको तपोभूमि हो किनकि यस भूमिमा बुद्ध र सीता जन्मिए । भगवान रामचन्द्र पाल्पाको रामपुर क्षेत्रमा बनबास गएको मानिन्छ । गण्डकी क्षेत्र विश्वकै एक मात्र शालीग्राम क्षेत्र हो र यस क्षेत्रमा केही वैदिककालीन तपोभूमि र सयौंको संख्यामा प्राचीन र प्रसिद्ध मठ मन्दिरहरू छन् ।

यसरी गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको संभावना अन्य पर्यटन भन्दा धेरै छ । गण्डकी क्षेत्रका संभाव्य पर्यटकीय धाममध्ये उदाहरणका रुपमा केही प्रचलित धामहरूलाई यसप्रकार वर्णन गर्न सकिन्छ ।

चित्र १

गण्डकी प्रदेशका मुख्य १०३ पर्यटकीय गन्तव्य




चित्रको स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (सन् २०१९)

**आदिप्रयाग देवघाट धाम**

चितवन र तनहुँ जिल्लामा अवस्थित यो दिव्य भूमि शालग्राम क्षेत्र आज भन्दा करिब ७५०० वर्षअघि त्रेतायुग अर्थात् रामायणकालीन समयदेखि नै प्रसिद्ध रहेको मानिन्छ । तनहुँ र चितवन जिल्लाको सिमानामा अवस्थित देवघाट धाम नेपालकै प्रमुख ऐतिहासिक धार्मिक क्षेत्रहरूमध्ये एक हो । यो त्रिशुली जसलाई स्वर्णप्रभा, सुन वा सत्य युगको प्रतिक नदी मानिन्छ, सेती जसलाई स्वेतप्रभा, चाँदी वा त्रेतायुगको प्रतिक नदी मानिन्छ, र कालीगण्डकी जसलाई लौहप्रभा, फलाम वा कलीयुगको प्रतीक नदी मानिन्छ, आदि नदीको संगम स्थल त्रिवेणी पनि हो । त्यसैले यस क्षेत्रलाई तीनवटै युगको प्रतिनिधित्व गर्ने पवित्र त्रवेणी तीर्थस्थलका रूपमा मानिन्छ । साथै शीवजीले गोसाईंकुण्डबाट उत्पन्न गर्नुभएको त्रिशुली नदीलाई गंगा, ब्रम्हाजीले उत्पन्न गर्नुभएको सेती नदीलाई सरस्वती र विष्णुले उत्पन्न गर्नुभएको दामोदरकुण्डबाट उत्पत्तीभएको कृष्णगण्डकीलाई यमुना पनि भन्ने गन्छि । यस स्थलको पौराणीक महत्व पनि रहेको छ । हिम्वतखण्डमा यस देवघाटको महिमा उल्लेख छ । यस देवभूमिलाई आदिप्रयाग (वास्तविक प्रयाग), तथा हरिहर क्षेत्रका नामले पनि चिनिन्छ (नारायणाचार्य, सन् २०२५) । सन् २०२५ को शुरुमा भारतको प्रयागराजमा ५० करोड पर्यटकले भ्रमण गरिरहँदा नेपालको आदिप्रयागमा ५ लाखले पनि भ्रमण नगर्ने अवस्था कसरी सृजना भयो ? हामीले किन प्रचुर संभावनाका बावजूत धार्मिक पर्यटक आकर्षण गर्न सकेनौं? देवघाट धामको गुरुयोजना किन कार्यान्वयन गरिएन अब

समिक्षा गर्नु आवश्यक छ । देवघाटमा विशेष गरी माघे संक्रान्ति, रामनवमी, र हरिबोधनी एकादशीमा यहाँ भव्य मेला लाग्दछ । विभिन्न मन्दिर, आश्रम, र साधुसन्तहरूको निवासस्थलको रूपमा परिचित देवघाटमा धार्मिक पर्यटकहरूको आगमनले यस क्षेत्रको आर्थिक विकासमा ठूलो योगदान पुर्याउन सक्छ । देवघाट धामको प्राग ऐतिहासिक महत्व छ । भगवान रामचन्द्रको जन्मभूमि अयोध्यापुरीदेखि करिब ५० कि मि उत्तरमा अवस्थित यस क्षेत्रमा सीताजीले देह त्याग गर्नुभएको मानिन्छ । देवघाटमा अझैपनि सीता गुफा र पृथ्वी चिरा परेर सीताजी भासीएको स्थान पनि देख्न सकिन्छ । देवघाट क्षेत्रमा जलविहारको पनि उत्तीकै संभावना छ । रामायणकालीन देवघाट, अयोध्यापुरी, वालमिकी आश्रम र त्रिवेणीधामलाई गण्डकी पर्यटकीय सर्किटमार्फत जोडेर एकीकृत रुपमा विकास गर्नु आवश्यक छ ।

**व्यास क्षेत्र**

परासर तथा व्यास ऋषिले तपस्या गरेको तनहुँ जिल्लाको यो दिव्य भूमि करिब ५००० वर्षअघि द्वापरयुग अर्थात् महाभारतकालीन समयदेखि प्रसिद्ध रहेको मानिन्छ । व्यास क्षेत्र वेद र महाभारतका रचयिता वेदव्यासको जन्म र कर्मथलो भएकाले मात्रै प्रसिद्ध छैन् सम्पूर्ण हिन्दू तथा वैदिक समाजको मुख्य धार्मिक तथा दार्शनिक ग्रन्थ वेद र महाभारतको उत्पत्ति भएका कारण प्रसिद्ध छ । त्यसैगरी तनहुँ जिल्ला कै व्यास नगरपालिकामा अवस्थित व्यास गुफा वेदव्याससँग जोडिएको प्रमुख धार्मिक स्थल हो । यो गुफा ऐतिहासिक, धार्मिक, र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण छ । धार्मिक मान्यताअनुसार वेदव्यासले यही गुफामा बसेर महाभारतको रचना गरेका थिए । नेपालको तनहुँ जिल्लाको व्यास गुफामा बसेर नै वेदव्यासले महाभारत र वेद ग्रन्थहरूको सम्पादन र रचना गरेका थिए । वेद संसारकै पहिलो पुस्तक हो (अधिकारी, वि.सं. २०७५) । गुफाको भित्री भागमा ध्यानमग्न वेदव्यासको मूर्ति राखिएको छ । गुफाको वरिपरि हरियाली वन, सेती र मादी नदीको संगम भएको मनमोहक वातावरणले पर्यटकहरूलाई आकर्षित गर्छ । व्यास गुफालाई धार्मिक तीर्थस्थलका रूपमा मानिन्छ, जहाँ हरेक वर्ष विशेष पूजा, हवन, र धार्मिक अनुष्ठानहरू गरिन्छन् । यस गुफाले तनहुँ जिल्लालाई ऐतिहासिक धार्मिक पर्यटनको केन्द्रका रूपमा चिनाएको छ । नेपालमा यस्ता ऐतिहासिक र धार्मिक स्थलहरूको प्रबद्र्धनले धार्मिक पर्यटनको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

वेदव्यासको जन्म पारासर ऋषि र सत्यवतीका पुत्रका रूपमा भएको थियो । उनी मूल रूपमा कृष्ण द्वैपायनका नामले परिचित थिए, जसको अर्थ कालो वर्ण भएका द्वीपमा जन्मेका व्यक्ति हो । पछि उनले वेदहरूको विभाजन र सम्पादन गरेपछि व्यास (विभाजक) को उपाधि प्राप्त गरे । वेदव्यासलाई सप्तचिरञ्जीवी (अमर) ऋषिहरूमध्ये एक मानिन्छ र हिन्दू धर्ममा उनको भूमिका

अत्यन्तै महत्वपूर्ण छ । व्यासका माता सत्यवती राजा शान्तनुको पत्नी भइन, र उनको विवाहपछि हस्तिनापुरको राजपरिवारको इतिहास बदलियो । वेदव्यासले राजा शान्तनुका छोरा विचित्रवीर्यका विधवा पत्नीहरूलाई नियोगद्वारा सन्तान प्रदान गरे, जसबाट धृतराष्ट्र, पाण्डु, र विदुरको जन्म भयो । यसरी उनी महाभारतका पाण्डव र कौरवहरूको हजुरबुवा बने ।

अधिकारी (वि.सं. २०७५) का अनुसार महर्षि वेदव्यास वेदान्त दर्शन तथा ब्रम्हसूत्रका रचयिता पनि हुन् । साथै उनले पुराणहरूको पनि संरचना गरेका थिए, जसमा भागवत पुराण विशेष मानिन्छ । वेदव्यासले चार वेदः ऋग्वेद, सामवेद, यजुर्वेद, र अथर्ववेदलाई वर्गीकृत गरे । यस कार्यले वैदिक ज्ञानलाई व्यवस्थित बनाएर गुरु (शिष्य परम्परामा शिक्षा दिन सजिलो बनायो । वेदव्यासले आफ्नो चार प्रमुख शिष्यहरू पैल, जैमिनि, वैशम्पायन, र सुमन्तुलाई यी वेदहरूको अध्ययन र शिक्षण कार्यमा समर्पित गरेका थिए । व्यासको महाकाव्य महाभारत विश्वको सबैभन्दा लामो काव्य हो, जसमा एक लाख भन्दा बढी श्लोकहरू छन् महाभारतमा कौरव र पाण्डवको संघर्ष, धर्म र अधर्मको युद्ध, र युद्धको परिणामस्वरूप प्राप्त शिक्षाहरू वर्णित छन् महाभारतमा भगवद्गीताको शिक्षाः धर्म, कर्म, योग, र मोक्षको बारेमा गहिरो व्याख्या गरेको छ । वेदव्यासले गङ्गा किनारमा बसेर यो महाकाव्यको रचना गरेका थिए र गणेशजीले यो महाकाव्य लेखेका थिए । व्यासले नै १८ पुराणहरूको रचना गरेका थिए भनिन्छ । वेद पाठ्यक्रम (curriculum) हो भने उपनिषद् पुस्तक (textbook) वा ज्ञानको संग्रह र पुराण उक्त पाठ्यक्रम र पुस्तकका ज्ञान प्रसारणकालागि रचना गरिएको विधिशास्त्र (pedagogy) हो । यसर्थ अधिकांस पुराणहरू प्रमाणिक र अप्रमाणिक रोचक कथाहरूले सजिएका छन् । जसमा विश्वको उत्पत्ति, विभिन्न देवी—देवताहरूको चरित्र, धार्मिक मान्यता, र मानव सभ्यताको इतिहास समावेश गरिएको छ । यी पुराणहरूले हिन्दू धर्मको विभिन्न पक्षलाई सहज र सरल भाषामा जनसाधारणसम्म पुर्याउन मद्दत गरेका छन् ।

महर्षी वेदव्यासको जन्म, व्यक्तित्व, र योगदानले सम्पूर्ण वैदिक परम्परा र हिन्दू धर्मको आधारशिला निर्माण गरेको छ । वैदिक साहित्यको महाकाव्य महाभारत र वेदको विभाजनद्वारा उनी सम्पूर्ण संसारमा पूजनीय बनेका छन । वेदव्यासको योगदानलाई हिन्दू धर्म, साहित्य, र दर्शनमा अमूल्य मानिन्छ । उनले गरेको कार्यहरूले हिन्दू धर्मलाई व्यवस्थित, संरचित, र शिक्षात्मक बनाएको छ । उनका प्रमुख योगदानहरूलाई संक्षेपमा यसरी बुझ्न सकिन्छ । वेदव्यासले वेदहरूको विभाजन र सम्पादन गरेर वैदिक साहित्यको संरक्षण गरे । उनको यस कार्यले वैदिक ज्ञानलाई क्रमबद्ध र संरक्षित बनाएर भावी पुस्तालाई हस्तान्तरण गर्न सकिने बनाएको छ । महाभारत र भगवद्गीतामार्फत वेदव्यासले मानव जीवनका गहिरा दार्शनिक र धार्मिक शिक्षाहरू दिएका छन् । यी शिक्षाहरूले मानिसलाई धर्म, कर्म, योग, र मोक्षको महत्व बुझ्न मद्दत गर्छन् । व्यासले

पुराणहरूको रचनाद्वारा हिन्दू धर्मका विभिन्न पक्षहरूलाई जनसाधारणमा प्रचार गरेका छन् पुराणहरूले हिन्दू धर्मको आधारभूत मान्यता, धार्मिक रीतिथिती, र देवी देवताहरूको चरित्रको व्याख्या गरेर जनमानसलाई धर्मप्रति जागरूक बनाएका छन् ।
यसरी वेदव्यास ऋषि हिन्दू धर्म प्रबद्र्धनको इतिहासमा एक अद्वितीय व्यक्तित्व हुन् उनले गरेको वेदहरूको सम्पादन, महाभारतको रचना र पुराणहरूको सृजनाले हिन्दू धर्मलाई व्यवस्थित, संरचित, र शिक्षात्मक बनाएको छ । यसरी तनहुँको व्यास गुफाले महर्षी वेदव्यासको स्मृति र योगदानलाई संझाइरहेको छ । यस स्थानको उचित संरक्षण, प्रबद्र्धन, र व्यवस्थापन गरेर नेपाललाई धार्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न सकिन्छ । यसले स्थानीय समुदायलाई आर्थिक लाभ पुर्याउनुको साथै हिन्दू धर्मको गहिरो ज्ञान र शिक्षालाई विश्वभर प्रचार गर्न मद्दत पुर्याउनेछ ।

**मुक्ति क्षेत्र**

मुस्ताङ जिल्लामा अवस्थित मुक्ति क्षेत्र हिन्दू र बौद्ध धर्मावलम्बीहरूको लागि विशेष पवित्र स्थल हो । यहाँ ऐतिहासिक मुक्तिनाथ मन्दिर र ज्वालामाई गुम्बा रहेको छ । मुक्तिनाथ मन्दिर समुद्र सतहबाट ३७१० मिटर उचाइमा अवस्थित छ । हिन्दूहरूका लागि मुक्तिनाथ मोक्षको पवित्र स्थान हो भने बौद्धहरूका लागि मुक्तिनाथ एउटा यस्तो स्थान हो जहाँ तिब्बतमा बौद्ध धर्म स्थापित गर्ने महान ऋषि गुरु रिन्पोचे (पद्मसम्भव) समेत कुनै समय ध्यान गर्न आएका थिए (एन टि बि,) । हिन्दू धर्म अनुसार यो मन्दिरलाई विष्णु भगवानको रूपमा पूजिन्छ भने बौद्ध धर्मावलम्बीहरूले यसलाई चुमिग ग्याछोलिङ्गका रूपमा मान्यता दिएका छन् । मुक्तिनाथ मन्दिरका १०८ जलधारा, पृथ्वीबाट उत्पन्न अग्नि (ज्वाला), र वरपरको प्राकृतिक सौन्दर्यले पर्यटकलाई आकर्षित गर्छन् । उक्त १०८ जलधारामा जलास्नान गरेपछि मुक्ति प्राप्त हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ । यस धाम स्थानीय रूपमा शालीग्राम क्षेत्र पनि भनेर चिनिने भगवान विष्णुको प्रतिक मानिने जीवाश्मयुक्त अमोनाइटहरू पाइने एक उत्तम ठाउँ हो, जुन काली गण्डकी नदीको माथिल्लो भागमा पर्दछ (एन टि बि,) । गण्डकी र शालग्रामको महिमालाई पन्थी (वि. सं. २०५४) ले २००७ साल अघिनै आफ्नो कबितामा यसरी वर्णन गरेको पाइन्छ — हरिगण्डसमुद्भवे ! भवाऽऽकुलितानामवनाय गण्डकि! । जगतीतलमागता सती सततं स्वर्गनदीव राजसे ।। २ ।।[13] प्रत्येक वर्ष नेपाल र भारतबाट हजारौं श्रद्धालु मुक्तिनाथ दर्शनका लागि आउँछन् । यस मुक्ति

[13] गण्डकी माताको जय होस् ! पाप नाश गर्ने शक्तिशाली देवीको जयगान गर। नारायणी देवी, जो मोक्ष प्रदान गर्नेहारु हो, तिमीप्रति सदा जप गरौं। देवक वृक्षको गुच्छा धारण गर्ने देवीको जय होस्। हे पवित्र माता, हामी तिमीलाई बारम्बार नमन गर्दछौं (पन्थी, वि. सं. २०५४)।

क्षेत्रले धार्मिक पर्यटनको माध्यमबाट अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याइरहेको छ । यस क्षेत्रको समुचित प्रबद्र्धन गर्नसके पर्यटन उद्योगमा अझ धेरै योगदान दिनसक्ने संभावना देखिन्छ ।

**रुरु क्षेत्र**

रुरु क्षेत्र, जसलाई रिडी वा रुरुधाम पनि भनिन्छ, नेपालको लुम्बिनी प्रदेश र गण्डकी प्रदेश तथा गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सिमानामा अवस्थित ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वको क्षेत्र हो । यो क्षेत्रलाई हिन्दू धर्मावलम्बीहरूको लागि अत्यन्तै पवित्र स्थान मानिन्छ । यहाँ कालीगण्डकी नदीको किनारमा अवस्थित रहेको प्रसिद्ध ऋषिकेश मन्दिर रहेको छ । यस मन्दिरमा विशेष गरी माघे संक्रान्ति, जनैपूर्णिमा, शिवरात्री, र हरिबोधिनी एकादशी जस्ता अवसरहरूमा भक्तजनहरूको घुइँचो लाग्छ, रुरु क्षेत्रलाई नेपालकै प्रमुख तीर्थस्थलहरूमध्ये एक मानिन्छ । यहाँ आउने तीर्थयात्रीहरूले धार्मिक अनुष्ठान, स्नान, र पिण्डदान जस्ता कार्यहरू सम्पादन गर्दछन् । यस क्षेत्रको प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर र धार्मिक महत्वले हजारौं पर्यटकहरूलाई आकर्षित गर्दै आएको छ ।

रुरु क्षेत्र (रिडी) को शिक्षा, व्यापार र पर्यटनमा विशेष महत्व रहेको छ । शिक्षाको सन्दर्भमा, रुरु क्षेत्रमा धार्मिक र सांस्कृतिक अध्ययनको अवसर प्रचुर मात्रामा पाइन्छ । एक शताब्दि भन्दा पुरानो रुरु पाठशाला, यहाँको मन्दिर र पुरातात्त्विक धरोहरहरूले विद्यार्थीहरूलाई इतिहास, संस्कृतिविद्या, र धार्मिक अध्ययनमा अनुसन्धान गर्ने प्रेरणा दिन्छ । साथै, यहाँको मठमन्दिरमा हुने धार्मिक प्रवचन तथा संस्कारहरूले स्थानीय र बाह्य विद्यार्थीहरूलाई वैदिक शिक्षा र सनातनी परम्पराबारे जान्ने अवसर प्रदान गर्दछ । व्यापारको हिसाबले रिडी सदियौंदेखि एक प्रमुख व्यापारिक केन्द्रको रूपमा चिनिएको छ । यहाँ हरेक माघे संक्रान्तिमा लाग्ने रुरु मेला तथा अन्य मेला पर्वहरूमा ठूलो व्यापारिक गतिविधि हुनेगर्छ । गण्डकी प्रदेशका हिमाली क्षेत्रमा उत्पादी राडीपाखी, कम्बल, आदि यहाँको सक्रान्ति मेलामा बिक्री गर्ने परम्परा नै छ । यसरी मेला, जात्रा, र पर्वहरूमा विभिन्न प्रकारका स्थानीय उत्पादनहरूको व्यापार हुने भएकाले यसले स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुर्याउँछ ।

पर्यटनको दृष्टिले, रुरु क्षेत्रको प्राकृतिक सुन्दरता, ऐतिहासिक मन्दिरहरू, र कालीगण्डकी नदीको रमणीय दृश्यले पर्यटकहरूलाई आकर्षित गर्दछ ।

**त्रिवेणीधाम**

गण्डकी नदीको तटीय क्षेत्रमा परासी जिल्लामा अवस्थित यस धामलाई गजेन्द्रमोक्षधाम पनि भनिन्छ । त्रिवेणीधाम धार्मिक दृष्टिले अत्यन्तै पवित्र मानिन्छ । पौराणिक कथाअनुसार गजेन्द्रमोक्षको

कथा भगवान विष्णुसँग जोडिएको छ । हात्ती (गजेन्द्र) र मगरमच्छबीचको संघर्षले भगवान विष्णुको कृपाले हात्तीलाई मुक्त गराएको पौराणिक घटना यही स्थानसँग सम्बन्धित मानिन्छ । यस स्थानको आध्यात्मिक महत्त्व पनि छ । जसअनुसार गजेन्द्रमोक्ष धाममा पूजा—आराधना गर्दा भक्तजनहरूले मोक्ष प्राप्त गर्ने र पापबाट मुक्ति पाउने विश्वास गरिन्छ ।

धार्मिक आस्थाअनुसार त्रिवेणीधाममा स्नान गर्नु पवित्र मानिन्छ । यहाँ भगवान विष्णु, शिव, र अन्य देवी—देवताको मन्दिरहरू रहेका छन् । यहाँ रामायणकालीन पुरातात्विक संरचनाहरू पनि छन् । नारायणी नदीको पूर्वतर्फ वाल्मिकी आश्रम रहेको छ त्यस्को पूर्वोत्तर दिशातिर भगवान रामचन्द्रको जन्मस्थल अयोध्यापुरी वा अयोध्या रहेको कुरा धर्मिक बिश्लेषकहरू बताउँछन् । यस त्रिवेणी धाममा महान चाडपर्वहरू जस्तैः माघे संक्रान्ति, रामनवमी, र कार्तिक पूर्णिमाका अवसरमा यहाँ ठूलो मेला लाग्ने गर्छ । गजेन्द्रमोक्षको कथा यही त्रिवेणीधाममा घटेको हुँदा र शालीग्राम क्षेत्र र भगवान रामचन्द्र समेत यसै धाम आसपास विचरण गरेका कारण यस क्षेत्र धार्मिक तथा आध्यात्मिक दृष्टिले अत्यन्तै पवित्र मानिन्छ । पछिल्ला केही वर्षहरूमा नेपालको यस गजेन्द्रमोक्षधाम वा त्रिवेणीधाम तीर्थस्थलले हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र बन्ने मात्र नभई पर्यटकीय दृष्टिले पनि आकर्षणको केन्द्र बन्दै गएको छ । जहाँ छिमेकी देश भारतबाट पनि लाखौंको सङ्ख्यामा पर्यटकहरू तीर्थयात्रा तथा घुम्नका लागि आउँछन् ।

नेपालको परासी (पहिलेको नवलपरासी) जिल्लामा रहेको गजेन्द्रमोक्ष धाम हिन्दू धर्मावलम्बीहरूका लागि एक महत्वपूर्ण तीर्थस्थल हो । गण्डकी र लुम्बिनी राज्यको सीमामा पर्ने गजेन्द्रमोक्ष अर्थात् त्रिवेणीधाम बुद्धको जन्मस्थलबाट भौतिक रुपले केवल ३० किलोमिटर जति टाढा रहेकाले यस गण्डकी क्षेत्र विश्वमै हिन्दू र बौद्ध दुवै पर्यटन सञ्जालको केन्द्रका रूपमा समेत फस्टाउने सम्भावना छ ।

गण्डकी क्षेत्रमा प्रचुर पर्यटकीय संभावना भएका केही अन्य धाम तथा प्रसिद्ध धार्मिक पर्यटकीय हरु पनि छन् जस्तैः मुस्ताङको दामोदर कुण्ड, मुस्ताङको ऐतिहासिक घर गुम्बा, लमजुङ्गको इशानेश्वर महादेवको मन्दिर, कास्कीको केदारेश्वर महादेव मन्दिर, कास्कीको गुप्तेश्वर महादेव गुफा, कास्कीको बिन्ध्यवासिनी मन्दिर, कास्कीको विश्व शान्ति स्तूप, कास्की पुम्दीकोटको शिव मन्दिर, कास्कीको ढोर बराह मन्दिर, कास्कीको माटेपानी गुम्बा, तनहँको मौला कालिकाको मन्दिर, तनहँुको छाब्दी बराह मन्दिर, आदि । यी मध्ये बाग्लुंगको पञ्चकोट धाम, म्याग्दीको गलेश्वर धाम, पर्वतको शालग्राम शीला र पञ्चेश्वर धाम तथा नवलपुरको सास्वत धाम पनि धार्मिक पर्यटनको प्रचुर संभावना रहेका धामहरु हुन् । प्रचुर पर्यटकीय संभावना भएका मन्दिरहरुमा गोरखाको मनकामना र गोरखनाथको मन्दिर, र सन् १५३४ को आसपास पाल्पाका राजा

मणिमुकुन्द सेनद्वारा निर्माण गरिएका बाग्लुंगको कालिका मन्दिर जुन मन्दिरलाई नेपाल सरकारले नेपालका शीर्ष १०० पर्यटन गन्तव्यमा सूचीकृत गरेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सन् २०१९) ।

यसका साथै धार्मिक तथा सांस्कृतिक पर्यटकहरूको लागि मात्र नभई साहसिक पर्यटन जस्तैः र्याफ्टिङ, ट्रेकिङ्ग, र ग्रामीण पर्यटनका लागि पनि यो क्षेत्र उपयुक्त मानिन्छ । विश्व प्रसिद्ध अन्नपूर्ण पदमार्ग यहिं प्रदेशमा छ । नेपालकै पहिलो होमस्टे सिरुबारी पनि यहिं प्रदेशमा छ । यहाँ आउने पर्यटकहरूले धार्मिक अनुष्ठानसँगै ग्रामीण जीवनशैली, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यको अनुभव गर्न सक्छन्, जसले यो क्षेत्रलाई पर्यटकीय हिसाबले महत्वपूर्ण बनाएको छ ।

यस क्षेत्रका प्राकृतिक, सांस्कृतिक, र धार्मिक धरोहरहरूलाई समेटेर एक पर्यटकीय सर्किटको विकास गर्न सकिन्छ । गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको उचित प्रवर्धन गर्नसके निम्नलिखित सम्भावनाहरू देखिन्छः—

**आर्थिक सम्भावना**

धार्मिक पर्यटनले गण्डकी क्षेत्रका स्थानीय समुदायलाई आर्थिक रूपमा लाभान्वित गर्न सक्छ । गण्डकी प्रदेशमा मुक्तिनाथ र त्रिवेणीधामजस्ता पवित्र धार्मिक तथा पर्यटकीय स्थलको उपस्थितिले यस क्षेत्रको आर्थिक विकासमा सहयोग गरेको गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालले समेत बताएका छन् (राष्ट्रिय समाचार समिति, सन् २०२२) । होटेल, रेस्टुरेन्ट, यातायात, गाइड सेवा, र अन्य पर्यटनसँग सम्बन्धित व्यवसायहरूमा रोजगारको अवसर सिर्जना हुन सक्छ । यसले स्थानीय उत्पादनहरूको बिक्री, हस्तकलाको प्रवर्धन, र कृषिजन्य उत्पादनको बजार वृद्धि गर्न मद्दत पुर्याउँछ ।

संस्कृति संरक्षण

धार्मिक पर्यटनले स्थानीय संस्कार र संस्कृतिलाई जगेर्ना गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । धार्मिक पर्यटनको माध्यमबाट धार्मिक र सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दा स्थानीय समुदायले आफ्नो संस्कृतिलाई पुनः सजीव बनाउन सक्छन् । धार्मिक स्थलहरूको संरक्षण र प्रचारप्रसारले पुराना परम्पराहरूको निरन्तरता कायम राख्न सक्छ ।

अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षण

गण्डकी क्षेत्रका धार्मिक स्थलहरू अन्तर्राष्ट्रिय स्तरमा पनि प्रसिद्ध छन् विशेष गरी भारतबाट हिन्दू धर्मावलम्बीहरू मुक्तिनाथ मन्दिरको दर्शनका लागि आउने गर्दछन् यस्तै, अन्य देशका बौद्ध

धर्मावलम्बीहरूले पनि यस क्षेत्रमा विशेष आकर्षण राख्छन् अन्तर्राष्ट्रिय धार्मिक पर्यटकहरूको आगमनले नेपालको पर्यटन क्षेत्रको विकासमा योगदान पुर्याउन सक्छ । अन्तर्राष्ट्रिय पर्यटकहरूलाई थप आकर्षित गर्न गण्डकी क्षेत्रमा रहेका चार धार्मिक क्षेत्रहरूः रुरु क्षेत्र, देवघाट क्षेत्र, व्यास क्षेत्र, त्रिवेणी क्षेत्र, र मुक्ति क्षेत्रलाई पाँच धामका रुपमा समेत विकास गर्न सकिने संभावना पनि छ ।

यसरी गण्डकी क्षेत्रमा धार्मिक पर्यटन विकासको सम्भावना अत्यन्तै प्रबल देखिन्छ । धार्मिक पर्यटन विकासको सम्भावनासँगै केही चुनौती पनि छन् ।

## धार्मिक पर्यटनको समस्या तथा चुनौती

धार्मिक पर्यटनको क्षेत्रले, अन्य पर्यटन क्षेत्रहरू जस्तै, विभिन्न चुनौतिहरूसँग सामना गर्नुपर्छ । यी चुनौतीहरू धार्मिक स्थलहरूको संरक्षण, आगन्तुकहरूको सुरक्षा, र सांस्कृतिक एकताका लागि महत्वपूर्ण छन् । सुबेदी (सन् २०१५) ले स्थानीय जनतामा पर्यटन गतिविधिको बारेमा सचेतनाको अभाव, र शौचालय, पिउने पानी र कुवा पूर्वाधारको अभाव जस्ता केही समस्याहरू गण्डकी क्षेत्रको एक पर्यटन गन्तव्य राम्दी क्षेत्रमा पाएका थिए । गण्डकी क्षेत्रमा धार्मिक पर्यटनको अपार सम्भावना भए तापनि यसलाई व्यवस्थित रूपमा प्रर्बद्धन गर्न केही चुनौतीहरू रहेका छन्

### पूर्वाधारको कमी

धेरै धार्मिक स्थलहरू दुर्गम क्षेत्रमा अवस्थित छन्, जहाँ पुग्नका लागि सडक, यातायात, र अन्य आधारभूत पूर्वाधारहरूको अभाव छ । नेपालमा सडक, ऊर्जा, स्वास्थ्य र सञ्चारजस्ता पूर्वाधारको अभाव र उपलब्ध पूर्वाधारको अवस्था निकै खराब छ । उन्नत र भरपर्दो उड्डयन मार्गको अभाव पनि नेपालको पर्यटन विकासका लागि ठूलो बाधा हो (बस्नेत, सन् २०१६) । दुर्गम र जोखिमयुक्त मार्गहरूका कारण पर्यटकहरूलाई गन्तव्यमा पुग्न कठिनाई हुन्छ । यसलाई समाधान गर्न विशेषगरी सडक सञ्जालको विकास, हवाई यातायातको सुविधा, र आवास व्यवस्थापनमा सुधार गर्न आवश्यक छ ।

### सहिष्णुता

धार्मिक पर्यटनमा विभिन्न धर्म, सम्प्रदाय, र समुदायका व्यक्तिहरूको सहभागिता हुन्छ । यसको समुचित विकासमा धार्मिक सहिष्णुता, आपसी समझदारी, र शान्तिपूर्ण वातावरण कायम गर्न

आवश्यक छ । सहिष्णुता र शान्ति प्रवर्धन गर्न धार्मिक पर्यटन सबैभन्दा महत्त्वपूर्ण आन्दोलन हुन सक्छ । साथै, सहिष्णुता र शान्ति यात्रा र पर्यटनका लागि आवश्यक पूर्व शर्तहरू हुन् (बिल्म र दुज्गुनर, सन् २०१५) । धार्मिक विवाद, धार्मिक स्थलहरूको अवहेलना, र असहिष्णुताले पर्यटनलाई नकारात्मक असर पुर्याउन सक्छ । जस्तैः फरक धार्मिक आस्था राखे पर्यटकहरूलाई राम्रो आतिथ्यता दिनु आवश्यक हुन्छ ।

## सुरक्षा चुनौती

धार्मिक स्थलहरूमा ठूलो संख्यामा पर्यटक र भक्तजनहरूको आवागमन हुन्छ, जसले सुरक्षा चुनौतीहरू उत्पन्न गर्न सक्छ । सुरक्षा चुनौतीहरू धेरै किसिमका रहन्छन् । धार्मिक स्थलहरूको भौतिक सुरक्षा प्रमुख चुनौति हो किनकि धेरै पुरातात्विक महत्वका मूर्ति तथा अन्य वस्तुहरू धेरै चोरी हुने गरेको छ । मठमन्दिर, मस्जिद, गुम्बा, चर्च, आदि स्थानहरूको सुरक्षा संवेदनशील छ । धार्मिक स्थलहरूमा आतङ्कवाद, चोरी, लागू पदार्थ दूव्र्यसनी तथा तोडफोडजस्ता घटनाहरूको जोखिम रहन्छ । भिड नियन्त्रणस् विशेष पर्व तथा महोत्सवको समयमा ठूलो संख्यामा भक्तजनहरूको भीड नियन्त्रण गर्नु चुनौतीपूर्ण हुन्छ । भागदौड, आपत्कालीन स्थितिमा व्यवस्थापन, र यातायात व्यवस्थापन चुनौतीपूर्ण हुन सक्छ । अनुभवी तथा तालिम प्राप्त कर्मचारीको अभाव अर्को सुरक्षा चुनौति हो । सुरक्षा कर्मचारीहरूलाई धार्मिक पर्यटनको विशेषता र संवेदनशीलताबारे निरन्तर प्रशिक्षित गर्नुपर्ने हुन्छ । यसबारे पर्याप्त तालिमको अभाव रहन सक्छ ।

## राजनीतिक चुनौती

धार्मिक पर्यटन प्रायः राजनीतिक प्रभावको अधीन रहन्छ । यसले गर्दा धार्मिक स्थलहरूको व्यवस्थापन र सञ्चालन राजनीतिक दलहरूको नियन्त्रणमा रहन सक्छ । यसले धार्मिक संस्थानहरूमा धर्म परिवर्तन गराउने, भ्रष्टाचार र अनियमितताको संभावना बढाउँछ । राजनीतिक व्यक्तिहरूले धार्मिक मतभेदको गलत फाइदा उठाउन सक्दछन्, जसले धार्मिक पर्यटनमा अवरोध पुर्याउन सक्छ । उदाहरणका रुपमा पशुपतिनाथ स्थित धर्मशालालाई लिन सकिन्छ । सरकारी नीति तथा कानुन अर्को चुनौती हुन सक्छ । धार्मिक पर्यटनको लागि उचित नीतिको अभावले सम्पूर्ण पर्यटन क्षेत्रको विकास र व्यवस्थापनमा अवरोध उत्पन्न हुन सक्छ । समाजमा बैधानिक कानुन, सामाजिक कानुन् र धार्मिक कानुनको अस्तित्व रहेको हुन्छ । त्यसैले धार्मिक क्षेत्रमा के गर्न मिल्ने के नमिल्ने भन्ने कुरामा प्रष्ट सूचना हुनुपर्छ ।

भाषिक तथा सञ्चार चुनौती

धार्मिक स्थलमा भ्रमण गर्ने विभिन्न भाषाभाषी पर्यटकहरूको संख्या बढ्दो छ । भाषिक र सञ्चार चुनौतीहरूमा भाषाको विविधता प्रमुख छ । विभिन्न भाषा बोल्ने पर्यटकहरूलाई धार्मिक स्थलको जानकारी, मार्गनिर्देशन, र अन्य सेवा सुविधाहरू उपलब्ध गराउन चुनौतीपूर्ण हुन सक्छ । सूचना र मार्गनिर्देशनको अभाव हुन सक्छ । धार्मिक स्थलहरूमा सूचना बोर्डहरू, संकेतहरू, र मार्गनिर्देशनहरू स्पष्ट र बहुभाषिक नहुनाले पर्यटकहरूको लागि असुविधा हुन सक्छ । सञ्चार वा सम्पर्कको अभाव अर्को चुनौती हो । साना धार्मिक स्थलहरूमा मोबाइल नेटवर्कको अभाव वा कमजोर सञ्चार सेवाले पर्यटकहरूको सञ्चारमा अवरोध ल्याउँछ ।

कमजोर आतिथ्यता

धार्मिक स्थलहरूको नजिकैको क्षेत्रमा आतिथ्य सेवा (धर्मशाला, होटल, रेस्टुरेन्ट, होमस्टे, आदि) को अभाव वा स्तरीयताको कमी हुँदा पर्यटकहरूको अनुभवमा तिक्तता आउन सक्छ । अपर्याप्त र सुविधा विहीन आवास पनि चुनौती हुनसक्छ । धार्मिक पर्यटकहरूका लागि उचित मूल्यमा राम्रो सुविधा भएका आवासहरूको कमी रहन सक्छ । खानपीनको समस्या अर्को चुनौती हो । धार्मिक पर्यटकहरूको आहारसम्बन्धी विशेष आवश्यकताहरू हुन्छन्, जसलाई ध्यानमा राखेर उपयुक्त सेवा प्रदान गर्न सकिएन भने उनीहरूको धार्मिक आस्थामा नकारात्मक प्रभाव पर्न सक्छ ।

सरसफाइ र फोहोरमैला व्यवस्थापन

धार्मिक स्थलहरूको वरपरको सफाइ र सरसफाइको उचित व्यवस्था नहुँदा पर्यटकहरूको अनुभव खराब हुन सक्छ । यी चुनौतीहरूलाई समाधान गर्न सुरक्षा व्यवस्थामा सुधार, भाषिक र सञ्चार सेवाको विकास, राजनीतिलाई धार्मिक पर्यटनबाट टाढा राख्न प्रयास, र आतिथ्य सेवाहरूको सुधारमा ध्यान दिन आवश्यक छ ।

धार्मिक स्थलहरूमा अत्यधिक पर्यटकहरूको आगमनले फोहोरमैला व्यवस्थापनमा समस्या निम्त्याउँछ । फोहोर फाल्ने, जलस्रोतहरूको प्रदूषण, र प्राकृतिक वातावरणको क्षतिका कारण धार्मिक स्थलहरूको महत्त्व घट्न सक्छ । यसलाई न्यूनीकरण गर्न सरसफाइ अभियान, पर्यटकहरूका लागि सचेतना कार्यक्रम, र उचित फोहोर व्यवस्थापन नीति लागू गर्न आवश्यक छ ।

### धार्मिक पर्यटनको प्रवर्धनका उपाय

प्रदेशभित्रका गजेन्द्रमोक्ष धाम, मुक्तिनाथ धाम, र देवघाट धामजस्ता धार्मिक क्षेत्र विशेष महत्वका हुन् र यी क्षेत्रको विकासमा विशेष प्राथमिकता दिइने पूर्व मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल नेपालले बताएका थिए (राष्ट्रिय समाचार समिति, सन् २०२२) । तर के कसरी यस क्षेत्रको धार्मिक पर्यटनको विकास गर्न सकिन्छ भनि गहन अनुसन्धान तथा अलग योजना भने बन्न सकेको पाइदैन । तथापि गण्डकी क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न निम्न उपायहरू अवलम्बन गर्न सकिन्छः—

### धार्मिक पर्यटन मार्गहरूको विकास

गण्डकी क्षेत्रमा रहेका धार्मिक स्थलहरू जोड्ने गरी एकीकृत पर्यटन मार्ग वा सर्किटको विकास गर्न सकिन्छ । उदाहरणका लागि, मुक्तिनाथ मन्दिरदेखि गोरखाको मनकामना मन्दिरसम्मको धार्मिक मार्ग, पोखराका बिन्ध्यवासिनी मन्दिरदेखि देवघाटसम्मको यात्रा, इत्यादि । यसले धार्मिक पर्यटकहरूलाई एकैपटकमा धेरै धार्मिक स्थलहरूको यात्रा गर्ने अवसर प्रदान गर्छ । यस्तो धार्मिक सर्किटमा अलग्गै धार्मिक पर्यटकीय बस सञ्चालन गर्न सकिन्छ ।

### पूर्वाधार विकास

धार्मिक स्थलहरूमा पूर्वाधारको विकास गर्न आवश्यक छ । यसमा सुरक्षित सडक निर्माण, पक्की मार्ग, धार्मिक स्थलहरूमा प्रवेशद्वारको व्यवस्था, बासको सुविधा, सिसिटिभी क्यामेरा र अन्य आधारभूत संरचनाहरूको विकास समावेश हुन्छ । यसले धार्मिक पर्यटकहरूलाई सहज र सुरक्षित यात्रा अनुभव प्रदान गर्दछ ।

### धार्मिक कार्यक्रमहरूको आयोजना

धार्मिक मेला, उत्सव, र अन्य कार्यक्रमहरूको आयोजना गरेर पर्यटकहरूको आकर्षण बढाउन सकिन्छ । विशेषगरी शिवरात्री, तीज, बडादशैं, माघे संक्रान्ति, हरिबोधनी एकादशी जस्ता पर्वहरूमा विशेष धार्मिक कार्यक्रमहरूको आयोजना गर्न सकिन्छ । यसले धार्मिक पर्यटनको प्रबद्र्धनमा महत्वपूर्ण भूमिका खेल्छ।

चित्र २

गण्डकी प्रदेशमा संभाव्य पर्यटकीय सञ्जाल




चित्रको स्रोतः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (सन् २०१९)

स्थानीय समुदायको सहभागिता

धार्मिक पर्यटनको विकासमा स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ । खाँसगरी गुठी निर्माण तथा सञ्चालनको जिम्मा स्थानीयलाई नै दिनु आवश्यक छ । स्थानीय जनताको धार्मिक स्थलको संरक्षण, सरसफाइ, र पर्यटक स्वागतमा सहभागिता बढाउन आवश्यक छ । यसले धार्मिक पर्यटनलाई दीगो र सफल बनाउनेछ ।

आधुनिक प्रविधिको प्रयोग

धार्मिक स्थलहरूको प्रचारप्रसार गर्न प्रविधिको प्रयोग गर्न सकिन्छ । वेबसाइट, सामाजिक सञ्जाल, मोबाइल एप्लिकेशन, र डिजिटल मार्केटिङको माध्यमबाट धार्मिक स्थलहरूको जानकारी दिन सकिन्छ । यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटकहरूलाई धार्मिक स्थलहरूको बारेमा सहज रूपमा जानकारी दिन सहयोग पुर्याउँछ ।

## धार्मिक पर्यटन प्रवर्द्धनका लागि केही सुझाव

- प्रभावकारी पर्यटन नीति लागूः धार्मिक पर्यटन प्रवर्धन गर्न दीर्घकालीन नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने ।
- यातायात सेवामा सुधारः धार्मिक स्थलसम्म पुग्न सहज बनाउन सडक र हवाइ यातायात सेवाहरूलाई स्तरोन्नति गर्ने । धार्मिक सर्किटमा छुट्टै यातायात सञ्चालन गर्ने ।
- आधारभूत संरचना विकासः आवास, पानी, बिजुली, र अन्य सेवाहरूको पहुँच सुधार गरेर पर्यटकका लागि अनुकूल वातावरण सिर्जना गर्ने ।

- सफा र व्यवस्थित स्थलहरूः फोहोर व्यवस्थापन प्रणाली लागू गरी धार्मिक स्थलहरूको सफाइमा प्राथमिकता दिने।
- पर्यटक सहजीकरणः बहुभाषिक सूचना बोर्ड, गाइड सेवा, र डिजिटल एप माध्यममार्फत पर्यटकलाई जानकारी उपलब्ध गराउने।
- सांस्कृतिक र ऐतिहासिक महत्त्व प्रचारः सञ्चार माध्यम र प्रविधिको प्रयोग गरेर धार्मिक स्थलहरूको ऐतिहासिक र सांस्कृतिक महत्त्व व्यापक बनाउने।
- स्थानीय समुदायको संलग्नताः सहकारी कार्यक्रममार्फत स्थानीय समुदायलाई रोजगारी र आयआर्जनमा संलग्न गराउने।
- स्वच्छ पर्यटनको प्रवद्र्धनः सँस्कृति र पर्यावरणमैत्री उपायहरू अपनाई दिगो पर्यटन विकासमा जोड दिने।
- सुरक्षा संयत्र बलियो बनाउनेः धार्मिक स्थलहरूको सुरक्षामा ध्यान दिँदै सम्पदाको चोरी र क्षति रोक्ने।
- धार्मिक मेला र उत्सवको प्रवद्र्धनः विशेष पर्व, मेला, र महोत्सवहरूको प्रचार गरेर पर्यटक आकर्षित गर्ने।
- अन्तर्राष्ट्रिय प्रचारः नेपालको धार्मिक स्थलहरूलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्दै बाह्य पर्यटक आकर्षण गर्ने।
- होमस्टे र धर्मशाला विकासः धार्मिक स्थलहरू नजिकै होमस्टे तथा धर्मशाला सञ्चालन गरी आवास सुविधामा सुधार गर्ने।
- आकर्षक पर्यटन प्याकेजः आन्तरिक र बाह्य पर्यटकका लागि धार्मिक यात्रा प्याकेजहरू विकास गरी प्रचार गर्ने।
- सामुदायिक संवाद र सहिष्णुताः धार्मिक सहिष्णुता प्रवर्धन गर्न समुदाय र धार्मिक समूहहरूबीच संवादको व्यवस्था गर्ने।
- दस्तावेजीकरण र अध्ययनः धार्मिक स्थलहरूको प्रामाणिक ऐतिहासिक पुरातात्विक दस्तावेजीकरण गर्दै अनुसन्धान र अध्ययनलाई प्राथमिकता दिने।

**निष्कर्ष**

नेपालको धार्मिक पर्यटनले आर्थिक, सांस्कृतिक, र सामाजिक विकासमा उल्लेखनीय योगदान गर्न सक्ने प्रचुर सम्भावना बोकेको छ। विशेषतः गण्डकी प्रदेशको वैदिक, पौराणिक, र ऐतिहासिक धरोहरले यस क्षेत्रलाई अन्तर्राष्ट्रिय धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न सक्ने क्षमता राख्छ। देवघाट, त्रिवेणीधाम, मुक्तिनाथजस्ता स्थलहरूले शान्तिपूर्ण यात्रा अनुभव प्रदान गर्दै आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्ने मात्र होइन, स्थानीय समुदायलाई आयआर्जनका अवसरहरू पनि प्रदान गर्छन्। धार्मिक पर्यटनले परम्परागत संस्कृति संरक्षण, सामुदायिक सहभागिता, र दिगो पर्यटन प्रवर्धनमा महत्त्वपूर्ण भूमिका खेल्छ। तर, यी सम्भावनाहरूलाई व्यवहारमा रूपान्तरण गर्न पूर्वाधार सुधार, प्रभावकारी नीतिगत व्यवस्था, र अन्तर्राष्ट्रिय प्रचार अपरिहार्य छन्। धार्मिक स्थलसम्मको पहुँच सहज बनाउन सडक र यातायात सुधार, फोहोर व्यवस्थापन, सुरक्षा प्रबन्ध, र पर्यटक सुविधामा सुधार गर्नुपर्ने आवश्यकता छ। साथै, धार्मिक पर्यटनलाई दिगो बनाउन स्थानीय समुदायलाई पर्यटन क्षेत्रसँग आर्थिक रूपमा जोडेर उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्छ। पर्यावरणीय, सांस्कृतिक, र धार्मिक महत्त्वको सन्तुलित संरक्षणसहित स्वच्छ तथा प्रदूषणरहीत पर्यटन दृष्टिकोणलाई प्राथमिकता दिनुपर्छ। नेपालले धार्मिक पर्यटनको थोरै मात्र बजार हिस्सा समेट्न सके पनि राष्ट्रिय आर्थिक समृद्धिमा ठूलो योगदान पुग्न सक्छ। गण्डकी प्रदेशको धार्मिक पर्यटनलाई दीर्घकालीन रूपमा सफल बनाउनका लागि स्थानिय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय सहकार्य अत्यावश्यक छ। यस क्षेत्रको अद्वितीय सांस्कृतिक र धार्मिक धरोहरको प्रवर्धन गर्दै नेपालको पहिचान विश्वभर फैलाउने सुनौलो अवसरको उपयोग गर्न एक आधारभूत अनुसन्धान एवम् दीर्घकालीन र रणनीतिक योजना आवश्यक छ।

**सन्दर्भग्रन्थ**

अधिकारी, विष्णु (२०७५), सारसङ्क्षेपमा पूर्वीय दर्शन, रत्न पुस्तक भण्डार।

आचार्य, प्रमिला, पहारी, बसन्त, घिमिरे, मदन, अभिकारी, प्रतिमा, भण्डारी, सबिना, भण्डारी, र सुवेदी, भुवानीप्रसाद (२०८१), स्थानीय पाठ्यक्रम सिकाइ सहजीकरण पुस्तिका, न्याब्स कम्प्युटर सेवा।

थापा, भोला (२०७५), वेदमा के छैन, अनुष्का प्रकाशन।

पन्थी, उमानाथ (वि.सं. २०५४), श्रीगण्डकीगौरवम् (दोस्रो संस्करण), हरिकलादेव्या। (पहिलो प्रकाशन वि..सं.२००७)[14]

Acharya, S. (2022). Buddhism and tourism: a general review. Journal of Tourism & Adventure, 5(1), 62-78.

[14] शर्मा, उमानाथ (वि.सं., २००७), *श्रीगण्डकीगौरवम्*, हरिकलादेव्या।

Basnet, S. (2016). Types of tourism in Nepal and their prospect. Laurea University of Applied Sciences.

Bilm, Y. & Duzguner, S. (2015). Religious Tourism for Religious Tolerance. In R. Raj & K. Griffin (Eds.), Religious tourism and pilgrimage management: An international perspective (pp. 79-92). CABI.

Choe, J. & O'Regan, M. (2015). Religious tourism experiences in South East Asia. In R. Raj & K. Griffin (Eds.), Religious tourism and pilgrimage management: An international perspective (pp. 191-204). CABI

COHERENT (April 2024). Religious tourism market analysis (2024-2031). Report code: 6868. https://www.coherentmarketinsights.com/industry-reports/religious-tourism-market

Grand View Research (2024). Religious Tourism Market Size, Share & Trends Analysis Report. Report ID: GVR-4-68040-454-7. https://www.grandviewresearch.com/industry-analysis/religious-tourism-market-report

Kharel, B. (2024, September 23). Nepal's Buddhist heritage: A gateway to religious tourism. Nepal Economic Forum.

Lamichhane, B. (2023). Prospects of religious tourism in Nepal. The journal of social sciences studies and research, 3(2). 54-61. http://tjsssr.com

Ministry of Culture, Tourism & Civil Aviation. (2023). Nepal tourism statistics 2023. https://www.tourism.gov.np/files/1/Nepal%20Tourism%20Statistic_2023%20final.pdf

Ministry of Industry, Tourism, Forest and Environment. (2019). Major Tourist Destinations (Gandaki Province). Gandaki Provincial Government.

Narayanacharya "Devbaba ". (2025 February 5). Devghat mahatma, kumbha yeta ki uta? The Bravo Delta Show EP 154 [Video]. YouTube. https://www.youtube.com/watch?v=lVZ_o_U2F4I

Nepal Tourisn Board (NTB). (n.d.).Trek through Jomsom and Muktinath, walk through the unique terrain, taste Thakali food and observe their rich culture. https://ntb.gov.np/jomsom-muktinath

Raj, R., Griffin, K. & Blackwell, R. (2015). Motivations for Religious Tourism, Pilgrimage, Festivals and Events. In R. Raj & K. Griffin (Eds.), Religious tourism and pilgrimage management: An international perspective (pp. 103-117). CABI.

Rastriya samachar samiti (RSS). (2022, April16). Development of the country is possible through religious tourism: Chief Minister. Nepal news. https://nepalnews.com/s/nation/development-of-the-country-is-possible-through-religious-tourism-chief-minister

Road Genius (2024, July 8). Global tourism statistics & trends – 2023 and 2024. https://roadgenius.com/statistics/tourism/#:~:text=Global%20Tourism%20Key%20Trends%20in,up%2034%25%20from%202022).

Spotlight Nepal. (2025, January 3). Nepal received over 1.1 million tourists in 2024. https://www.spotlightnepal.com/2025/01/03/nepal-received-over-11-million-tourists-2024/

Subedi, Y. (2015). Prospects and problems of religious tourism in Nepal: A case study of Ramdi [Unpublished master's thesis]. Tribhuvan University.

Thakur, D. (2023, January 10). Religious and Cultural Tourism in Nepal. Nepal Database. https://www.nepaldatabase.com/religious-and-cultural-

tourism#:~:text=The%20best%20tour%20destinations%20in,the%20Lord%20is%20located%20Shiva.

World Tourism Organization. (2024, January 19). International tourism to reach pre-pandemic levels in 2024. https://www.unwto.org/news/international-tourism-to-reach-pre-pandemic-levels-in-2024

# नेपालका युवा नीतिको बहस र सबाल

**याम बहादुर थापा मगर**[१५]

## लेखसार

नेपालमा युवा नीति सफलतापुर्वक कार्यान्वयन गर्ने रणनीति अपनाउन नसकेका कारण थुप्रै युवाहरु स्वदेशमा भविष्यको सपना देख्न नसकेर विदेशमा पलायन भएको अवस्था छ । युवा नीति निर्माण भएपनि व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वयनको प्रभाव न्युन देखिएकोले निकट भविष्यमा जनसंख्याको ठुलो हिस्सा ओगटने देशका उत्पादनशील र उर्जाशिल युवालाई सही व्यवस्थापन गर्नुको विकल्प छैन । युवाहरुको सही व्यवस्थापन, सशक्तिकरण र अवसरको सिर्जना राष्ट्रको समृद्धिसँग प्रत्यक्ष रुपमा जोडनुपर्छ । युवा राष्ट्रिय नीतिमा युवाहरुका अधिकार, दायित्व र भविष्यका सम्भावनाहरु पहिचान गरेर सही कार्यान्वयन मार्फत विभिन्न समस्या, चुनौती र अवसरहरु आत्मसात गर्नुपर्दछ । देशको सामाजिक, आर्थिक र राजनीतिक विकासमा महत्वपुर्ण भुमिका युवाले खेल्न सक्छ । तर युवाहरु बेरोजगारी, शिक्षा र सीपको असमान पहुँच, विदेश पलायन र नीति निर्माणमा युवाको न्यून सहभागिता जस्ता समस्याहरुले उनीहरुको सम्भावना र सपनालाई सिमित बनाएको छ । युवा नीतिलाई युवाहरुको उर्जाशिलता र सिर्जनशीलता राष्ट्र निर्माण र विकासमा पूर्ण रुपमा उपयोग हुने वातावरण वनाउनमा ढिला गर्न हुने समय छैन । किन सुखी र समृद्धि नयाँ नेपालको परिमाणको हाम्रै पालामा अनुभव र देख्न तथा बोल्न धेरै ढिला भएको आभास आम नागरीरकमा ढिला हुदै गएको छ । नेपालका युवाहरुमा समावेशी,व्यवहारिक र दीर्घकालीन प्रभाव पार्ने युवा नीति निर्माण गर्दै गुणस्तरीय शिक्षा, रोजगारी, उद्यमशिलता, नेतृत्व विकास र नवप्र ्द्धनमा संलग्न गराउने वातावरण सिर्जना गर्ने सामुहिक दायित्व बनेको छ ।

## पृष्ठभूमि

नेपालमा विभिन्न औपचारिक रुपमा नीतिहरु निर्माण र कार्यान्वयन गर्ने क्रममा युवा नीति निर्माणको सुरुवात २०६१ साल देखि भएको पाइन्छ । सन् २०१० मा नेपाल सरकारले राष्ट्रिय युवा नीति ल्यायो । सो नीतिमा १६ वर्ष देखि ४० वर्ष उमेर समुहलाई युवा भनेर परिभाषित गरिएको थियो । तर इतिहास हेर्दा नेपालमा युवासँग सम्बन्धित नीति प्रायः परिवर्तनशील राजनीतिक परिप्रेक्ष्यसँग गाँसिएको पाइन्छ । वि.स.२०४६ को प्रजातान्त्रिक आन्दोलनपछि युवाको भुमिकामा वृद्धि भएको देखियो । त्यस्तै गरी २०६२।०६३ को जनआन्दोलन, समावेशी र संघीयता स्थापनापछि तथा

[15] धौलागिरी आयुर्वेद औषधालय,बागलुङ

पछिल्लो समय डिजिटल क्रान्तिको प्रभावसँग युवा नीति परिमार्जन आवश्यकता अझ स्पष्ट देखिएको छ ।

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका अग्रदुत तथा परिवतर्नका संवाहक शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण युवा वर्ग राष्ट्रको प्रमुख धरोहरको रुपमा रहेको हुन्छ । युवालाई राष्ट्र निर्माणको प्रमुख स्रोत भनिन्छ । नेपालको कुल जनसख्याको ४०.३ प्रतिशत युवा रहेको छ । गुणात्मक र सख्यात्मक दृष्टिले युवा राष्ट्र मेरुदण्ड भएकोले युवाको सर्वाङगीण विकास गरी युवाहरुको क्षमतालाई राष्ट्रिय विकासको मुलधारमा ल्याउनु जरुरी छ । सूसूचित नीति योजना तथा विकास व्यवस्था, सुद्धृढ प्रादेशिक अर्थतन्त्र निर्माण, प्रभावकारी आर्थिक नीति तथा श्रोत व्यवस्थापन, व्यावसायिक कृषि तथा आत्मनिर्भरता र दिगो वन व्यवस्थापन, जैविक विविधतामा बहुत ध्यान पुरयाउन अति आवश्यक भएको छ । त्यसैगरी युवा केन्द्रित बजारमुखी उत्पादन र दिगो पर्यटन, सर्वसुलभ स्वास्थ्य तथा जनसाङख्यिक लाभ शिक्षित, सुसंस्कृत तथा शिपयुक्त मानव पुँजी निर्माणमा लाग्नुपर्ने देखिन्छ । दिगो तथा उत्थानशील पुर्वाधार, स्वच्छ उर्जा, जलस्रोत तथा खानेपानी, मर्यादित श्रम, उत्पादनशिल रोजगारी तथा सामाजिक संरक्षक साथै सन्तुलित वातावरण, जलवायु तथा विपद उत्थानशीलमा लाग्ने गरी नेपालमा युवा नीति तर्जुमा र कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

युवामा राष्ट्र, राष्ट्रिय र जनताप्रतिको बफादारी, युवाका आधारभुत आवश्यकताहरुको परिपूर्ति, समानता एवं समतामूलक वितरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रीक मूल्य मान्यता, विश्व शान्ति, सहअस्तित्व, जाति, भाषा,संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संबद्र्धन जस्ता आधारभुत मूल्य मान्यताहरुको प्रवद्र्धन हेतु राष्ट्रिय युवा नीति, २०६६ जारी गरिएको थियो । युवा उद्यमशिलता प्रवर्द्धन, रोजगारी सिर्जना तथा श्रम बजार सुधार, प्रविधि र नवप्रवर्तनमा लगानी, वैदेशिक रोजगारीको सत्ता स्वदेशमै अवसर सिर्जना, राजनीतिक स्थिरता र युवा सहभागिताको लागि युवा नीति आवश्यकता रहेको छ । युवाहरु सामाजिक रुपान्तरण, शिक्षा, प्रविधि र नवीनता र राष्ट्र निर्माणमा युवा शक्तिको अति आवश्यक मानिन्छ ।

## विश्लेषणात्मक प्रस्तुती

### आर्थिक नीति

आत्मनिर्भर अर्थतन्त्रको प्रर्वद्धनको लागि आयातमुखी अर्थतन्त्र उत्पादन तथा निर्यातमुखी अर्थतन्त्रको विकासमा लाग्नुपर्ने छ । उद्यमशिलता प्रर्वद्धन गर्न लागि स्टार्टअप तथा लघु उद्यमहरुलाई सहुलियतपुर्ण ऋण, कर छुट तथा नवप्रवर्तनलाई प्राथमिकतामा राख्नुपर्छ । वैदेशिक रोजगार विस्थापनका लागि प्रवासी श्रमिकहरुलाई स्वदेशमै रोजगार सिर्जना गर्ने दीर्घकालीन रणनीतिमा विशेष ध्यान दिन जरुरी छ । युवालाई अवसर प्रदान गर्दै परिचालन गर्नेका लागि सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउने तथा युवाको क्षमता विकासको अवसर सिर्जना गर्नुपर्छ । ( सोह्रौं योजना, राष्ट्रिय योजना आयोग, पेज १२५ ) स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण गर्नमा लागि आर्थिक विकास र वृद्धि पहिलो प्राथमिकतामा रहनुपर्छ । साथै युवाहरु उद्यमशिलता र रोजगारीका अवसरहरु पर्याप्त, युवा शक्ति विदेश पयालन भई वैदेशिक रोजगारीमा हुनु, गरिबी हुनुलाई समस्याको रुपमा लिन सकिन्छ । ( प्रथम पञ्चवर्षीय योजना, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पेज २२४ ) त्यसैगरी युवा जनशक्तिको विकास प्रदेश र समृद्धिको आधार युक्त सोच र युवा जनशक्तिलाई प्रदेशको सामाजिक र आर्थिक विकासमा मूलप्रवाहीकरण गर्ने लक्ष्य लिनु पर्दछ । युवाको सीप र नेतृत्व क्षमतालाई प्रस्फुटित गर्दै विकासमा युवाको सहभागिता वृद्धि गर्नु र युवाहरुलाई उद्यमशील, स्वरोगजार र स्वाबलम्बी बनाउनु पर्ने अपरिहार्य आवश्यकता रहेको छ । ( प्रथम पञ्चवर्षिय योजना, गण्डकी प्रदेश सरकार पेज न २२५ ) युवा रोजगारी प्रवद्र्धन गर्न रोजगार सम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ । युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशीलता तथा अन्य सिपमूलक एवं व्यावसायिक तालिम प्रदान गर्नुपर्छ । स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, उर्जा, पुर्वाधार विकासमा जोड दिइने छ । युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न उपयुक्त रणनीति तयार गरी त्यसका लागि आवश्यक सुविधा गरिने छ । रोजगारी एवं स्वरोजगारीका अवसर सिर्जनाका लागि गाऊँ र शहरमा सहकारी स्थापना गर्न युवालाई प्रोत्साहन गरिनुपर्छ । युवामा उद्यमशिलता विकास गर्न व्यवसाय सिजर्ना सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । श्रमबजार र श्रमशक्ति उत्पादनमा देखिएको असामञ्जस्य कम गर्दै श्रम बजारको आवश्यकता अनुसार युवा जनशक्ति तयार गर्न जोड दिइने छ । कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यावसायीकरण मार्फत अर्धबेरोजगार युवालाई पुर्ण रोजगारीको अवसर सिर्जना गरिने छ । युवा सुचना केन्द्रको क्षमता अभिवृद्धि गरी सो मार्फत युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गरिनुपर्छ । वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्वरोजगारी र उद्यम गर्न आवश्यक कार्यक्रम लिनु पर्छ । ( राष्ट्रिय युवा नीति , २०७२ पेज ७ )

## सामाजिक नीति

गुणस्तरीय शिक्षाको प्रवद्र्धन गर्नका लागि व्यवसायिक तथा प्रविधिमैत्री शिक्षा प्रणाली लागु गरी दक्ष जनशक्ति उत्पादनमा दलाली गर्न हुदैन । स्वास्थ्य प्रणाली सुद्धढीकरणका लागि निःशुल्क आधारभुत स्वास्थ्य सेवा, टेलिमेडिसिन प्रर्वद्धन तथा ग्रामीण क्षेत्रमा स्वास्थ्य पूर्वाधार विकास गर्नमा धेरै ढिला भएको छ । त्यसै गरी समावेशी विकासका लागि सीमान्तकृत समुदाय, महिला, दलित तथा अपांगता भएका व्यक्तिहरुलाई सार्वजनिक सेवामा प्राथमिकता दिदै समृद्धि र समुन्नत विकासका लागि परिणाम दिने खालको हुुनुपर्छ । नेपालको संविधानले युवा सशक्तिकरण मार्फत देशको सर्वाङगीण विकास गर्ने नीति लिएको छ । नेपालमा कुल जनसख्या मध्ये ४३ प्रतिशत युवा रहेको सन्दर्भमा जनसाङख्यिक लाभको उपयोग उच्चतम सम्भावनाको क्षेत्रका रुपमा रहेको छ । सामाजिक विकास तथा रुपान्तरणमा युवा जनशक्तिको परिचालन समृद्धि र समुन्नतिको पूर्वसर्त हो । प्रदेश सरकारले युवामा सकारात्मक सोच, सिप, क्षमता र नेतृत्व विकास गरी सिर्जनशील तथा उद्यमी युवा जनशक्ति निर्माणलाई महत्व दिएको छ । ( दोश्रो पञ्चवर्षीय योजना, साउन, २०८१) । शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सिपमूलक बनाउँदै श्रमसँग आबद्ध गरी कम्तीमा उच्च माध्यमिक तहको शिक्षा पश्चात सामान्य जीविकोपार्जन गर्न सक्षम बनाइने छ । नेपालको जलसम्पदा, वनसम्पदा, पर्यटकीय सम्पदा, कृषि, पशुपालन, खानी, वन विज्ञान, जडीबुटी उत्पादन तथा प्रशोधन लगायतका विषयमा जोड दिई प्राविधिक शिक्षालयहरु स्थापना गरी प्राविधिक जनशक्ति तयार गर्नुपर्छ । उच्चशिक्षाको अध्ययनलाई सहज र सुलभ बनाउन युवाका लागि शैक्षिक ऋणको व्यवस्था मिलाउनुका साथै दूर शिक्षा र खुल्ला विश्वविद्यालय मार्फत उच्च शिक्षाको अवसर विस्तार गरिने छ । दिगो शान्ति, राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक मूल्य मान्यता, कानुनी राज्य, नागरिक अधिकार एवं दायित्वप्रति उन्मुख बनाउने खालका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ । प्रतिभावान तथा विशेष प्राथमिकताको समुहमा पर्ने युवाका लागि छात्रवृक्ति तथा शैक्षिक ऋणको व्यवस्था मिलाउने हुनुपर्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा आवश्यक दक्ष जनशक्ति विकास गर्ने खालका शैक्षिक कार्यक्रम सञ्चालन गरी विदेशी श्रम बजारमा संलग्न युवालाई लक्षित गरी विशेष शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । औपचारिक शिक्षाबाट वञ्चित युवाका लागि आवश्यक सिपमूलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गरिनुपर्छ । शिक्षामा सूचना प्रविधिको प्रयोगको प्रयोगलाई जोड दिदै दूर शिक्षा र खुल्ला विश्वविद्यालयका माध्यमबाट समेत प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउनुपर्छ । ( राष्ट्रिय युवा नीति, २०७२ , पेज ६ )

## प्रविधि तथा नवप्रवर्तन नीति

कृषिमा प्रविधिको उपयोग गर्न लागि स्मार्ट कृषि, जैविक खेती तथा ड्रोन प्रविधि, कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्ने हुन्छ । डिजिटल नेपाल कार्यक्रमलाई तिव्रता दिनको लागि डिजिटल सरकार, ईगभर्नेन्स र साइबर सुरक्षा सुद्धढीकरणमा बढी मात्रामा लगाव हुनुपर्छ । सुचना प्रविधि र नवप्रबर्तनमा लगानी बढाएर युवा उद्यमशीलतालाई प्रविधिमा आधारित व्यवसायमा प्रोत्सान गर्नुपदर्छ । विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचमा युवा प्रतिभालाई प्रोत्साहन गर्ने तथा विदेशमा अध्ययन तथा तालिमको व्यवस्था गरी स्वदेशमा सम्मानित स्थान दिने वातावरण तयार गर्ने नीति आवश्यक छ । साधन स्रोतहरुको उपयोग, कृषि, पशुपालन, जडीबुटी उत्पादन तथा प्रशोधन, जलविद्युत लगायतका क्षेत्रमा आधुनिक प्रविधिको विकासमा मेधावी युवालाई आकर्षित गर्न विशेष छात्रवृत्ति व्यवस्था गर्ने व्यवस्था हुनुपर्छ । सुचना तथा सञ्चार प्रविधिमा ग्रामीण क्षेत्रका युवाको पहुँच कायम गर्न समन्वयात्मक ढंगले कार्यक्रम सञ्चालन गर्नुपर्छ । विशेष प्राथमिकताको समुहमा परेका युवाका लागि सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिनुपर्छ । विश्वव्यापीकरणको युगमा सूचना र सञ्चार प्रविधिमा दक्ष बनाउँदै नेपाली युवालाई विश्व बजारमा प्रतिस्पर्धा बनाउनुपर्छ ।( राष्ट्रिय युवा नीति २०७२, पेज १२ )

**भूराजनीतिक नीति**

सन्तुलीत कुटनीतिमा क्षमता अभिवृद्धि गरेर नेपालले भारत, चीन, अमेरिका, युरोपियन तथा अन्य अन्र्राष्ट्रिय संस्थाहरुसँग सन्तुलित सम्बन्ध राख्नुपर्ने छ । बढी व्याजदरको ऋण भन्दा अनुदान र सहुलियत दरमा ऋण लिन सक्ने कुटनीतिक नीति बनाएर लागुगर्नुपर्छ । नेपालमा सार्वजनिक निजी साझेदारीको विकास गर्नका लागि पुर्वाधार निर्माणमा विदेशी लगानीको उचित उपयोग गर्न सकिन्छ । व्यापार, ऊर्जा, पर्यटन र प्रविधिको साझेदारी गरेर असल अभ्यासको सिकाइको उपलब्धी हासिल गर्नुपर्छ । युवाहरुमा राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने हिसाबले युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयमसेवी भावना र असल संस्कारको विकास गर्ने, यसैक्रममा निजी क्षेत्रले समेत संस्थागत सामाजिक उत्तरदायित्व मार्फत योगदान गर्न अनिवार्य गर्ने नीतिलाई काम गर्ने हुनुपर्छ । ( सोह्रौ योजना, राष्ट्रिय योजना आयोग पेज १११ ) युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रुपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभुत सिद्धान्त एवं मूल्य मान्यताहरु बोध गराउने कार्यक्रमहरु सञ्चालन गरिनुपर्छ । राज्यका नीति निर्माणका अर्थपुर्ण योगदान पुरयाउन युवालाई आर्थिक, सामाजिक, राजनीतिक एवं सास्कृतिक सशक्तिकरणका माध्यमबाट प्रोत्साहन गरिनेछ । विश्वशान्ति, सौहाद्र्रता, भाइचारा एवं विश्व अन्तरसम्बन्ध बारे

युवालाई जागरुक गराउँदै सहस्राब्दी विकास लक्ष्यका अपुरा कार्य र सन् २०१५ पछिका नयाँ प्राथमिकताका क्षेत्र लगायत अन्तराष्ट्रिय स्तरमा गरिएका युवा सम्बन्धी प्रतिबद्धताहरुको परिपालनामा जोड दिइने छ । राज्यका विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने कार्यक्रमहरुलाई समन्वय गर्ने एकिकृत प्रणाली विकास गरिने छ । विश्वव्यापी रुपमा विस्तार हुँदै गइरहेको दुव्र्यसनमुलक र गैरसामाजिक क्रियाकलापहरुबाट नेपाली युवालाई मुक्त गर्दै युवामा सकारात्मक सोच र संस्कृति विकास गर्ने तर्फ सामाजिक प्रयासहरु लक्षित गरिनें छ । देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रुपान्तरणको प्रक्रियामा युवाको भुमिकालाई उच्च महत्व दिंदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई वढावा दिइने छ । ( राष्ट्रिय युवा नीति,२०७२ को पेज ४ र ५ )

## शिक्षा नीति

युवालाई शिक्षा पहिलो विकासको खुदकिलो हो भन्ने बारेमा अवगत गराउँदै युवाको उमेर समुहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्छ । युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्न चेतननामूलक कार्यक्रमहरु सञ्चालन गरी राज्य र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने सस्कार विकास गरिने छ । समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैगिंक हिंसा,विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइने छ । मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गरिने छ । त्यसैगरी साहित्य,कला, संस्कृति, संगित, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रका युवाको संलग्नतालाई प्रोत्साहान गरिने छ । गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरु सिर्जना गरिने छ । ( राष्ट्रिय युवा नीति, २०७२ पेज ५ )

## जलवायु परिर्वतन तथा वातावरणीय नीति

पृथ्वी जिवजन्तुको साझा घर भएकोले भावी पुस्ताहरुको लागि जे जस्तो अवस्थामा सोही अवस्थामा पुस्तान्तरण गर्ने दायित्व र कर्तव्य आम मानवहरुको भएको विषय समसायिक रुपमा रहेको पाउन सकिन्छ । समुन्द्र सतह बढदै जाने, हिमालका हिऊँहरु पग्लेर कालो पहाडको रुपमा हिमाल टल्कीने वातावरण अहिले सृजना भएको छ । नयाँ नयाँ रोगहरुको उत्पन्नले जिवजगतलाई संरक्षण र सम्वद्र्धन गर्नमा युवा पुस्ता लाग्नुपर्ने भएको छ । त्यसैले जलवायु परिवर्तन र वातावरणीय नीतिलाई बढदो पृथ्वीको तापक्रम, पानीका मुहानहरु सक्दै जानु र खेती तरकारी एक दुई महिना

अगावै उत्पादन हुनुले जलवायु परिर्वतन र वातावरणीय संरक्षणलाई युवालाई समाहित गरेर आगामी दिनमा जानुपर्ने आवश्यकता रहेको छ । जैविक विविधता, हिमाल, हिमताल, सिमसार क्षेत्र र जलाधार संरक्षण गर्न युवा परिचालन गरिने छ । विश्वव्यापी जलवायु परिवर्तन, तापमानमा वृद्धि, जलवायु प्रदूषण, प्राकृतिक श्रोतको अति दोहन रोक्ने आवश्यक काममा युवा परिचालन गरिने छ । दिगो विकास तथा वातावरण संरक्षणमा युवा समुहहरुको सहभागिता बढाउने कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ । ( राष्ट्रिय युवा नीति,२०७२, पेज १२)

राष्टिय« युवा नीति २०७२मा शिक्षा, रोजगारी, स्वास्थ्य तथा सामाजिक सुरक्षा, युवा सशक्तीकरण तथा नेतृत्व विकास, सहभागिता तथा परिचालन, कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन क्षेत्रमा कार्यनीतिहरु तर्जुमा गरेको छ । त्यसै लागु पदार्थको दुव्र्यसन नियन्त्रण, मानव तस्करी तथा वेचविखन नियन्त्रण, अपराध तथा हिंसा संलग्न युवालाई मुक्त गर्ने, वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता, विज्ञान तथा सुचना प्रविधिमा युवाको पहुँच, दिगो शान्ति स्थापना र द्धन्द्ध समाधानमा युवा सहभागिता, समविकासमा बढी ध्यान केन्द्रित गर्न जरुरी छ । त्यसैगरी विशेष समुहगत प्राथमिकता, साझेदारी अवधारणा, सस्थागत व्यवस्थामा सरकारी क्षेत्र, गैरसरकारी एवं निजी क्षेत्रमा पनि आर्थिक पक्षलाई केन्द्र विन्दुमा राखेर सुखी नेपाली र समृद्ध नेपाल बनाउनमा प्रगतीशिल कदम चाल्नमा हातेमालो गर्न जरुरी भएको छ । सबै वर्ग, लिंग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तिकरण र विकासका लागि समान अवसर सिर्जना गरिने छ ।

## निष्कर्ष

नेपाल जस्तो युवा प्रधान र कृषि प्रधान देशमा प्रभावकारी युवा नीति कार्यान्वयन अपरिहार्य छ । आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रहरुमा युवाहरुले खेल्न सक्ने भुमिकालाई सस्थागत गर्न सकिएमा देशले दिगो विकासको मार्ग तय गर्न सक्छ । पहाडी भेगमा रित्तो बस्तीमा नयाँ आयामका चहलपहल ल्याउनमा जरुरी भएको छ । बेरोजगारी, विदेश पलायन, शिक्षा र सीप अभाव तथा न्युन राजनीतिक सहभागीता जस्ता चूनौतीहरुको दिर्घकालीन समाधानका लागि युवा लक्षित नीति आवश्यक छ । युवामा उद्यमशिलता, प्रवद्र्धन, आधुनिक शिक्षा प्रणाली र नवप्रर्वतनमा पहुँच, नेतृत्व विकास र सामाजिक सुरक्षा जस्ता विषयलाई प्राथमिकतामा राख्नुपर्छ । नेपालमा संघियता कार्यान्वयन, भ्रष्टाचार, प्रशासनिक जटिलता, आर्थिक श्रोत अभाव र समन्वयको कमी प्रमुख समस्यालाई चिर्न जरुरी भएको छ । राजनीतिक स्थिरता, दक्ष जनशक्ति, पारदर्शिता, प्रविधिको उपयोग, नागरिक सहभागी र नीति निरन्तरतामा ध्यान दिनु आवश्यक छ । दीर्घकालीन सोच,

कडा कार्यान्वयन नीति र प्रभावकारी अनुगमन प्रणाली अपनाउनको लागि सहज र प्रभावकारी बनाउनमा ढिला गर्नुहुँदैन भन्ने आम सरोकारवाला समुदायको रहेको छ । त्यसैगरी आर्थिक, सामाजिक, प्रविधि, भूराजनीतिक र वातावरणीय नीतिहरुलाई दीर्घकालीन दृष्टिकोणबाट पुनःसरचना गर्न अति आवश्यक छ । युवा नीतिलाई प्रभावकारी, समावेशी तथा प्रविधि मैत्री हुनुपर्छ, जसले दीर्घकालीन दिगोपना सुनिश्चित गर्न सक्छ । जसका कारणले निकट भविष्यमा समृद्ध, आत्मनिर्भर तथा प्रविधिमैत्री राष्ट्रको रुपमा विकसित हुन सक्छ । व्यवहारिक दृष्टिकोणका हिसाबले सरकार, निजी क्षेत्र र युवाहरुको समन्वयमा ठोस कार्यान्वयन सही तरिकाले गरेर स्वदेशमै अवसर सिर्जना गर्दै दिगो यूवाहरुको उज्यालो भविष्य निर्माण गर्ने मोडेल अपनाउनु जरुरी छ । अन्तमा अबको बाटो शिक्षा, सीप, रोगजारी र उद्यमशिलताको समायोजन गर्नमा लाग्न ढिला गर्नु हुदैन ।

**सन्दर्भ सामाग्री**

१) नेपाल कानुन आयोग । नेपालको संविधान, २०७२ ।

२) राष्ट्रिय योजना आयोग । (२०८१) सोह्रौ योजना (आर्थिक वर्ष ०८१।०८२ — २०८५।८६ ),काठमाडौ

३) प्रदेश नीति तथा योजना आयोग । (२०७७) प्रथम पञ्चवर्षिय योजना ( आर्थिक वर्ष २०७६।७७ —२०८१।८२) गण्डकी प्रदेश,पोखरा

४) गण्डकी प्रदेश नीति तथा नीति आयोग । (२०८१) दोश्रो पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१।८२—२०८५।८६) गण्डकी प्रदेश, पोखरा, नेपाल ।

# श्रीमद्भगवद्गीतासँग वर्तमान शिक्षा र विकाशको सम्बन्ध

**रामप्रसाद सुवेदी**[16]

## लेखसार

भगवद्गीतमा रहेको शिक्षा र विकाससँग जोडिएको सम्बनध उजागर गर्नु यो लेखको मुख्य उद्देश्य रहेको छ । गीता महाभारतको भीष्मपर्वको पच्चीसौ देखि बयालीसौ अध्यायमा युद्धको बीच मैदानबाट गाइएको गीतारूपी ज्ञान हो । भगवान प्रदत्त ज्ञानकारूपमा सातसय श्लोकमा यसलाई गाइएको छ । गीतामा ६४५ अनुष्टुप र ५५ त्रिष्टुप छन्दका श्लोक र २३०६६ अक्षर रहेका छन् । ती सबैलाई अठार अध्यायमा बिभाजन गरिएको छ र सबै शिक्षा र जीवन तथा जगतका लागि ज्ञान र शिक्षाप्रद रहेका छन् । यो लखका लागि गीतासँग सरोकार भएका गुरूकुल शिक्षा र संस्कृत शिक्षा पठनपाठन गराउने केदारेश्वर आश्रम बैदाम पोखरा र विन्ध्यवासिनी मन्दिर पोखराका प्रार्चाय र विद्यार्थी एक'एक जना गरि चार जना, पूर्व शिक्षक दुईजना वर्तमान वहालवाला शिक्षक एकजना, नेपाल सरकारको सरकारी सेवामा रहेर काम गरेका वहालवाला कर्मचारी एक जना, गरी जम्मा ८ जनालाई प्रश्नावली भराएर सूचना लिइएको छ । जुमबाट गीता अध्यायन समुहका ५ जना र एकजना पूर्व संस्कृत शिक्षकसँग अन्तवार्ता लिएर आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा गीताको ज्ञान अहिलेका नवसाक्षरका लागि अपरिहार्य तत्वभएको राय सबैको थियो । श्रीकृष्णले अर्जुनलाई दिएको एउटा उपयुक्त र प्रभावकारी शिक्षण विधि भएको र त्यसलाई कक्षाकोठामा प्रयोग गरेमा कक्षाकोठालाई बढी उत्पादनमूलक बनाई विद्यार्थीका ज्ञान, सीप र आचरणमा परिवर्तन ल्याउन सकिन्छ र अहिलेको विकास र परिवर्तनसँग सान्दर्भिक देखाउन सकिन्छ भन्ने सबैको राय थिये । अहिलेका शिक्षकले पनि यो विधिलाई राम्रोसँग पहिचान गरेर कक्षाकोठामा प्रयोग गरे शिक्षा र हाम्रा विद्यालयका कक्षाकोठाको शिक्षण प्रभावकारी हुन्छ साथै ज्ञानरूपी गीता र शिक्षा र नेपाल विकासको सम्बन्ध स्थापीत हुन्छ भन्ने यो लेखको निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जिकाः** कक्षाकोठा, गीता, शिक्षा, शिक्षण विधि, विकास, ज्ञानयोग

## परिचय

श्रीमद्भगवद्गीता पूर्वीय दर्शनको महत्वपुर्ण र पौरस्त्य दर्शनमा सरोकार राख्नेहरूले नपढीनहुने शिक्षाप्रद र ज्ञानले भरिपूर्ण ग्रन्थ हो । शर्मा (२०५६) ले गीताकाबारेमा भन्दछन् "गीताको

[16] पृथ्वी नारायण क्याम्पस पोखरा

उपदेशको विशेष महत्व छ । संसारको महाप्रपञ्चमा भुलेका व्यक्तिहरूका लागि उच्चतम मानसिक सन्तोष र शान्ति प्रदान गर्ने क्षमता गीतामा निहित छ ।" आफ्नै नातेदार र गुरूहरूका विरूद्ध लडाइँ नगर्ने निधो गरेर धनुर्वाण बिसाएका अर्जुनलाई गीताको उपदेशले पुनः लडाइँमा कर्तव्यशील हुने हौसला प्रदान गरेको हो । लाभालाभ र विजय पराजयप्रति निरपेक्ष रहेर युद्धमा सरिक हुने कर्मयोगको शिक्षा दिने गीतादर्शन सांसारिक व्यक्तिहरूका लागि पनि मार्गदर्शन मानिएको छ । मनको कल्मष हटाएर शान्ति प्रदान गर्ने उच्च कोटिको चिन्तन गीतामा पाइन्छ ।

मनका बारेमा शिवसङ्कल्पोनिषद्मा उल्लेख छ

यज्जाग्रतो दूरमुदैति दैवं तद् सप्तस्य तथैवैति। दूरङ्गमं ज्योतिषां ज्योतिरेकं तन्मे मनः शिवसङ्कल्पमस्तु ।।१।।

हे परमात्मा । जुन मन जागेकाबेला पुरूषबाट टाढा जान्छ सुतेकाबेला नजिक आउँछः जुन मन परमात्माको साक्षात्कार गर्ने प्रधान साधन हो, जुन मन भूत, वर्तमान, सन्निकट र व्यवहृत पदार्थहरूको एकमात्र ज्ञाता हो अनि जुन मन, विषयहरूको ज्ञान गराउने श्रोत्र आदि इन्द्रियहरूको एकमात्र प्रकाशक र प्रवर्धक हो त्यो मेरो मन कल्याणकारी सङ्कल्पयुक्त होस् (शुक्लयजुर्वेद, (३४।१,५) उद्दत पन्त (२०७०) । यसरी शुक्लयजुर्वेदमा मनकाबारेमा उल्लेख गरिएको छ गीतामा पनि मन र आत्माको सम्बन्धका बारेमा राम्रो र उपयुक्त खालको जीवनोपयोगी दर्शन प्रदत्र् छ । संसारको क्षणभङ्गुरता र जीवनको नश्वरता दर्साएर ज्ञानको प्रकाश फैलाउने र निष्काम कर्ममा प्रवृत्र् गराउने गीतादर्शन विश्वकै उच्च खालको दर्शन हो ।

गीता गुणातीत परब्रह्मको एकाकार आदित्य'स्वरूपिणी कान्ति,अनन्तशक्तिमा विश्व'सञ्चालक सगुण परमात्माको सृष्टि'स्थित प्रलयादी कार्यमा सँगिनी, विश्वलीलामा प्रवृत भएका परमात्माले स्वलीलानिर्मित असङ्ख्य प्राणीहरूमा रहेको किंकर्तव्यविमूढ आत्मलाई असल बाटोमा सूचनाका निमित्त बजाइएका बाँसुरीको सुरिलो दिव्य मनोहर आवाज चराचर सबै भावहरूमा परमात्माका अखण्ड'सत्ताको दिव्यमूर्ति दर्शन गराउने अलौकिक आँखा तथा ज्ञानेन्द्रिय हो (अधिकारी, (२०७६)। यसरी कोमल गीतामा भगवद्गीताको वर्णन गरिएको पाइन्छ । यसले ईश्वर प्रदत्त ज्ञानको भण्डार गीताको महिमालाई बढाएको छ।

व्यक्ति सौन्दर्यले मात्र आकर्षक हुँदैन र उसमा आकर्षणका लागि ज्ञान र शिक्षा पनि चाहिन्छ । अहिले संसारमा यो भन्दा अरू ज्ञानको स्रोत देखिँदैन । गीताले इन्द्रिय ज्ञानभन्दा आत्मा पहिचानबाट प्राप्त ज्ञानलाई महत्वपूर्ण ठान्दछ । आत्मा र परमात्माको सम्बन्ध जोडेर एउटै विन्दु खोज्नु गीताको मुख्य सन्देश हो ।

घिमिरे वेदमणि,(२०७५) का अनुसार कर्म'दर्शन वा कर्मयोगलाई विशेष प्राथमिकता दिइएको प्रौरस्त्य दर्शनको यो अनमोल ग्रन्थ हो । वेदव्यासद्वारा रचित, महाभारतको भीष्मपर्ववाट उद्धृत ७०० श्लोकहरू भएको र १८ अध्यायहरूमा आवद्ध यो अध्यात्म' ग्रन्थ कर्मयोग, ज्ञानयोग लगायत अनेकौं विशेषताका कारणले संसारभरि प्रख्यात रहेको छ। संसारमा गीता ५०० भन्दा बढी भाषामा अनुवाद भएको छ ।

परमसत्यका ज्ञाताहरूले तीन अवस्थामा परमसत्यको साक्षात्कार गर्दछन् र यी तीनै अवस्थामा कुनै भिन्नता छैन । परमसत्यका यी तीन अवस्थाहरूलाई ब्रह्म, परमात्मा तथा भगवान् भनेर गीतामा उल्लेख गरिएको छ । गीतामा संस्कृत शब्दद्वारा भगवान्को व्याख्या गरिएको छ । व्यासदेवका पिता परासर मुनिले "जोसँग समस्त धनसम्पत्ति, शक्ति, यश, सुन्दरता, ज्ञान, त्याग छ, त्यसैलाई भगवान् भनेर उल्लेख गरेका छन् ।"

भगवद्गीता समस्त उपनिषद्हरूको सार हो । सर्बोपनिषदो गावो दोग्धा गोपालनन्दनः । पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ।। उपनिषद् गाई हुन् भने गीता तिनै गाईहरूको अमृतमय दूध हो । ग्वालाका रूपमा विख्यात भगवान्श्रीकृष्णले यसलाई दुहुने काम गरेका छन् र अर्जुन बाच्छो बनेर दूधदुहिरहेका छन् । अनि भगवान्रूपी यो अमृतमय दूध पान गर्ने जति सबै विद्वान् तथा शुद्ध भक्तहरूहुन् (कृष्णकृपामुर्ती,(१९९७)

अहिले यस लोकमा धेरै मानिस छन्, कोही धनी छन्, कोही शक्तिशाली छन्, कोही सुन्दर छन्, कोही विख्यात छन्, कोही त्यागी छन्, कोही छैनन् त्यसैले कोही भगवान् शब्दको गुणसँग मेल खान्छन्, कोही खाँदैनन् । मानिसले आफूले आफूलाई नराम्रो मूल्याङ्कन गर्दैन । यदि उसले आफूले आफूलाई नराम्रो ठानेमा व्यक्ति विषादमा पर्दछ गीताले आत्म पहिचानद्वारा कसरी त्यहाँ पुग्ने त्यो कुराको खुराक उसका शिक्षार्थीलाई दिएको हामीले पाउँदछौ ।

शर्मा (२०७१) का अनुसार गीता महाभारतको नौनी हो । यो महाभारतमा भीष्म पर्वको अध्याय पच्चिसदेखि बयालिससम्म रहेको छ । महाभारतको युद्धभूमिमा भगवान्श्रीकृष्णले अर्जुनलाई दिएको उपदेशनै श्रीमद्भगवद्गीता हो । शर्मा अझै अगाडि भन्छन् भगवान श्रीकृष्णले आफ्नो उपदेशमा प्रमाणका रूपमा धेरै श्रुतिहरू अगाडि सारेका थिए । तिनीहरूलाई जुन कुरा उनले गद्यमा बताएका थिए, त्यसलाई वेदव्यास आफैले श्लोकबद्ध बनाए तथा अर्जुन, सञ्जय र धृतराष्ट्रका वचनहरूलाई पनि आफ्नो भाषामा श्लोकबद्ध गरे । यही नै गीताको यथार्थ रूप हो ।

गीता प्रदत्र् ज्ञानका सम्बन्धमा दास (२०६६) भन्छन् हरेक ठाउँ र हरेक समयमा मन, वचन, कर्म र मैथुनादि भोगबाट टाढा रहन सहायता पुर्याउनु नै यसको सार्थकता हो । भोग र योग सँगसगै

चल्न सक्दैनन् जो व्यक्ति विवाहित जीवनको विधिविधानलाई पालना गर्दै आफनी पत्नीसँग मात्र यौन सम्बन्ध राख्छ त्यो व्यक्ति ब्रहचारी हो यस्ता व्यक्ति मात्र सम्प्रदायमा स्वीकार्य हुन्छन् ।

ज्ञानका बारेमा विवेकानन्द भन्नु हुन्छ , ज्ञान मानिसमा अन्तरनिहित हुन्छ । कुनै पनि ज्ञान बाहिरबाट आउँदैन, सबै भित्र हुन्छ । हामीलाई लाग्छ, न्युटनले गुरूत्वाकर्षणको आविष्कार गरे । यदि त्यसो हो भने के त्यस आविष्कारले कुनै कुनामा बसेर न्युटनको प्रतीक्षा गरिरहेको थियो अरू होइन, त्यो उनको मनभित्र थियो । जब समय आयो तब उनले त्यसलाई खोजेर निकाले । संसारले जे जस्तो ज्ञान पाएको छ ती सबै मनबाटै बाह्य जगत्मा निकालिएका हुन् । बाह्य जगत् त तिमीलाई आफ्नो मनको अध्ययनमा लगाउनका लागि सहायक मात्रै हो तर हरेक समय तिम्रो अध्ययनको विषय तिम्रो मन नै हो (दाहाल,२०७०) । यसरी श्रीमद्भवद्गीतमा शिक्षा र ज्ञानका वारेमा उल्लेख गरेको पाइन्छ । गीता एउटा दर्शन हो जसले पूर्वलाई असल र आदर्शको बाटो देखाएको छ। गीतामा भगवानले दिएका शिक्षाप्रद र शिक्षणका विधिहरू अहिलेको शिक्षा र विकासमा पनि प्रयोग गरेको खण्डमा अहिले अलि लिग बाहिर जानलागेको शिक्षालाई केही मूल भागमा आउने थियो भन्ने यो लेखको आसय पनि हो ।

श्रेष्ठ र बस्न्यात (२०७८) दावी गर्दछन्— विकाश नियमित र निरनतर रूपमा हुने सकारात्मक परिवर्तन हो । यो नैतिकता, आदर्श, मूल्य र मानयतासँग जोडिएको हुन्छ । महाभारतमा भनिएको छ, 'धारणात् धर्म मित्याहु÷ अर्थात कुनै कुराको धारण गर्नु धर्म हो। कर्मचारीले नियमित आफ्नो कर्तव्य गर्नु, अनियमिता नगर्नु, शिक्षकले राम्रोसँग पढाउनु, विद्यार्थीले अनुशासनमा रहेर शिक्षकको आज्ञा पालन गर्नु धर्म हुन् । जब सबै आआफ्नो कर्तव्यमा रहिन्छ तब देशमा परिवर्तन हुन्छ । यही परिवर्तन नै विकास हो । भगवद्गीतामा भनिएको छ— 'स्वधर्मे निधनं श्रेय÷ यहाँ स्वधर्मेको अर्थ कर्तव्य हो त्यसैले गीताले कर्तव्य गर्न सिकाउँछ, त्यही कुराले विकासलाई पछ्याएको हुन्छ, र त्यसैले गीताको शिक्षा विकाससँग जोडिएको छ ।

## लेखको उद्देश्य

यो लेखको मुख्य उद्देश्य भगवद्गीता अध्यायन गरेका व्यक्तिहरूमा गीताले पारेको प्रभाव खोज्नु र अहिलेको विकास र परिवर्तनसँग त्यसलाई सान्दर्भिक देखाउनु रहेको छ ।

## अध्ययनको मूल्य

अनुसन्धानको निष्कर्ष र तथ्यको विश्लेषणका आधारमा विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कालई विश्लेषण गरेर निष्कर्ष निकाली गीताले नेपाली शिक्षा र विकासलाई पारेको प्रभावले यो अधययनको मूल्य निर्धारण गरिएको छ ।

## अध्ययनको फेनोमेनोलोजी

गुणात्मक अनुसन्धान अन्तर्गतको फेनोमेनोलोजी अध्यायनले व्यक्तिका अनुभूतिलाई केन्द्रमा राखेर सामाजिक यथार्थको खोजी गर्दछ । यस अध्यायनले व्यक्तिले आफ्नो अनुभवको आफैले अर्थलगाएर व्याख्या र विवेचना गर्दछ (खनाल,२०६८) । यो अध्यायनका लागि विभिन्न छनोट गरेका व्यक्तिहरूलाई प्रश्नावली भर्न लगाएर र खुला छलफल गरेर र अन्तरवार्ताबाट उनीहरूका भगवद्गीता र नेपाली शिक्षा र विकासको सम्बनधका वारेमा भएका सूचना लिएको थियो र ती सूचनालाई उद्देश्य अनुसार विश्लेषण गरिएको थियो ।

## अध्ययनको योजना

कुनै पनि शोधकार्यका उद्देश्य निर्माण गरेपछि त्यसको उचित व्यवस्थापनका लागि योजना बनाउनु पर्दछ (श्रेष्ठ, २०७७, पृ:५५) । अनुसन्धानको केन्द्रविन्दुलाई ध्यानमा राखेर उद्देश्यमूलक नमुना छनोट गरिन्छ । अनुसन्धानकर्ताले जुन उद्देश्यअनुसार अनुसन्धान गर्दैछ, सो उद्देश्य परिपूर्तिका लागि आफ्नै विवेकद्वारा नमुना छनौट गर्ने विधि नै उद्देश्यपूर्ण नमुना छनेट विधि हो (खनाल,२०६७, पृः ७१,कोथारी, सन् २००४, पृः ५) यो अध्यायनमा भगवद्गीताको अध्यायन गरेका र त्यो सम्बन्धि केही ज्ञान भएका व्यक्तिको छनोट अनुसन्धान कर्तालाई लागेको विवेक र अनुसन्धानमा आवश्यक प्रतिक्रिया प्राप्त गर्ने उद्देश्यले केदारेश्वर मन्दिरका प्राचार्य र विद्यार्थी गरेर एक, एक जना गरि जम्मा दुई जना, विन्ध्यबासिनी मन्दिर पोखराका प्राचार्य र एकजना विद्यार्थी एक,एक गरि दुई जना र अन्य समाजमा रहेका त्योसँग जानाकार व्यक्ति दुई जना गरेर जम्मा छ जना व्यक्ति प्रश्नावलीको उत्तर दाताकारूपमा उद्देश्यपूर्ण नमुना छनोट विधिद्वारा लिइएको थियो र अनुसन्धानकर्ता आफैं सम्बन्धित व्यक्ति निवासमा पुगेर प्रश्नावली दिएर प्रतिक्रिया दिएको सूचना प्राप्त भएपछि लिएर आएर विश्लेषण गरिएको थियो ।

## समूह छलफल

समवायी वा विषमवायी वा मिश्रित प्रकारका समूह बनाएर कुनै शोधनीय विषय दिएर परस्परमा छलफल गराउने र अन्त्यमा सबैका विचार वा मन्तव्य वा धारणलाई शोधप्रतिवेदनमा राख्ने कार्यलाई समूह छलफल भनिन्छ (श्रेष्ठ, २०७७, पृः ६७, खनाल, २०६७, पृ:२२०, सिलवाल, २०६२,

पृः ६७) यो अध्यायनमा केही सूचना लिनका लागि वेलुका नियमित गीता अध्यायन गर्ने गीताका नियमित अध्येतासँग कुनै पूर्व निर्मित सेड्युल विना छलफल गरेर तिनीहरूका विचार लिएको थिए । यो छलफलमा सहभागीहरू विषमवायी थिए ।

## तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

विभभिन्न स्वरूपमा प्राप्त तथ्याङ्कदलाई छोटयाएर सङ्गठित गर्ने, एकिकृत गर्ने, महत्वपूर्ण ढाँचा र सिद्दान्तको खोजी गरी नयाँ जानाकारीको व्याख्या गर्ने कार्य तथ्याङ्कको विश्लेषण हो (खलाल,२०६८,पृः २२७) त्यस्तै कोथारी (सन् २००४) ले तथ्याङ्कको व्याख्यालाई प्राप्त तथ्याङ्कलाई केलाएर नतिजा निकाल्ने कार्य भनेका छन् । त्यस्तै सिलवाल (२०६२, पृः ८३) ले कोरा तथ्याङ्कलाई अर्थपूर्ण सूचनामा परिणत गर्ने कार्य नै तथ्याङ्कको विश्लेषण हो । भगवद्गीताको नेपाली शिक्षा र विकाससँग कसरी सम्बन्ध रहेको छ भनेर आवश्यक जानाकारी लिनका लागि केदारेश्वर मन्दिर वैदाम, विन्ध्यावासिनी मन्दिर पोखरा र अरू केही पौरस्त्य दर्शनसँग सम्बन्ध र चासो लिने केही व्यक्तिसँग खुला प्रश्नावली भराएर छलफल पनि गरिएको थियो । यसरी प्राप्त भएका सूचनालाई विभिन्न शीर्षक बनाएर तल विश्लेषण गरिएको छ ।

## भगवद्गीताको विकाससँग जोएिको शिक्षा

अध्यायनको उद्देश्यअनुसार मेरो पहिलो जिज्ञासा भगवद्गीता र वर्तमान शिक्षाको सम्बन्ध र त्यो शिक्षा अहिले विकास र परिवर्तनसँग कसरी सम्बन्धित गरउन सकिन्छ भन्ने तथ्यका बारेमा राखिएको थियो । यसको प्रतिउत्तरमा एकजना पूर्व शिक्षिकाको भनाई यस्तो रहेको थियो "गीताले ज्ञानयोग, कर्मयोग र भक्तियोगको माध्यमबाट समस्त मानव जमातलाई काम, क्रोध र लोभबाट मुक्त तुल्याउने काम गर्दछ । मानिस ज्ञानी र कर्मयोगी वनेका छन् ।" उनको यो भनाइको विश्लेषण गर्दा ऐलेको समाजको ऐजेरूका रूपमा रहेका काम, क्रोध र लोभबाट शिकारूलाई उन्मुक्ति गर्नका लागि काम एउटा विषयभाग र सुखसुविधाको इच्छा र चाहना हो जसले मानिसलाई गलतबाटोतिर डोहोर्याउँछ र व्यक्तिले गलतकार्य गर्दछ । त्यही नै विकास र परिवर्तनको बाधक तत्व हो । क्रोध व्यक्तिको तीब्र वा उघ्र आवेग, रिस र रोस हो । त्यस्तै लोभ अरूको अरूको धनमाल पाउने आशा, लालसा र लालच हो यस्ले व्यक्तिलाई कुमार्ग तिर लैजान्छ र अहिलेका नवपिढीँहरू जे भोलीको कर्णधारका रूपमा आँकलन गरिएको हुन्छ उनीहरू देश र समाजको बिकास र ज्ञानको विस्तारमा भन्दा आफ्नो स्वार्थ सिद्दमा लागेका हुन्छन् । भगवद्गीतामा यस्ता व्यक्तिलाई आसुरी प्रवुतिका व्यक्ति भनिएको छ । भगवान भन्नुहुन्छ "दम्भो दर्पोऽभिमानश्च क्रोधः पारूष्यमेव च । अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ।।१४,४।।" अहंकार, घमण्ड , अभिमान

,क्रेध ,कठोर वचन तथा अज्ञान सबै आसुरी स्वभाव भएका व्यक्तिसंग हुन्छन् । जब यस्ता आसुरी स्वभाव भएका व्यक्तिहरू राजनीति र कर्मक्षेत्रमा प्रवेश गर्दछन् उनीहरूले कर्तव्यलाई विर्सेर आफ्नो स्वार्थतिर लागेका हुन्छन् अनि मुलुक अधोगतितिर लाग्दछ ।

यही जिज्ञासा मैले अर्का एकजना वर्तमान शिक्षकसंग राख्दा उनी भन्छन् "श्रीमदभगवदगीता ग्रन्थको राजा हो । यो विनाको शिक्षा नै हुँदैन । हामीले संसारमा जे जति ज्ञान लिएका छौं त्यहि गीताको ज्ञान नै हो । यो अथाह सागर हो भने अरू सबै ज्ञानहरू विभिन्न मुलका पानी हुन् । गीतालाई सिधै शिक्षाको पाठ्यक्रममा समावेश नगरेकाले नेपालको शिक्षा चाहिँ समुद्रको पानी घडामा लिएर सय मुलको पानी खोज्न हिँडेजस्तो आजको शिक्षा छ भन्ने मलाई लाग्छ ।"

उनले गीतालाई ग्रन्थको राजाका रूपमा लिएका छन् । उनको यो भनाइको ब्रिश्लेषण गर्दा स्पष्ट हुन्छ कि गीता सबै पूर्वीय ग्रन्थहरू वेद,उपनिषद,रामायण र महाभारत सवैको सार हो । गीताको अध्ययन गर्नेले सबै ज्ञानको भण्डारको सार खिचेको हुन्छ । सर्वापनिषदो गावो दोग्धा गोपालनन्दनः । पार्थो वत्सः सुधीर्भोक्ता गीतामृतं महत्,भगवद्गीता सबै उपनिषदहरूको सार हो । उपनिषदहरू गाई हुन् भने गीता तिनै गाइहरूको अमृतमय दुध हो । उनको अर्को आशय गीतालाई अहिलेको पाठ्क्रममा समावेश गर्नु पर्ने भन्ने पनि मैले पाए,यदि त्यसो भएको खण्डमा गन्तब्यमा पुग्ने रहेको छ ।

यही जिज्ञासामा केदारेश्वर विद्याआश्रमा रहेका एकजना छात्रले गीताभन्दा अन्य कुनै ठूलो ज्ञान मैले कही पाएको छैन भनेका छन् । उनको आशय कही कतै नेपालका विद्यालयहरूमा पनि गीताको अध्यायन समालवेश गरेको खण्डमा उपयुक्त हुन्छ भन्ने रहेको मैले पाएको थिए । अर्को जिज्ञासा गीता नेपालको विद्यालयको पाठ्यक्रमका बारेमा रहेको थियो जसको जिज्ञासाको प्रतिउत्तरमा ती छात्रले प्रतिक्रिया दिएनन् भने त्यही आश्रमका प्राचार्यले बालवालिकालाई बाल्यअवस्था देखिनै गीता र महाभारतका कुरा सिकाउनका लागि पाठ्यक्रममा समावेश गर्न उपयुक्त हुने राय दिएका छन् । पाठ्यक्रममा कसरी र किन राख्ने भन्ने वारे शिक्षकको बिचार यस्तो रहेको छ "अहिले स्थानीय पाठ्क्रमको जताततै अवधारणा आइरहेको अवस्थामा पनि स्थानीय निकाय जो पौरस्त्य दर्शनका जिज्ञासु छन् उनीहरूले अवसरको सदुपयोग गरेर समावेश गर्न सक्दछन् ।" यदि यसो गरेमा मानवीयमुल्य,आदर्शमा परिवर्तन ल्याई समाजको सुधार हुने कुरामा दुइमत छैन । समाजको सुधार भन्नु नै विकास र परिबर्तन हो,जस्ले निर्रन्तरता पाएमा समाज सुधान्छि । देश सुध्रर्नु भनेको समाज सुधार्नु हो ।

भगवद्गीतालाई पाठ्यक्रममा समावेश गर्न बारेमा पूर्व शिक्षकको विचार यस्तो रहेको छ "वर्तमान शिक्षा प्रणाली आधुनिक र प्रविधियुक्त बन्दै गएको छ । प्रविधियुक्त बन्ने नाममा त्यस्को यदाकदा दुरूपयोग पनि भएका घटनाहरू प्रशस्त छन् । विद्यार्थीहरूमा नैतिक आचरणहरू हराउँदै ग्एको भान भएको वर्तमान परिप्रेक्षमा पाठ्यक्रमविदहरूको ध्यानाकर्षण हुनुपर्दछ भन्ने कुरामा दुई मत छैन । प्रविधिको नाममा छाडा संस्कार पनि भित्रिएको छ । तसर्थ वर्तमान अवस्थामा शिक्षार्थीहरूको आत्मवल, भविष्य निर्माणका लागि एकातर्फ नयाँ प्रविधिलाई पनि सँगै जोड्नु पर्छ भने अर्कातर्फ नैतिक आचरण, मानपर्यादा र सामाजिक तथा व्यक्तिगत सम्मानजनक व्यवहारहरूका लागि जीवनोपयोगी तथा उपदेशमूलक भगवद्गीतालाई पाठ्यक्रममा समावेश अनिवार्य रूपमा गर्नुपर्दछ यसका लागि सम्बन्धित सरोकारवालाको ध्यान जानु अति आवश्यक छ । "

उनको यो भनाइले पनि गीताको पाठ्यक्रममा आवश्यकताको महत्व र अपरिहार्यताको स्पष्ट सङ्केत गरेको छ । म सँगै गीता अध्यायन केन्द्रका सहभागीसँग अन्तरक्रिया र संस्कुत अध्यापन गराउने एक जना शिक्षकसँग लिएको अन्तर्वामा पनि गीताको ज्ञान र योगशिक्षालाई विद्यालय स्तरीय पाठ्यक्रममा समावेश गरेको खण्डमा विद्यार्थीको चित्र् र आत्मा सुद्दि भई समाजमा रहेका अहिलेका विकृति र विसङ्गतीहरू केही हदसम्म न्युनिकरण भएर जान्छन् । विकासले परिवर्तन प्रक्रिmया र त्यसमा सकारात्मकतालाई सङ्केत गरेको हुन्छ । गीताको ज्ञानले नैतिक आचरण सिकाउने कार्य गर्दछ । नैतिकता राजनीति, कर्मक्षेत्र तथा कर्तव्यसँग जोड्रिएको हुन्छ । जव, व्यक्तिमा धार्मिक आस्था जोडिन्छ तब उसमा कर्तव्यको बोध हुन्छ अनि मैले के गर्ने, मेरो कर्तव्य के हो ? म कुन ठाउँमा छु भनेर आफ्नो कार्यक्षेत्रको लगनशीलतामा लाग्दछ यही कुराले विकासलाई पछ्याउँछ अनि देशमा परिवर्तन आउने हो ।

## गीताकायोग र कर्तव्यशिक्षा

श्रीमदभगवद्गीताको ज्ञानकर्मसन्यासयोगको ३८ औ स्लोकमा उल्लेखित छ "न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते । तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ।।" यो संसारमा दिव्यज्ञान जत्तिको महान अरू केही छैन यस्तो ज्ञान सम्पूर्ण पाकेको फल हो । जो व्यक्ति भक्ति सेवामा लागेको छ पूर्ण हुन्छ उसले मात्र यो ज्ञानको रसस्वादन गर्दछ । मेरो कुन योग बढीमात्रामा शिक्षा र विकाससँग सम्बन्धित रहेको र भनेर राखेको जिज्ञासामा पूर्वशिक्षकको भनाइलाई जस्ताको तस्तै प्रस्तुत गर्दा उनको भनाई यस्तो थियो गीतामा भएका अठार गोगमध्ये ज्ञानयोग यसका लागि उपयुक्त यो भएको मलाई लाग्दछ। किनकि ज्ञानभित्र विद्या, बुद्धि, विवेक, चेतना र अनुसन्धनात्मक नवीन कार्य हुन्छन् । विद्यार्थीले ज्ञानयोगद्वारा यी कुराहरू प्राप्त गर्दछ । यसको पुरक जिज्ञासामा

मैले ज्ञानयोगले के परिवर्तन ल्याउँछ भनेर सोधेको थिए त्यस्मा उनले थपिन् "ज्ञानयोगले शिक्षामा आमुल परिवर्तन ल्याउँछ । विद्यार्थीले ज्ञानका नयाँ नयाँ स्रोतहरूको खोजी गरेर नयाँ अध्यायनमा जोड दिन्छन् खोजमुलक कार्यमा जोड दिन्छन् ।" त्यस्तै केदारेश्वर मन्दिरका प्राचार्यले पनि ज्ञान योग नै शिक्षाका लागि उपयुक्त योग हो भनेका छन् र ज्ञानयोगले मानिसालाई सत्यतर्फ लैजाने तर्क दिएका छन् । हुन पनि हो जहाँ सत्यको बाहुल्यता रहन्छ त्यहाँ अन्याय, अत्याचारको मात्र घट्दछ अनि समाजमा अन्याय र अत्याचारको कमि भई समाज सुद्धिकरणमा जान्छ र नयाँ शिकारूले नयाँ ज्ञानरूपी उर्जाको प्रवाह गर्दछन् । जब मानिस ज्ञानी हुन्छ तब उसले आफ्नो भूमिका आफै खोज्दछ कर्मयोग तिर लाग्दछ । त्यस्ता व्यक्तिले प्रगतिका लागि पछाडिको बाटो प्रयोग नगरी आफ्नो कार्यक्षेत्रमा नियमित मार्ग अपनाएका हुन्छ, तव देशमा भ्रष्टाचार, अन्याय र अत्याचार पनि हुदैन । जब अन्याय र अत्याचारको कमि हुरन्छ तब विकास हुन्छ ।

यही जिज्ञासामा अर्का एक जना शिक्षक यसो भन्छन् "जान्नु सिक्नु र सिकाउनु नै शिक्षा हो । योग भनेको नै जान्नु हो । र आफुलाई आफ्नो कर्तव्यसँग जोड्नु हो । तथापि गीतामा भएका अठार योगहरू कुनै न कुनै रूपमा शिक्षा र विकाससँग उत्तीकै सम्बन्धित छन् । देश काल र परिस्थिति अनुसार कहिले एउटा प्रधान हुन्छ त कहिले अर्को । एउटा योग बढी हुँदा एउटा शिक्षा बन्छ भने अर्को योग बढी सम्बन्धित हुँदा अर्को खालको शिक्षा बन्दछ । तैपनि ज्ञानको क्षेत्रमा साँख्ययोग बढी सान्दर्भिक हुन्छ।"

उनले सबैभन्दा बढी शिक्षा विकाससँग सम्बन्धित सांख्ययोग भन्ने राय दिएपनि अठारवटा योगहरू नै शिक्षा विकाससँग सम्बन्धित नै छन् भन्ने रहेको मैले पाए । त्यस्तै कसैले पुरूषोत्तम योग बढी त कसैले कर्मयोग भनेको जिज्ञासाको उत्तरममा मैले पाएको थिए। संस्कृत अध्यापन गराउने गुरूले सबैभन्दा बढी शिक्षा र विकाससँग सम्बन्धित कुन योग भनेर राखेकोमा उनले आत्मसंयमयोग भनेका थिए । यी माथिका प्रतिक्रियामा गीताका अठार बटै योगहरू शिक्षासँग सान्दर्भिक रहेका छन् भन्ने आशय थियो । कुनै बढी र कुनै कम भन्न सकिने अवस्था छैन । आत्मसंयमयोगले आफ्नो फाइदाका लागि अरूलाई क्षति नपु¥याउ भन्दछ । यही नै हाम्रो देशको अहिलेको समस्या हो । व्यक्तिले सबैभन्दा पहिलो आफ्नो कर्तव्य भन्दा पनि व्यक्तिगत फाइदा हेरेका हुन्छन् जसले कार्यालयमा भ्रष्टाचार, विद्यार्थीहरू कक्षा छोडेर सडकमा, दैनिक जसो आफु पढ्ने विद्याको मन्दिरमा तालाबन्दी जस्ता कार्य भइरहेका छन्, यिनै हुन् विकास र परिवर्तनका बाधक ।

## भगवद्गीता र यसको विकाससँको सम्बन्ध

भगवद्गीतामा अर्जुनले ८४ वटा स्लोकमा श्रीकृष्णलाई जीवन र जगत तथा आफ्ना विषादसम्बन्धि जिज्ञासा अर्जुनले राखेका छन् भने श्रीकृष्णले ५७४ वटा स्लोकका माध्यमबाट उत्तर दिएका छन् (शर्मा,२०७२) । गीतामा कृष्ण र अर्जुनको सम्बादलाई कसैले परामर्श,कसैले शिक्षण विधि त कसैले यो एउटा श्रीकृष्णले अर्जुनलाई गरेको मनोवैज्ञानिक थेराफीकारूपमा लिएका छन् । शर्मा र रामचन्द्रन (सन् २०१५) ले अहिलेको व्यवसाहिक शिक्षामा गीताको ज्ञान अति आवश्यक भनेर उल्लेख गरेका छन्। वर्मा र सिँह(सन् २०१४) ले त्यो सम्वाद दवाव व्यवस्थापनका लागि अतिआवश्यक कुराका रूपमा उल्लेख गरेका छन् । कतिला (सन् २०१८) ले श्रीकुष्णले अर्जुनलाई दिएको यो शिक्षा मुल्यमा आधारित शिक्षा हा,यो सिधा विकास र परिवर्तनसँग जोडिएको हुन्छ भनेका छन् । उनी अगाडि थप्छन् जहाँ गीताको ज्ञान छ त्यहाँ कर्मक्षेत्रमा नियमितता र कर्तव्य परायणता आउँछ अनि विकासले त्यसलाई पछ्याइरहेको हुन्छ। यो शिक्षाले समाजमा मुल्यको स्थापना गर्दछ भनेर उल्लेख गरेका छन् । मैले मेरा सूचना दातालाई कृष्ण र अर्जुनबिचको सम्वाद शिक्षण,सल्लाह वा परामर्श के हो रू भनेर जिज्ञासा राखेको थिए । त्यसमध्ये धेरैले शिक्षण हो र यसलाई अहिलेका शिक्षकले कक्षाकोठामा उपयुक्त तरिकाले प्रयोग गरेको खण्डमा शिक्षण प्रभावकारी भएर कक्षाकोठा उत्पादनमुलक हुन जान्छ भनेर उल्लेख गरेका छन् । त्यस्तै अन्तर्वाताको क्रममा पनि यस्तै राय विज्ञहरूबाट मैले पाएको थिए । नियतं कुरू कर्म त्वं (३,८) अर्जुन तिमिलाई तोकिएको कर्म गर । कर्म नगरी हुँदैन यसको आसय हो । यो ज्ञान अहिलेका शिक्षार्थीका लागि पनि अति नै आवश्यक तत्वज्ञानका रूपमा यसलाई लिन सकिन्छ । व्यक्तिले जहिले पनि आफूँलाई तोकिएको कर्म गर्नु पर्दछ । कर्ममा फलको आशा राख्नु हुदैन । यो शिक्षा कक्षाकोठाको शिक्षणका लागि पनि अतिआवश्यक ज्ञानका रूपमा र शिक्षण गर्दा शिक्षकले प्रयोग गर्न उपयुक्त विधि हुने कुरा छलफल र अन्तवार्तामा सहभागीले पनि मलाई बताएका थिए । त्यसैले गीताबाट र वर्तमान शिक्षा र विकासलाई अलग्याउन सकिँदैन,ति दुई अन्तरसम्बन्धित रहेका छन् । यो शिक्षाले विकास र परिवर्तनलाई जोडेको हुन्छ ।

## निष्कर्ष

भगवद्गीता शिक्षाप्रद ग्रन्थ रहेको कुरा छलफलका क्रममा प्राप्त भएको थियो । अहिलेका जिज्ञासुहरू जो आधुनिक शिक्षा र प्रविधिकारूपमा रूमलिइरहेकाछन् तिनका लागि गीताको ज्ञानले मन,मस्तिष्क र आत्मलाई सुद्धिकरण गरेर देश काल परिस्थिति र समाजका लागि उपयोगी नागरिककारूपमा स्थापित गराउँदछ । अहिलेको शिक्षा प्रविधिकारूपमा लयदेखि बाहिर जानलागेकोमा यो गीतारूपी अमृत ज्ञानले फेरी लयमा फर्काएर ल्याउने कुरामा मेरा उत्तरदाता सबैको राय रहेको थियो । अनुसन्धानको क्रममा संस्कृत शिक्षण गर्ने गुरूकुल आश्रममा अझै पनि गीता र महभारत अध्यायन

गरिएको छैन । ती संस्थामा अध्यायनरत केही विद्यार्थीले गीताका बारेमा अनविज्ञता प्रकट गरेका केहीमा थोरै मात्र ज्ञान भएको अध्यायनका क्रममा मैले पाएको थिए । त्यस्ता संस्थामा सकेसम्म औपचारिक पाठ्क्रममा गीतालाई राखुपर्ने यदि त्यस्तो सम्भव नभएमा दैनिक समय मिलाएर भए पनि नवसाक्षर विद्यार्थी जो गुरूकुलमा पढ्छन् उनलाई गीतारूपी अमृत ज्ञान प्रदान गर्नु पर्ने देखिन्छ । यसो गरेमा वर्तमान शिक्षलाई गीतासँग जोड्न सकिन्छ। गीताको शिक्षा विकासको एउटा बलियो आधारका रूपमा रहेको अनुसन्धनका क्रममा धेरैको राय रहेको थियो । गीताले नैतिकताको शिक्षा दिने र अहिले हरेक क्षेत्रमा कर्तव्य बोध र नैतिकता हराएर देशमा हामीले चाहेको परिवर्तन पाउन सकेका छैनौ । हामी भन्दा पछाडि रहेका विश्वका मुलुकहरू अगाडि गए तर हामी नैतिकता, असल आचरण र मूल्यमान्यताको खडेरीले विकासमा पछि पर्यौ त्यसैले अब गीतालाई शिक्षालयमा पढाउ, घरघरमा पढ्रैं, नैतिकतामा वृद्धि गरौ, आफ्नो कार्यक्षेत्रमा लागौ, फललाई भन्दा कर्मलाई प्राथमिकतामा राखौ, व्यक्तिगता फाइदामा लागेर देशलाई बर्बादतिर नधकेलौ यसो गरेमा हामीले छोटै समयमा देशमा विकासको लहर र परिवर्तन पाउने छो भन्ने यो लेखको निष्कर्ष हो ।

## सन्दर्भ सूची

अधिकारी, टि.एन.गोपीकृष्ण(२०७४०, चाणक्य नीति (छायानुवाद),विद्यार्थी पुस्तक भण्डार

अधिकारी,कोमलनाथ (२०७६०), अनुवादक,कोमल गीता (नेपाली भाषा टीका श्लोक र अर्थ सहित) श्री यशोदा पुस्तकालय ।

अधिकारी, रामेश्वर(२०६६०), चरकसंहिता शरीरस्थान (नेपालीमा अनुवादसहित) ,विद्यार्थी पुस्तक भण्डार

कोइराला, ढुण्डिराज (२०७३), नेपाली भाषामा श्रीमद्भागवत् रहस्य, मन्जरी पब्लिकेशन ।

कोइराला, ढुण्ढिराज (अनुवादक०( २०७३), महाभारत कथा, मञ्जरी पब्लिकेशन ।

खनाल, पेसल(२०६८०), शैक्षिक अनुसन्धान पद्दति, सनलाइट पब्लिकेशन ।

गीताप्रेस, गोरखपुर(२०७५०), श्रीमद्भगवद्गीता (शाङ्करभाष्य हिन्दी‘अनुवादसहित, लेखक ।

गोयन्दा जयदलाल (२०६८०), श्रीमद्भगवद्गीता तत्वविवेचनी हिन्दी‘टीका, गीता प्रेस गोरखपुर‘ २७३००५

ज.व.रा., स्वयम्प्रकाश र गीरिराज पौडेल (२०६७०), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, हेरिटेज प्रकाशक तथा वितरक प्रा ।लि ।

प्रभुपाद, स्वामी (सन्२००४), श्रीमद्भगवदगीता यथारूप, भक्ति वेदान्त बुक ट्रस्ट ।

........,(२००७), एउटा अर्को मौका, भक्ति वेदान्त बुक ।

दहाल,रोशन (२०७०), स्वामी विवेकानन्दः जीवनी एवम् दर्शन, पाँच पोखरी प्रकाशन गृह ।

प्रपन्नाचार्य, स्वामी (२०५०), वेदमा के छ , साझा प्रकासन् ।
पाण्डेय, फणीन्द्रप्रसाद (२०६८), अनुगीता (नेपाली अनुवाद०ः सम्पादक टीकाराम अधिकारी, विद्यार्थी पुस्तक भण्डार ।
पन्त, ओमकारनाथ (२०७०), सात उपनिषद्, विद्यार्थी पुस्तक भण्डार ।
रामसुखदास स्वामी (२०६६), श्रीमद्भगवद्गीता साधक'संजीवनी (परिशिष्टसहित० हिन्दी टीका, गोरखपुर गीता प्रेस ' २७३००५ ।
राम गीता (मिति नदिएको०, मुम्वई पुस्तक भवन् ।
शर्मा, नारायण (२०७१), श्रीमद्भगवद्गीतामा वैज्ञानकि चिन्तन, रत्न पुस्तक भण्डार ।
शर्मा, गोपीकेष्ण (२०५६), संस्कृत साहित्यको रूपरेखा, अभिनव प्रकाशन ।
सत्याल, रामप्रसाद (२०६२), महाभारत, बाबु माधवप्रसाद शर्मा ।
श्रेष्ठ, दयाराम (२०७७), सात्यिको अनुसन्धान व्यवस्थापन(अनुसन्धान दर्शन), शिखा बुक्स ।
सुवेदी, रामप्रसाद(२०७७), श्रीकृष्णः युद्धक्षेत्रका मनोवैज्ञानिक परामर्शदाता र शिक्षामा यसको उपयोगीता, शिक्षा सन्देश, वर्ष (अंक ४), पृथ्वीनारायण क्याम्पस,.शिक्षाशास्त्र सङ्काय, पोखरा ।
श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०७८), शिक्षा र विकास, भुँडिपुराँण प्रकाशन ।
Ananda,R.(2017 A.D). *Contemporary Relavance of Gita for management and Enlightened Leadership*, Mumbai:IBS Business School.
Bhandari, Sabindra (2016 A.D.) *The Transcental In Bhagawat Gita*. A Desertation Submitted in Nepal sanskkrit University Dang.
Bhattarai, M. P. (2017 A.D) . A Study on ethical principal of the Bhagawat Gita for Sustainable Leadership www.edumenia.edu retrived Oct.3 2019
Das, I. K. (20128). Rebirth according to the bhagavad- gita: epistemology, Ontology and ethics,Department of religion and spirituality, Zefat academic College, Safed 13200610: Iskcon Trec December1,2018
Dewey,j.( 1989 A.D.), *Education and society*, Mc Milan Publication
Ghimire, J. (2016). Meaning of education in the bhagavad gita: *Journal of education and Research*. Vol. 3, No. 1, Pp. 65-74.
Kalita , S. ( 2018 ). Reflectoion on Philosophy of Value Oriented Education Regarding the Teaching of Bhagavat Gita. IOSR Joournal of Humanities and Social science (IOSR JHSS) Volume 23, Issue5, Ver 5.
Kothari, C.R.(2004.), *Research Methodology(Method and Procedu*re), New Age International Publication.
Mahadevan,B.(2008), Mnanagement lesson from the bhagavat Gita. The Vedanta Kesari-558.
Reddy, M.S.(2012), Psychotheraphy- insights from bhagavad gita, Indian PsycholMed (2012), Jan,34(1);100-104
Seth S. (2017). Look with in bhagavad gita for human values.
Sharma, B.and Ramchandran,M.(2015). Need of Bhagavad Gita concept in the present Scenario of Professional Education ; International Journal of Applied Engeneering ISSN 0973-4562volume10,Numbe11(2015),Research India

Publication.htt://wwwindiapublication.com

Silal, D.(2062 B.S.), *Research Methodology in Management*, Taleju publication.

Verma, N., and Sing, A (2014). Stress management and coping embedded In The bhagavat gita.Indian Journal of Health and Well Being 5(2014);5(4) 517-519.www.academia.edu.Retrived 5 Oct. 2019.

# गण्डकी प्रदेशः एक परिचय

सन्तोष ढुङ्गाना/सागर खनाल[17]

कार्यकारी सारांश

गण्डकी प्रदेशले संघीयता कार्यान्वयनको सात वर्षे अवधिमा कानुनी, संस्थागत, आर्थिक तथा सामाजिक संरचनालाई विस्तार गर्दै संघीय शासन व्यवस्थालाई मजबुत बनाउने प्रयास गर्दै आएको छ। प्रदेश एवं स्थानीय तहका अधिकारक्षेत्र अनुकुल कार्यान्वयनको मार्गप्रशस्त गर्न करिब ७० ऐन जारी गरेको छ । प्रदेशमा पहिलो पञ्चवर्षीय योजनाका उपलब्धिहरूको समीक्षा गरी ‘आत्मनिर्भर र समुन्नत प्रदेश: सुखी प्रदेशवासी’ को परिकल्पनासहित दोस्रो पञ्चवर्षीय योजना )आ व २०८१।०८२-२०८५।०८६( कार्यान्वयनमा रहेको छ ।

प्रदेशमा विभिन ९ वटा मन्त्रालय, विभिन्न निर्देशनालयहरू, आयोग, प्रतिष्ठान, लगायतका संस्थागत संरचना रहेका छन । प्रदेश लोक सेवा आयोगले २,९५० कर्मचारीको नियुक्ति सिफारिस गरेको छ । आर्थिक प्रशासन सुधार गर्न आयोजना बैंक प्रणाली सञ्चालनको कानुनी प्रारुप तयारी, बजेट कोडिङ, तथा आन्तरिक राजस्व परिचालन प्रवर्द्धन गरेको छ । आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर रूपमा प्रदेश सरकार राजस्व बचतमा रहेको छ । आन्तरिक स्रोत सँगै राजस्व बाँडफाँट र अनुदान वापत संघबाट प्राप्त स्रोतको परिचालनबाट प्रादेशिक प्राथमिकताका पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा सामाजिक क्षेत्रमा लगानी गरेको छ ।

महत्त्वपूर्ण उपलब्धिहरूका रूपमा यातायात पूर्वाधार क्षेत्रमा करिब २,००० कि.मि. सडक, १०४ वटा सडक पुल, र ८४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको छ । सामाजिक क्षेत्रमा साक्षर गण्डकी प्रदेश घोषणा, आधारभूत खानेपानी पहुँच ९४.२५ प्रतिशत, विद्युत पहुँच ९९.५० प्रतिशत, तथा स्वास्थ्य संस्थाहरूको संख्या १,१८१ पुगेको छ । पर्यटन प्रवर्द्धनका लागि पोखरा पर्यटन राजधानी घोषणा भएको छ । प्रदेश सरकारले जलविद्युत्, कृषि, पर्यटन, र औद्योगिक विकासलाई प्राथमिकता दिँदै दिगो आर्थिक समृद्धिका लागि नवप्रवर्तनमा आधारित उद्यमशीलता प्रवर्द्धन गर्दै आएको छ ।

[17] शाखा अधिकृत गण्डकी प्रदेश नीति तथा योजना आयोग

प्रदेश विकासमा केही चुनौतीहरू छन्। वित्तीय स्रोत परिचालनको सीमितता, विकास परियोजनाहरूको व्यवस्थापनमा कमजोरी, दक्ष जनशक्ति अभाव, अन्तरसरकारी समन्वयको अस्पष्टता तथा कानुनी र नीतिगत अप्ठ्यारा प्रमुख समस्या रहेका छन्। यी चुनौतीहरू समाधान गर्न स्रोत परिचालन चुस्तता, खर्च दक्षतामा अभिवृद्धि, प्रविधि-मैत्री प्रशासन, नीतिगत स्थायित्व एवं नतिजा केन्द्रित योजनामा प्राथमिकता दिनुपर्ने देखिन्छ।

संघीय संरचनाको आधारमा अन्तरतह समन्वय मजबुत बनाउन प्रदेश सरकारले राष्ट्रिय समन्वय परिषद्, अन्तर प्रदेश मुख्यमन्त्री बैठक, तथा प्रदेश समन्वय परिषद् मार्फत नीति समन्वय र साझा विकास योजनामा साझेदारी एवं आवश्यक नेतृत्व गरेको छ। स्थानीय तहहरूसँगको साझेदारीलाई प्रभावकारी बनाउन प्रदेश सरकारले विभिन्न नीति तथा कानुनी संरचनाहरू निर्माण तथा संशोधन गरेको छ। संघीयताको मर्मअनुसार स्थानीय तहहरूसँग सहकार्य गर्दै सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै समृद्ध गण्डकी प्रदेश निर्माणको दिशामा प्रदेश सरकार निरन्तर अग्रसर छ।

प्रदेश परिचय

समुद्र सतहबाट १०३ मिटर उचाइमा रहेको नवलपरासी त्रिवेणी धाम क्षेत्र देखि ८,१६७ मिटर उचाइमा रहेको धौलागिरी सम्म फैलिएको गण्डकी प्रदेशको कुल क्षेत्रफल २१,७३३ वर्ग किमि रहेको छ। प्रदेशको राजनैतिक र प्रशासनिक विभाजन तर्फ हेर्दा कुल ११ जिल्लामा २७ नगरपालिका र ५८ गाउँपालिका, प्रतिनिधि सभा तर्फ १८ निर्वाचन क्षेत्र र प्रदेश सभातर्फ ३६ निर्वाचन क्षेत्र रहेका छन् ।

२०७८ को जनगणना अनुसार २४ लाख ६६ हजार कुल जनसंख्या रहेको प्रदेशमा जातिगत रुपमा सबैभन्दा धेरै २० प्रतिशत पहाडी ब्राह्मण र क्रमशः १८.८ प्रतिशत मगर, १३.१ प्रतिशत क्षेत्री, ११ प्रतिशत गुरुङ गरी १०७ जातजाती बसोबास रहेको छ। प्रमुख भाषाहरू नेपाली, मगर, गुरुङ, थकाली, तामाङ, नेवारी रहेका छन् । प्रदेशको वार्षिक औषत जनसंख्या वृद्धिदर ०.२५ प्रतिशत छ, जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा कम हो।

प्रदेश सभाको गठन पश्चात पहिलो प्रदेश सभाको वैठक मिति २०७४ साल माघ २२ गते बसेको थियो। तत्कालिन ४ नं प्रदेश हालको गण्डकी प्रदेशको राजधानी पोखरा मिति २०७५ असार १८ को निर्णयअनुसार कायम गरिएको हो। वि स २०८० साल चैत्र ४ गते पोखरामा संघीय इकाइका पदाधिकारीको

समउपस्थितिमा नेपालको पर्यटकीय राजधानी समेत घोषणा भएको पोखरा गण्डकी प्रदेशको राजधानी हो । प्रदेशको नामाकरण गण्डकी प्रदेश मिति २०७५ असार २२ को प्रदेश सभाको निर्णयअनुसार कायम भएको छ ।

पहिलो प्रदेश सरकार गठन भएको २०७४ को फागुन ४ गतेलाई प्रदेश सरकार स्थापना दिवस घोषणा गरिएको छ । २०८१ सालदेखी प्रदेश स्थापना दिवस माघ २२ गते मनाइन्छ । २०८१ फागुन ११ गतेको मन्त्रिपरिषद्को निर्णयले गुरूङ र मगर भाषालाई सरकारी कामकाजको भाषा घोषणा गरेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित ३६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट चयन भएका २४ जना गरी कुल ६० सदस्यीय प्रदेश सभा रहेको छ । गण्डकी प्रदेश सरकारका प्रथम मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र हाल सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री रहेका छन् ।

गण्डकी प्रदेशले पहिलो पञ्चवर्षीय योजनाको समीक्षा गरी नेपालको दीर्घकालिन सोच २१०० तथा सोहौं योजनासँग तादात्म्यता हुने गरी "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को सोच सहितको प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आफ्नो दोस्रो पञ्चवर्षीय योजना (आर्थिक बर्ष २०८१/८२- २०८५/८६) कार्यान्वयनमा ल्याएको छ । दोस्रो पञ्चवर्षीय योजनाको सोच अनुरूप प्रदेश विकास तथा रूपान्तरणका १४ वटा प्रमुख क्षेत्र पहिचान गरेको छ । यस योजनाले नेपालको संविधान, दीर्घकालीन सोच, सोहौं योजनाको लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिलाई प्राथमिकतामा राखेको छ ।

गण्डकी प्रदेशमा हाल ९ वटा मन्त्रालय रहेका छन् । प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित आर्थिक मामिला, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था, सामाजिक विकास तथा युवा खेलकुद, उद्योग तथा पर्यटन, कृषि भूमि व्यवस्था तथा सहकारी, ऊर्जा जलस्रोत तथा खानेपानी, स्वास्थ्य र वन तथा वातावरण मन्त्रालय रहेका छन् ।

प्रदेश अन्तर्गत बजेटरी र गैर बजेटरी गरी जम्मा १७२ निकाय रहेका छन् । गण्डकी प्रदेश सरकार अन्तर्गत नेपाल सरकारबाट स्वीकृत दरबन्दी संख्या २६७९ र प्रदेश सरकारबाट स्वीकृत दरबन्दी संख्या (स्थानीय तहको बाहेक) ७३२ गरी कुल स्विकृत दरबन्दी ३४११ रहेको छ । आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम मार्फत प्रदेश सरकारले शासन सञ्चालनको क्रममा प्राप्त अनुभव, प्रदेशको आन्तरिक आय एवम् वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई मध्यनजर गरी प्रदेश सरकारका संरचनालाई चुस्त

बनाउन गठित प्रशासनिक पुनर्सरचना तथा दरबन्दी पुनरावलोकन समितिको सुझावका आधारमा प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्य रहेको छ ।

प्रदेश निजामती सेवा तथा स्थानीय सेवामा कर्मचारी छनौट गर्न मिति २०७७ चैत्र ११ मा गण्डकी प्रदेश लोक सेवा आयोगको स्थापना भएको छ । आयोगले सिफारिस गरेका उम्मेदवारमा ११३३ जना महिला र १८१७ जना पुरुष रहेका छन् । मिति २०८१ फागुन मसान्तसम्म प्रदेश निजामती सेवामा ५४४ जना र स्थानीय सेवा तर्फ २४०६ जना गरी कुल जम्मा २९५० उम्मेदवार विभिन्न पदमा निम्नानुसार नियुक्तिका लागि सिफारिस गरेको छ ।[18]

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको पद दर्ता तथा विवरण व्यवस्थित गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश निजामती किताबखाना सञ्चालनमा ल्याएको छ। प्रदेश निजामती किताबखानामा २०८१ माघ मसान्तसम्म १६७ कार्यालय दर्ता भएका छन्।

जनशक्ति क्षमता अभिवृद्धि तथा विज्ञान प्रविधिको प्रवर्द्धन गर्न गण्डकी विश्वविद्यालय छ। प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना भएको छ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व सहित आर्थिक मामिला मन्त्रालय अन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतमा प्रदेश लेखा इकाई कार्यालय छन्।

प्रदेशको उच्च आर्थिक वृद्धि, सन्तुलित र दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोग रहेको छ।

18 गण्डकी प्रदेश लोक सेवा आयोग स्मारिका, २०८१

प्रदेशका मन्त्रालय अन्तर्गत कृषि विकास, पशुपंक्षी तथा मत्स्य विकास, वन, पर्यटन उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण, पूर्वाधार विकास, प्रादेशिक स्वास्थ्य निर्देशनालय रहेका छन्। सबै जिल्लामा प्रदेश अस्पताल सँगै स्वास्थ्य क्षेत्रमा प्रयोगशाला, सामुदायिक अस्पताल, आयुर्वेद अस्पताल एवं औषधालय छन्।

सवारी चालक अनुमति पत्र नवीकरण तथा नयाँ सवारी दर्ता सेवा प्रदान गर्न कास्की, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), वागलुङ र तनहुँको डुम्रेमा यातायात व्यवस्था कार्यालय सञ्चालनमा रहेका छन्।

नागरिकलाई सरल र सहज सेवा विस्तार गर्न सबै जिल्लामा प्रादेशिक अस्पताल, सिंचाई, पूर्वाधार, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल, सामाजिक विकास, उद्योग पर्यटन कार्यालय रहेका छन्। कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपज आयात निर्यातको नियमन गर्न तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुङ्गामा कृषि तथा पशुपन्छी नियमन इकाई स्थापना गरेको छ। प्रदेशको आफ्नो मातहतमा मत्स्य विकास केन्द्र समेत छ। त्यस्तै, जनस्वास्थ्य प्रयोगशाला, स्रोत केन्द्र, तालिम केन्द्र, अनुसन्धान तथा प्रशिक्षण केन्द्र लगायतका निकाय रहेका छन्।

नेपालको संविधान धारा १६० (५) को संवैधानिक व्यवस्था बमोजिम गण्डकी प्रदेशमा मिति २०७४ चैत्र ८ गते बाट मुख्यन्यायाधिवक्ताको नियुक्ति भए देखि मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना भई कार्य संचालन भईरहेको छ । मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्वन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट वहस पैरवी गर्ने र प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने मुख्य कर्तव्य रहेको छ ।

## गण्डकी प्रदेश सरकारको वित्त व्यवस्थापन

गण्डकी प्रदेशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान प्रमुख छ। यस क्षेत्रतर्फ पर्यटन, व्यापार, शिक्षा, तथा विप्रेषणले टेवा पुऱ्याइरहेको छ। पोखरा केन्द्रबिन्दु रही आसपासका अन्नपूर्ण क्षेत्र, मनाङ, मुस्ताङ लगायत स्थानमा पर्यटन व्यवसाय फस्टाएको देखिन्छ। होटल तथा आतिथ्यता, यातायात, पर्यटनसम्बन्धी अन्य व्यवसायहरूले रोजगारीका अवसर सिर्जना गर्दै प्रदेशको समग्र आर्थिक

गतिविधिलाई गति दिएको छ। प्रदेशको कृषि क्षेत्र परम्परागत खेती प्रणालीबाट व्यावसायिक तथा प्रविधिमैत्री प्रणालीतर्फ रूपान्तरण भइरहेको छ।

दीर्घकालीन रूपमा प्रदेशको अर्थतन्त्रलाई समृद्ध बनाउन "उद्यमी बनौं: स्वदेशमा केही गरौं" जस्ता नीतिगत अभियानले युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता विकास, परामर्श, सहुलियतपूर्ण ऋण तथा स्वरोजगारका अवसर सिर्जना गरेको छ। प्रदेशको अर्थतन्त्रलाई सुदृढ बनाउन सरकार, निजी क्षेत्र, तथा स्थानीय समुदायबीचको सहकार्य प्राथमिक तथा पूर्ण शर्तको रुपमा रहेको छ।

प्रदेश सरकारको स्रोत

आर्थिक वर्ष २०८०।८१ मा प्रदेशले रू. ३ अर्ब ४३ करोड १७ लाख ३१ हजार आन्तरिक राजस्व परिचालन गरेको छ। प्रदेश सरकारको वित्तीय स्रोत क्रमशः संघ सरकारबाट प्राप्त राजस्व बाँडफाँड रकम, वित्तीय समानीकरण अनुदान, आन्तरिक आय, सशर्त अनुदान रहेको छ। प्रदेश सरकार स्थापना देखी आर्थिक बर्ष २०८१।०८२ सम्मको वित्तीय स्रोतको विवरण देहायबमोजिम रहेको छ।

देहायः

गण्डकी प्रदेशको वित्तीय स्रोत प्राप्तीको विवरण (रु. हजारमा)

| आर्थिक वर्ष | समानीकरण अनुदान | ससर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान | आन्तरिक आय | राजस्व बाँडफाँडबाट प्राप्त रकम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | १०२०५०० | ० | ० | ० | ० | ० | १०२०५०० |
| २०७५/७६ | ६७७६७०० | ४८५६६४९ | १२२२०० | १८२३०० | २२१५०६१ | ६०९९३८६ | २०२५२२९६ |
| २०७६/७७ | ७११२२०० | ६०२४०३३ | ११११६०० | ८६०००० | २००४०७० | ४८१७०६३ | २१९२८९६६ |
| २०७७/७८ | ७११२६०० | ४८१६९६० | १४९८९०० | ५४०००० | २६६०८५७ | ६४९११२६ | २३१२०४४३ |
| २०७८/७९ | ७४२२८०० | ५०२९०८० | ८७३६०० | ५४९००० | ३२१५६५१ | ७५०२६०६ | २४५९२७३७ |
| २०७९/८० | ६९३६९१२ | ४९५९१२५ | ६००००० | ४३०००० | ३१७२१३७ | ७३४२३३२ | २३४४०५०६ |
| २०८०/८१ | ५६४९०३४ | २९९३१३३ | ७२०००० | ६९५००० | ३४३१७३१ | ८०२०४६९ | २१५०९३६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०८१/०८२ (अनुमानित) | ७६२२५०० | ४९४१५०० | ८४०००० | ७००००० | ५१६९१८४ | ९०५३२०० | २८३२६३८४ |

स्रोतः आर्थिक मामिला मन्त्रालय

**प्रदेश सरकारको खर्च**

आर्थिक वर्ष २०८०।८१ को प्रदेश सरकारको बजेट खर्च कुल विनियोजनको ६६.४३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९।८० को तुलनामा आर्थिक वर्ष २०८०।८१ मा कुल बजेटको आकार नै करिब ७ प्रतिशतले घटेको छ। गण्डकी प्रदेशले लैङ्गिक उत्तरदायी, दिगो विकास र जलवायु परिवर्तनको असरका आधारमा बजेट कोडिङ कार्यान्वयन गरिरहेको छ। प्रदेश सरकारको बजेट तथा खर्च सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

निम्नः

प्रदेश सरकारको प्रस्तावित बजेट तथा खर्च विवरण (रु. हजारमा)

| आर्थिक वर्ष | कुल वार्षिक बजेट | | | जम्मा | कुल खर्च | | | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | चालु | पूँजीगत | वित्तीय व्यवस्था | | |
| २०७४/७५ | ४८०३७५ | ५४०१२५ | ० | १०२०५०० | १४४७९५ | १५०६३७ | ० | २९५४३२ | २८.९५ |
| २०७५/७६ | ८११५५१५ | १५९०७८३३ | ० | २४०२३३४८ | ५२११०३० | ८७१७००० | ० | १३९२८०३० | ५७.९८ |
| २०७६/७७ | १२२८५७७२ | १९८४९०२० | ० | ३२१३४७९२ | ६४२६९२१ | १३९८६६९६ | ० | २०४१३६१७ | ६३.५२ |
| २०७७/७८ | १४३४२६८४ | १९९९९४७६ | ५००००० | ३४८४२१६० | ८०२७८६४ | १७५९५५५४ | ० | २५६२३४१८ | ७३.६३ |
| २०७८/७९ | १२६०४२१० | १८५०८६७५ | २४००००| ३१३५२८८५ | ७५८०११६ | १४४६३८१७ | ० | २२०४३९३३ | ७३.५१ |
| २०७९/८० | १२५५७१४९ | २२८५१८५० | ५००००० | ३५९०८९९९ | ८३५३५२२ | १५२६१३६१ | ० | २३६१४८८३ | ६५.७६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २०८०/८<br>१ | १२७०९६९<br>० | २०२१७५१<br>० | ५००००<br>० | ३३४२७२०<br>० | ७५७६६९<br>९ | १४६२९४१<br>६ | ० | २२२०६११<br>५ | ६६.४<br>३ |

स्रोतः प्रदेश सरकारका ७ बर्ष अनुभव र उपलब्धि

प्रदेशमा बजेट अभ्यासको सुरुवातका ४ वर्षमा गण्डकी प्रदेशको बजेट आकार निरन्तर बढेको छ। आ.व. २०७४।७५ मा रु. १ अर्ब २ करोड बजेट विनियोजन भएकोमा आ.व. २०७५।७६ मा सोको २३ गुणा बढी रु २४ अर्बको बजेट सार्वजनिक भएको थियो। तत्पश्चातका २ आ.व. मा ३२.१३ अर्ब र ३४.८३ अर्ब बजेट विनियोजन भयो। आ.व. २०७८।७९ मा बजेटको आकार ३० अर्बमा सिमित भएकोमा आ.व. २०७९।८० मा ३५.९ अर्ब र २०८०।८१ मा ३३.४२ अर्बको रहेको छ।

प्रदेशको बजेटमा चालु खर्चको तुलनामा पुँजीगत खर्चका लागि बढी बजेट विनियोजन गरिने गरेको छ। गत आ.व. २०८०।८१ मा कुल विनियोजनको ३८ प्रतिशत चालुतर्फ रहँदा पुँजीगत तर्फ ६० प्रतिशत रहेको थियो भने यस आ.व. २०८१।८२ मा कुल विनियोजनको ३९.९ प्रतिशत चालु तर्फ रहँदा पुँजीगत तर्फ ५९.१ प्रतिशत रहेको छ।[19]

## आन्तरिक स्रोत परिचालन

कुल बजेटमा प्रदेश सरकारको आन्तरिक आयको हिस्सा न्यून रहदै आएको छ। आ. व. २०८१।८२ को वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा करिब १ चौथाइ मात्र रहेको छ। सरकारको स्रोत संरचनामा कुल आयको औषतमा १० प्रतिशत नगद मौज्दात रहने गरेको छ।

| आर्थिक वर्ष | आन्तरिक राजस्व (रु) |
|---|---|
| २०७८।७९ | ३ अर्ब ८० करोड |
| २०७९।८० | ३ अर्ब ८९ करोड |
| २०८०।८१ | ४ अर्ब २४ करोड |

स्रोतः आर्थिक मामिला मन्त्रालय

19 आर्थिक मामिला मन्त्रालय

प्रदेशमा विगत ५ वर्षको आन्तरिक राजस्व संकलन औसतमा लक्ष्यको तुलनामा ६५ प्रतिशत रहेको छ। अपेक्षित राजस्व संकलन नहुँदा बजेटको विश्वसनियता र अनुमानित खर्च व्यवस्थापनमा चाप पर्न गएको छ। सवारी साधन कर प्रदेशको क्षेत्राधिकारको महत्वपूर्ण आन्तरिक स्रोत हो। आ.व. २०७७।७८ मा सवारी साधन कर १ अर्ब ३७ करोड मात्र संकलन भएको छ।

### सङ्घबाट प्राप्त अनुदान

आर्थिक वर्ष २०७५।०७६ मा समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान वापत रू.११ अर्ब ९३ करोड ७८ लाख ४९ हजार प्राप्त भएकोमा आर्थिक वर्ष २०८०।०८१ मा यस्तो अनुदान बापतको जम्मा रु. १० अर्ब ५ करोड ७१ लाख ६७ हजार प्राप्त भएको छ । तथ्याङ्कीय रूपमा हेर्दा समानीकरण अनुदान बापतको रकम अङ्क तथा कुल प्राप्तिमा हिस्सा दुवै हिसाबले घट्दो दरमा रहेको छ।

### स्थानीय तहमा वित्तीय हस्तान्तरण

स्थानीय तहका लागि प्रदेशले वार्षिक ३ अर्ब हाराहारीमा वित्तीय हस्तान्तरण गरिआएको छ। आर्थिक वर्ष २०७७।०७८ मा अघिल्ला आर्थिक वर्षका अधुरा आयोजना र प्रशासनिक भवन, वित्तीय समानीकरण, समपूरक, ससर्त र विशेष अनुदान गरी स्थानीय तहका लागि जम्मा रु. ३ अर्ब १३ करोड १० लाख २ हजार विनियोजन भएको छ । स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणको रकम घट्दो छ जसको कारण संघीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको रकम घट्नु र प्रदेशको आन्तरिक राजस्व परिचालनमा अपेक्षाकृत सुधार नहुनु रहेको देखिन्छ। आर्थिक बर्ष २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम तथा बार्षिक बजेट मार्फत प्रदेश कानुन बमोजिम आर्थिक मामिला मन्त्रालय अन्तर्गत एक राजस्व व्यवस्थापन कार्यालय स्थापना गरी कर सङ्कलन, कर परिपालन र अभिलेखाङ्कन प्रणालीको विकास गरिने तथा बजेटको अख्तियारी, निकासा, बेरुजु व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन गर्न पूर्णरूपमा डिजिटल प्रणाली अवलम्बन गरी वित्तीय अनुशासन कायम गरिने प्रदेश सरकारको लक्ष्य रहेको छ।

### गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा सामाजिक विकासको अवस्था

### भौतिक पूर्वाधार तथा यातायात व्यवस्था

रुपान्तरणकारी आयोजनाको रुपमा संघीय सरकारको नेतृत्वमा प्रदेशको समेत लगानीमा निर्मित कोरला त्रिवेणी सडक गण्डकी प्रदेशमा महत्वपूर्ण सञ्जालका रुपमा रहेको छ। सडकले हिमाल देखी तराईको जनजीवन जोड्नुसँगै अन्तर प्रदेश एवं स्थानीय तहबीच समन्वयको आधार बनेको छ। प्रदेशको समृद्धि र विकासका लागि यस सडकलाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ । जोमसोम- कोरला खण्ड ११० किलोमिटर, जोमसोम- वेनी खण्ड ७५ किलोमिटर, वेनी- पोखरा- खैरेनीटार११० किलोमिटर, खैरेनी- भिमाद, डेढगाउँ- कावासोती- ११० किलोमिटर र कावासोती- त्रिवेणी करिब ६५ किलोमिटर रहेको छ।

यातायात पूर्वाधारलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्न गण्डकी प्रदेश सरकारले ’प्रादेशिक सडक यातायात गुरुयोजना÷ (PTMP) रहेको छ। प्रदेश स्थापनादेखी २०८१ माघ मसान्तसम्म भौतिक पूर्वाधार तर्फको आंकडा निम्नानुसार रहेको छः

| क्र. स. | विवरण | आंकडा |
|---|---|---|
| १ | कालोपत्रे सडक | ९२७.७ किमि |
| २ | ग्रावेल सडक | ७००.२ किमि |
| ३ | सडक पुल | ११० वटा |
| ४ | निर्माणाधिन सडक पुल | ६५ वटा |
| ५ | झोलुङ्गे पुल | ८४ वटा |
| ६ | निर्माणाधीन झोलुङ्गे पुल | १७ वटा |
| ७ | स्थानीय तहको साझेदारी प्रशासकीय भवन निर्माण | ३१ वटा |

स्रोतः भौतिक पूर्वाधार विकास यातायात व्यवस्था मन्त्रालय

नेपालको कुल सडकमा प्रदेशको सडक हिस्सा १७.७५ प्रतिशत रहेको छ। हाल ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच पुगेको परिवार ९९ प्रतिशत पुगेको छ।

दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम अन्तर्गत हालसम्म पहिचान भएका २,९०१ लाभग्राही मध्ये २,०३५ लाभग्राहीसँग सम्झौता भई घर निर्माण सम्पन्नको चरणमा रहेका छन्। लक्षित वर्गका लागि १,३२० वटा घर निर्माण गरी हस्तान्तरण गरेको छ ।

प्रदेश गौरवको योजना स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमको कुल लम्बाई ६०७ किलोमिटर मध्ये २०८१ माघ मसान्तसम्म २१९ किलोमिटर सम्पन्न भइसकेको र २१६ किलोमिटर सडक स्तरोन्नति गर्ने कार्य भइरहेको छ।

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा सोको नियमावली, २०८० जारी गरी यातायात प्रशासन व्यवस्थित गरेको छ। पोखराको पृथ्वीचोकमा प्रदेश सरकारको लगानीमा ड्राइभिङ परीक्षण केन्द्र निर्माण सम्पन्न भई प्रयोगमा आएको छ। 'राइड सेयरिङ÷ लाई व्यवस्थित तथा नियमन गर्न कानुन जारी गरी सोको कार्यान्वयन गर्न प्रदेश सरकारले प्रतिवद्धता गरेको छ।

आर्थिक बर्ष २०७७।०७८ देखी प्रहरी कार्यालय भवन निर्माणमा लगानी गरेको गण्डकी प्रदेशले आर्थिक बर्ष २०८१।०८२ सम्म रू ९५ करोड ९६ लाख लगानी मार्फत २५ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न भएका र ६ वटा भवन निर्माणधीन अवस्थामा रहेका छन्। प्रदेश र स्थानीय तहको सह-लगानीमा कास्कीको माछापुच्छ्रे, स्याङ्जाको कालीगण्डकी, पर्वतको विहादी, बाग्लुङको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङको घरपझोङ गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरेको छ। गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण सम्पन्नको चरणमा र गण्डकी प्रदेश सभा भवन निर्माण कार्य सुरू भएको छ।

## उर्जा जलस्रोत खानेपानी तथा सिँचाई

प्रदेश स्थापनामा राष्ट्रिय प्रसारण लाइन र नवीकरणीय ऊर्जा मार्फत् विद्युतमा पहुँच पुगेका घरधुरी ८७.९० प्रतिशत रहेकोमा २०८१ माघ मसान्तसम्ममा ९९.५५ प्रतिशत पुगेको छ। विद्युत सुविधा विस्तार एवं पहुँचमा नरहेका ०.४५ प्रतिशत घरधुरीलाई राष्ट्रिय प्रसारण लाईनको पहुँचमा ल्याउनका 'उज्यालो गण्डकी÷ कार्यक्रम सञ्चालन गरिएको छ।

सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्युववेल आयोजना कार्यान्वयनबाट प्रदेशमा सिँचाइको आधुनिक पूर्वाधार विकास भएको छ। प्रदेश स्थापना पश्चातको ७ वर्ष अवधिमा ४ वटा महत्वपूर्ण सिँचाइ प्रणालीको नवीकरण कार्य भएको छ। २०८१ माघ मसान्तसम्ममा भरपर्दो सिंचित क्षेत्रफल प्रदेशको कुल क्षेत्रफलको ५ प्रतिशतमा मात्र पुगेको छ।।

आर्थिक बर्ष २०७९।०८० सम्म प्रदेशका १८.२ प्रतिशत जनसंख्यामा पुगेको मध्यम तथा उच्च गुणस्तरको खानेपानी पहुँच २०८०।०८१ मा १९ प्रतिशत र आधारभुतस्तरको खानेपानीको पहुँच ९५ प्रतिशत एवं आधारभुत सरसफाइको पहुँच शतप्रतिशत रहेको छ।

प्रदेशका लिफ्टिङ खानेपानी एवं सिँचाइका कुल २४० आयोजनाको विद्युत महशुल अनुदानमा कुल १ करोड ८८ लाख २६ हजार ८ सय ८० रुपैँया अनुदान वितरण गरी आधारभूत खानेपानी तथा सरसफाइको पहुँचमा वृद्धि गरिएको छ। 'एक घर-एक धारा' कार्यक्रम अन्तर्गत हालसम्म गण्डकी प्रदेश सरकारबाट १ लाख ५२ हजार ४ सय २ निजी धारा जडान भई ६ लाख ९७ हजार २ सय ३४ जना लाभग्राही लाभान्वित भएका छन्। यसरी तीनै तहका सरकारको संयुक्त प्रयासबाट प्रदेशका ६४% घरधुरीमा निजी धारा जडान भएका छन्।

गरिबी निवारण, श्रम तथा रोजगारी

चौथो नेपाल जीवनस्तर सर्वेक्षण अनुसार, गण्डकी प्रदेशको निरपेक्ष गरिबी ११.८ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतभन्दा न्यून छ। प्रदेश स्थापनाको प्रारम्भिक वर्ष (२०७५/७६) मा १४.९१ प्रतिशत रहेकोमा निरन्तर सुधार हुँदै गएको देखिन्छ।

गण्डकी प्रदेशको श्रम संरचना मुख्यतः सेवा क्षेत्र, कृषि, तथा उत्पादनमूलक उद्योगमा केन्द्रित छ। सेवा क्षेत्रमा पर्यटन व्यवसायको उच्च प्रभाव छ भने कृषि क्षेत्र व्यावसायिकता तर्फ उन्मुख छ। औद्योगिक विकास सीमित हुँदा उच्च मूल्य सृजनामा आधारित रोजगारीका अवसरहरू तुलनात्मक रूपमा कम छन्। वैदेशिक रोजगारी गण्डकी प्रदेशको श्रम बजारको महत्त्वपूर्ण विशेषता हो। युवाहरूको ठूलो संख्याले वैदेशिक रोजगारीलाई प्राथमिकता दिने प्रवृत्ति रहेको पाइन्छ। प्रदेश राजधानी रहेको कास्की जिल्लाका ५ स्थानीय तहमध्ये ३ स्थानीय तहको जनसंख्या वृद्धिदर ऋणात्मक हुनुले सोको पुष्टि हुन्छ। श्रमिकहरूलाई स्वरोजगारमा प्रोत्साहित गर्ने उद्देश्यले

सरकारले उद्यमशीलता विकास, सीपमूलक तालिम, तथा कृषि र साना उद्योगहरूको प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरेको छ। आर्थिक बर्ष २०८०/८१ मा सरकारको बार्षिक नीति तथा कार्यक्रममा 'बेरोजगारलाई गरिखाने अभियान÷ सञ्चालन गरिने उल्लेख हुनु एक उदाहरण हो।

पर्यटन

पर्यटन क्षेत्र गण्डकी प्रदेश समृद्धिको प्रमुख संवाहक हो। पर्यटनको बृहत सम्भावना रहेको गण्डकी प्रदेशका गाँउ गाउँमा पर्यटन प्रवर्द्धनका लागि ३२४ भन्दा बढी सामुदायिक घरबास (होमस्टे) छन्। ।

पर्यटन प्रवर्द्धनका लागि 'पहिले घरदेशः अनि परदेश÷, 'राउण्ड फेवा भ्यू फेवा÷ जस्ता नीति कार्यक्रममा सरकारको प्राथमिकता देखिन्छ। माइस पर्यटन, मनोरञ्जन, हिमाली क्षेत्रमा पदयात्रा, सरकार निजी क्षेत्र साझेदारी र सुरक्षा सचेतनाले पर्यटनमार्फत समृद्धि हासिल गर्ने मार्गप्रशस्त भएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै हवाई यातायात सहज भएको छ भने पदमार्ग सुधार, पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार विस्तार, र होटल तथा सेवा क्षेत्रमा लगानी वृद्धिले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुगेको छ। विस्तारित लगानीले पर्यटक व्यवस्थापन क्षमता अभिवृद्धि भएको छ। सरकार र निजी क्षेत्रको साझेदारीमा गरिने प्रवर्द्धनात्मक कार्यक्रम, मेला, महोत्सव आदिले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ। २६ वर्षदेखी पोखरामा हुँदै आएको सडक महोत्सवमा २०८१ सालमा ५ लाख भन्दा बढी पर्यटकको सहभागिता रहनुले पर्यटकीय सम्भाव्यताको चित्रण हुन्छ।

कृषि, भूमि तथा सहकारी

स्थानीय स्रोत साधनको उचित व्यवस्थापन तथा जलवायु अनुकुलित प्रविधिको प्रयोग, विकास तथा विस्तार गर्दै कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न प्रदेश गौरवको योजनाको रूपमा ८५ स्थानीय तहमा 'मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम÷ सञ्चालन गरेको छ।

कृषि बीमा प्रिमियममा २५ प्रतिशत अनुदान अन्तर्गत कृषकको सुन्तला, च्याउ, मौरी, तरकारी लगायतका बालीको बीमा सुविधा हुँदा विभिन्न बाली वस्तुमा हुने क्षतिको जोखिम न्यूनीकरणमा

सहयोग पुगेको छ। कोल्डस्टोर, कृषि उपज संकलन केन्द्र, प्रशोधन केन्द्र, बीउ प्रशोधन केन्द्र निर्माण गरेको छ।

खण्डीकृत कृषियोग्य भूमिको एकीकरण गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रिकीकरण मार्फत उत्पादन लागत घटाउन कार्यान्वयनमा ल्याइएको जग्गा चक्लाबन्दी कार्यक्रम मार्फत प्रदेशका ९ जिल्लाका २८ स्थानमा गरी कुल ५ हजार ४ सय रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरेको छ।

सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गरी सहकारीलाई निगरानी गर्दै आएको छ। बचत अपचलन गर्ने सहकारी संस्थाका सञ्चालक तथा पदाधिकारीलाई कारबाही गर्ने गरेको छ।

## शिक्षा

प्रदेश सरकारले प्राविधिक तथा उच्च शिक्षालाई प्राथमिकता दिएको छ । २०७६ सालमा प्रदेश सरकारले गण्डकी विश्वविद्यालय स्थापना गरी सूचना प्रविधि, कानुन, खेलकुद व्यवस्थापन लगायतका विषय पठनपाठन सुरुवात गरेको छ। सरकारले डिजिटल शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, तथा विद्यालय सुधारका कार्यक्रमहरू अघि बढाएको छ। सामाजिक विकास मन्त्रालय र जिल्लास्थित कार्यालयले विद्यालय शिक्षा सुधारका लागि प्रत्यक्ष- परोक्ष नियमित कार्य गर्दै आएका छन। विद्यालय भौतिक सुधारमा प्रदेश सरकारले नियमित साझेदारी गरेको छ।

## स्वास्थ्य

वि.स. २०७५ सालमा सरकारी र निजी क्षेत्रको गरी प्रदेशभर जम्मा ७२४ स्वास्थ्य संस्था रहेकोमा २०८० फागुन मसान्तसम्ममा प्रदेश सरकारको पहलमा स्वास्थ्य संस्थाको संख्या ११८१ र कार्यरत स्वास्थ्यकर्मीको संख्या ६१६६ पुगेको छ। प्रदेशमा औसतमा ४०० जना बराबर एक स्वास्थ्यकर्मीको उपस्थिति रहेको छ। गण्डकी प्रदेश औलोमुक्त प्रदेशका रूपमा रहेको छ। स्वास्थ्य क्षेत्रमा प्रवर्द्धनात्मक एवं उपचारात्मक सेवा विस्तारका लागि हरेक जिल्लामा प्रदेश अस्पताल, जिल्ला स्तरमा स्वास्थ्य कार्यालय, आयुर्वेद कार्यालय सँगै स्वास्थ्य सूचकांक व्यवस्थापन, हेलि उद्धार, स्वस्थ जीवनशैली प्रवर्द्धन, भान्सा सुधार कार्यक्रम सञ्चालन गरेको छ।

## भु-उपयोग

गण्डकी प्रदेशको कुल क्षेत्रफलको ४७.४ प्रतिशत भू-भाग वनजङ्गल र बुट्टयानले ढाकेको छ। प्रदेशमा कृषियोग्य जमिन १४.१ प्रतिशत र नाङ्गो भूमि १७.७ प्रतिशत, हिम क्षेत्र १६.७ प्रतिशत, निर्माणले ढाकेको बसोबास गर्ने क्षेत्र कुल भू-भागको १.० प्रतिशत भन्दा पनि न्यून रहेको छ। बाँकी सीमसार जलक्षेत्र तथा अन्य उपयोगमा रहेको छ।

## वन वातावरण

प्रदेश स्थापना भएको सम्वत २०७५ देखि ७ वर्षको अवधिमा वन पैदावार बिक्री, जडीबुटी संकलन र वनजन्य अन्य कार्य गरेर जम्मा रु.१ अर्ब १३ करोड राजस्व संकलन भएको छ । यस्तै राष्ट्रिय वन तथा निजी वनबाट करिव ६५ लाख घन फिट काठ, १२ हजार १ सय ४३ चट्टा दाउरा उत्पादन भएको छ भने ८ लाख २ हजार ६ सय २९ किलोग्राम जडीबुटी उत्पादन तथा संकलन गरिएको छ। प्रदेशमा वन ऐन र वातावरण संरक्षण ऐन जारी भै कार्यान्वयनमा रहेका छन।

## शासकीय सुधार

प्रदेश सरकारबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यक्रम तथा गतिविधिको बारेमा नागरिकलाई सुसूचित गराउन सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, 'गण्डकी सरोकार÷ शीर्षकको राष्ट्रिय स्तरको रेडियो कार्यक्रम प्रसारण गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७ मार्फत सरकार मातहतका निकायहरुको तेस्रो पक्षबाट GESI Audit गर्ने गरेको छ। हेलो मुख्यमन्त्री गुनासो सुनुवाइ संयन्त्र Action Room कार्यान्वयनमा रहेको छ। प्रशासनिक संघीयतालाई व्यवस्थित गर्न प्रदेश कर्मचारी सूचना प्रणाली सञ्चालन गरेको छ।

गण्डकी प्रदेश सरकारका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन, नागरिकले पाउने सेवालाई गुणस्तरीय, विश्वसनीय, पारदर्शी, मितव्ययी, छिटोछरितो र सर्वसुलभ बनाउन तथा कार्यालयलाई चुस्त दुरुस्त, नागरिकमैत्री, जवाफदेही र व्यवस्थित बनाउन प्रोत्साहित गर्न व्यवस्थापन परीक्षणको रुपमा नमूना कार्यालय छनौट कार्यक्रम गर्दै आएको छ। प्रदेश आयोजना बैंक सञ्चालन कार्यविधि, २०८१ जारी गरी आयोजना बैङ्क सूचना प्रणालीको कार्यान्वयनमा प्रदेश सरकार कटिवद्ध रहेको छ।

प्रदेश सरकारले वित्तीय सुशासनको अभिवृद्धि र प्रशासनिक खर्चको प्रभावकारितालाई उच्च प्राथमिकतामा राखेको छ। सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले विनियोजन ऐन, आर्थिक ऐन, गण्डकी प्रदेश सुशासन ऐन, २०७५ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ खर्चको मापदण्ड, २०७९ जस्ता कानुनी आधारका कारण सार्वजनिक वित्तको उपयोगलाई विधिसम्मत र पारदर्शी बन्न मार्गनिर्देशन भएको छ।

अनलाइन अनुगमन प्रणाली, नियमित रुपमा सार्वजनिक गरिने स्वतः प्रकाशन, पहिलो सव- नेशनल सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) मुल्याङ्कन, मन्त्रालयस्तरीय प्रगति समीक्षा सहित बार्षिक प्रतिवेदन प्रकाशन लगायतका संयन्त्रले सार्वजनिक वित्तको उपयोगमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न गरिएका प्रयासले प्रदेशमा वित्तीय सुशासन र प्रशासनिक सुधारलाई प्रभावकारी बनाउन उल्लेख्य भूमिका गरेका छन।

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ मार्फत बजेट योजना र स्रोतको वितरण प्रभावकारी गराउन प्राथमिकता सहित निकायगत समन्वयको मार्गप्रशस्त गरेको छ। नियमित निगरानी एवं जवाफदेहिता सुनिश्चित गर्न नियमित रुपमा बस्ने सार्वजनिक लेखा समितिको बैठक तदारुकता साथ भएको देखिन्छ।

गण्डकी प्रदेश सुरक्षा समन्वय बैठक, अन्तराष्ट्रिय सीमा नाकामा निरीक्षण र विपद् व्यवस्थापन समन्वय बैठक गर्दै आएको छ। प्रदेशको अन्तराष्ट्रिय सीमा नाकामा पर्ने मुस्ताङको कोरलामा सुरक्षा निकायका लागि भौतिक संरचना निर्माण सम्पन्न भएको छ। प्रदेश सरकारको आ.व. २०८१/८२ को वार्षिक बजेटको १.४१ प्रतिशत सार्वजनिक शान्ति सुरक्षाका लागि विनियोजन गरेकोमा लक्ष्यको खर्च ७१.५ प्रतिशत रु. ३३ करोड ७९ लाख भएको छ।

## विपद् प्रतिकार्य एवं महामारी नियन्त्रण

कोभिड- १९ प्रतिकार्य एवं उपचार व्यवस्थापन सँगै प्रभावित उद्योग व्यवसायलाई जीवन्तता दिन प्राथामिकता दिने, रोजगारी गुमाएका र विदेशबाट फर्केका व्यक्तिलाई कृषि एवं जडीबुटी खेती गर्न प्रोत्साहन गरेको थियो ।

प्रदेश सरकारले उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय जीवन रक्षा कर्जा उपलब्ध गराउन व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि ल्याई उद्यमी तथा व्यवसायी छनौट गरी व्यावसायीलाई वाणिज्य बैङ्क मार्फत १५ लाखसम्म ऋण उपलब्ध गराउने र सोमा लाग्ने ३ वर्षसम्मको व्याज कोषले वाणिज्य बैङ्कहरूलाई उपलब्ध गराउने व्यवस्था थियो । यस कार्यक्रम मार्फत १ हजार ६३८ जना व्यवसायी छनोट भई रू.१ अर्ब ८१ करोड २९ लाख ७३ हजार ऋण प्रवाह भएको थियो ।

## प्रदेश सभा सम्वन्धी विवरण

### सभाको पहिलो कार्यकाल (२०७४-२०७९)

पहिलो गण्डकी प्रदेश सभा सदस्यको निर्वाचन मिति २०७४ साल मंसिर १० र २१ गते २ चरणमा सम्पन्न भएको थियो। कुल ६० सदस्यीय सभामा २० जना महिला र ४० जना पुरुषको प्रतिनिधित्व रहेको थियो।

पहिलो कार्यकालको दलगत प्रतिनिधित्व निम्नानुसार रहेको छः

| क्र स | दलको नाम | सदस्य संख्या |
|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्कसवादी-लेलिनवादी) | २७ जना |
| २ | नेपाली काँग्रेस | १५ जना |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) | १२ जना |
| ४ | राष्ट्रिय जनमोर्चा | ३ जना |
| ५ | नयाँ शक्ति पार्टी | २ जना |

| | | |
|---|---|---|
| ६ | जनता समाजवादी पार्टी नेपाल | २ जना |
| ७ | स्वतन्त्र | १ जना |
| कुल जम्मा | ६० जना | |

स्रोतः प्रदेश सभा सचिवालय

प्रदेश सभाको पहिलो सभामुख श्री नेत्रनाथ अधिकारी र उपसभामुख श्री श्रृजना शर्मा हुनुहुन्थ्यो। प्रदेश सभाको पहिलो कार्यकालको पहिलो बैठक मिति २०७४ माघ२२ गते र अन्तिम बैठक २०७९ भदौ ८ गते बसेको थियो। पहिलो कार्यकालमा एउटा विशेष अधिवेशन र १० वटा अधिवेशन, २४० दिनमा प्रदेशसभाका ३०१ बैठक गरी जम्मा ३८१ घण्टा ३४ मिनेट बैठक बसेको थियो।

**दोस्रो कार्यकालः (२०७९ देखि २०८१ फागुन मसान्त सम्म)**

दोस्रो प्रदेशसभा सदस्यको निर्वाचन मिति २०७९ मंसिर ४ गते सम्पन्न भएको थियो। हालको प्रदेश सभाको सभामुख कृष्ण प्रसाद धिताल र उपसभामुख विना कुमारी थापा हुनुहुन्छ। प्रदेश सभाको दोस्रो कार्यकालमाप्रदेश सभा सदस्यले मिति २०७९ पुस १४ गते सपथ ग्रहण गरेकोपछी पहिलो बैठक मिति २०७९ पुस १८ गते बसेको थियो।

हालको प्रदेश सभामा दलगत प्रतिनिधित्व निम्नानुसार रहेको छः

| क्र स | दलको नाम | सदस्य संख्या |
|---|---|---|
| १ | नेपाली काँग्रेस | २७ जना |
| २ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्कसवादी-लेलिनवादी) | २२ जना |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र) | ८ जना |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | २ जना |
| ५ | स्वतन्त्र | १ जना (पद खारेजी) |

| | |
|---|---|
| कुल जम्मा | ६० जना |

स्रोतः प्रदेश सभा सचिवालय

## तहतग अन्तरसम्बन्ध

संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक प्रावधान  कार्यान्वयन गर्न गण्डकी प्रदेश सरकार प्रतिबद्ध रहेको छ। प्रदेशले नीति तथा योजना समन्वय, वित्तीय अन्तरसम्बन्ध, सेवा प्रवाह एवं क्षमता अभिवृद्धिमा तहगत अन्तरसम्बन्ध व्यवस्थित गर्न नियमित अभ्यास गर्दै आएको छ। गण्डकी प्रदेशको आयोजनामा पोखरामा अन्तर प्रदेश मुख्यमन्त्रीको पहिलो वैठक मिति २०८० असार १५ गते सम्पन्न गरी प्रहरी समायोजन, जग्गा प्राप्ति, तीनै तहका सरकारको कार्य जिम्मेवारी र अधिकार क्षेत्र, वित्तीय समानीकरण अनुदान वृद्धि लगायतका १७ वटा विषयहरूमा प्रदेश सरकारहरुका साझा धारणाबारे छलफल भएको थियो। राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक मिति २०८० असार १६ गते पोखरामा बसी तहगत सम्वन्ध मजवुतीबारे महत्वपूर्ण निर्णय भएको छ।

प्रदेश समन्वय परिषद्को २०८१ फागुन मसान्तसम्म ८ वटा वैठक सम्पन भएका छन् । पहिलो बैठकदेखी आठौं बैठक सम्म परिषद्ले संघीयताको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकायहरूबीच स्पष्ट भूमिकाको पहिचान, स्रोत व्यवस्थापन, तथा योजना समन्वयका सन्दर्भमा प्रदेश र स्थानीय तहले समग्र विकासका लागि गुरुयोजना र आयोजना बैंक तयार गर्न, स्थानीय तहले आफ्नो पञ्चवर्षीय योजना प्रदेशको योजनासँग तालमेल गरी बनाउने, तहगत संयुक्त आयोजनामा बजेट साझेदारी गर्ने जस्ता निर्णय भएको छ। त्यस्तै, परिषद्ले आफ्ना नियमित बैठकहरूमा अन्तरसरकारी वित्त व्यवस्थापन, नीति तथा कानुनी समन्वय, राजस्व बाँडफाँट, तथा प्रशासनिक सेवा प्रवाहका विषयमा छलफल गरी आवश्यक निर्णय गर्दै आएको छ।

प्रदेश र स्थानीय तहबीचको समन्वय सुदृढ गर्दै संघीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दोहोरोपन हटाउन समन्वय गर्ने, बहुवर्षीय ठेक्काका अलपत्र आयोजना पूरा गर्न बजेट सुनिश्चित गर्ने, तथा प्राकृतिक स्रोत र राजस्व बाँडफाँटमा स्थानीय तहको हक

सुरक्षित गर्ने निर्णय भएको छ। त्यस्तै, नेपाल प्रहरीको प्रदेश समायोजन प्रक्रिया अघि बढाउने, स्थानीय तहमा कार्यरत कर्मचारी व्यवस्थापनमा समन्वय गर्ने जस्ता निर्णय भएका छन्।

२०८१ फागुन मसान्तसम्म गण्डकी प्रदेश विकास समस्या समाधान समितिका दशवटा वैठक भई कार्यसम्पादन प्रभावकारीताका लागि संस्थागत समन्वय, कानुनी सुधार, जग्गा व्यवस्थापन, उपभोक्ता हित, स्रोत परिचालन, विपद् प्रतिकार्य, आयोजना कार्यान्वयन आदि बारे प्रदेशस्तरीय निर्णय गर्ने र संघको सम्मति आवश्यक पर्ने विषयलाई राष्ट्रिय विकास समस्या समाधान समितिमा पेश गर्ने छुट्टाछुट्टै निर्णय भएका छन।

प्रदेश स्तरका विभिन्न समितिहरू र सरकारका कार्यक्रमहरूले स्थानीय तहसँगको समन्वयमा प्रदेश तथा स्थानीय स्तरका समग्र विकास र समस्याहरूको समाधानमा महत्त्वपूर्ण भूमिका खेलेका छन। स्थानीय तहका लागि सहजीकरण सँगै अन्तर तह सम्बन्ध एवं समन्वयमा विकास समस्या समाधान समितिका निर्णय आधारको रुपमा रहेका छन।

कार्यक्रमगत रुपमा आर्थिक बर्ष २०८१।०८२ देखी ८५ वटै स्थानीय तहमा प्रदेश र स्थानीय तहको साझेदारीमा सुरुवात गरिएको न्यायिक सहजकर्ता परिचालन प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धको अर्को महत्वपूर्ण उदाहरण हो।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट नवप्रवर्तनको क्षेत्रमा सकारात्मक प्रतिस्पर्धा सुरु हुनुका साथै स्थानीय तहमा भएको स्रोतको न्यूनताको सम्बोधन भएको छ। कार्यक्रमले प्रदेशको अभिभाकत्वमा स्थानीय स्तरमा प्रविधि, स्रोत, सूचना, व्यवस्थापन शील्प साझा हुँदै आएको छ। यसबाट संघीयता सवलीकरणमा प्रदेश र स्थानीय तह नजिकबाट जोडिने वातावरण तयार भएको छ।

प्रदेशले अन्तरप्रदेश समन्वयलाई सुदृढ गर्दै विभिन्न विषयगत छलफल, नीति आदान-प्रदान, र अनुभव साझेदारीलाई प्राथमिकता दिँदै आएको छ। २०७५ भदौमा पोखरामा सम्पन्न भएको सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेलादेखि पछिल्लो २०८० असारमा पोखरामै सम्पन्न भएको अन्तर प्रदेश मुख्यमन्त्री बैठकले तहगत समन्वय सम्बन्धमा गरेका सहमतिले तहगत समन्वयलाई मजबुत पार्दै संघीयताको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्य राखेको पाइन्छ। ६ प्रदेशका

मुख्यमन्त्री सम्मिलित सो बैठकले अन्तरप्रदेश सम्बन्धका मुद्दा जस्तै प्रहरी समायोजन, प्रदेश सरकारको स्वामित्वमा प्रदेश सरकारी कार्यालय भवन, संघ र प्रदेशका साझा अधिकारबारे स्पष्टता विकास इत्यादीमा सहकार्य, नीति निर्माण, र कार्यान्वयनका विषयमा १७ वटा साझापत्र जारी गरी सम्पन्न भएको छ।

अन्तरप्रदेश समन्वयका लागि विधायिकी निकायहरूबीच पनि छलफल हुने गरेको रहेको छ। विस २०८१ पौषमा सम्पन्न अन्तर व्यवस्थापिका सम्मेलनले प्रदेश सभा तथा स्थानीय तहहरूबीचको समन्वयलाई चुस्त बनाउँदै नीतिगत सुधारका लागि मार्गनिर्देशन गरेको छ। विस २०८१ माघ अन्तिम साता पाल्पाको रानीमहलमा सम्पन्न गण्डकी र लुम्बिनी प्रदेशका मुख्यमन्त्रीबीच भएको छलफलमा प्रदेशका सम्भावनाको दक्षतापूर्ण उपयोग बारे छलफल भै दुवै प्रदेशका निकुञ्ज र संरक्षण क्षेत्रहरूलाई समेटेर पर्यापर्यटन विकास गर्ने, दुई प्रदेश बीचका हवाई यातायात सेवा बिस्तार गर्ने, उत्तरदक्षिण कालीगण्डकी करिडोरलाई हिमाल, पहाड र तराईका उत्पादनहरूलाई सीमापार बजारसम्म पहुँच बढाउन प्रयोग गर्ने, सिद्धार्थ राजमार्गलाई डवल डेडिकेटेटको रुपमा बिस्तार गर्न संघीय सरकारसँग पहल गर्ने साझा प्रतिवद्धता भएको छ।

**सुधारका क्षेत्रः**

- प्रदेश सरकार संघीय सरकारको अनुदानमा अत्याधिक निर्भर छ जसकारण वित्तीय असन्तुलन सँगै बजेट विश्वसनियतामा कमी रहेको छ। संघीय सरकारबाट राजस्व बाँडफाँट अन्तर्गत प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनको अन्तःशुल्क वापतको रकम आर्थिक वर्ष २०७९/०८० मा मात्र रू. २ अर्ब ५६ करोड कम हुनुले प्रदेश सरकारको बार्षिक बजेट कार्यान्वयन स्रोत व्यवस्थापनमा समस्या परेको छ। प्रदेश सरकारको वित्तीय स्वायत्तता सीमित छ, सम्भावनाको उपयोग समेत न्यून हुँदा आन्तरिक स्रोतबाट न्यून आम्दानी भएको छ। मालपोत शुल्क बापतको रकम यथार्थ कारोबार मुल्यमा संकलन भएको छैन्।
- भौगोलिक जटिलताका कारण गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिकाको केन्द्र प्रादेशिक सडक सञ्जालमा जोडिन सकेको छैन्। पूर्वाधार विकासका लागि आवश्यक

वित्तीय स्रोतको अभावले परियोजना अधुरै रहनु, जीर्ण अवस्थामा रहनु र स्रोत अभावमा भुक्तानी बाँकी रहनु जस्ता समस्या देखा परेका छन्।

- दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षाको कमी, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार तथा निजी र सार्वजनिक शिक्षाबीचको असमानता जस्ता समस्या छन्। डिजिटल शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार साथै विद्यालय सुधारका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्।
- अन्तरप्रदेश भौतिक पूर्वाधार विकास, जलस्रोत व्यवस्थापन र व्यापारिक सहकार्य जस्ता विषयमा स्पष्ट नीति नहुँदा प्रभावकारी समन्वय हुन नसकेको देखिन्छ। जस्तै गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबीच कालीगण्डकी डाईभर्सनमा विवाद रहेको छ।
- प्रदेशको बजेट तर्जुमामा स्थानीय तहको सहभागिता हुने संयन्त्रको अभावले विनियोजन कुशलता तथा योजना कार्यान्वयनमा दोहोरोपना हुने गरेको छ।
- गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाहरूबाट बसाइ सराई हुने क्रममा तिव्रता आएकाले ती क्षेत्रहरूमा जनसंख्या संकुचन हुँदै गएको छ । यसरी जनसंख्या कम हुँदै गएको सन्दर्भमा उर्वर भूमी बाँझो रहने समस्या समाधान गर्दै प्रचुर सम्भावना रहेको कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ सम्बन्ध स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नुपर्ने देखिन्छ ।
- कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि, आयात प्रतिस्थापन र कृषकको जीवनस्तर सुधार गर्नु साथै भूमी बैंक र जग्गा भाडामा लिने/ दिने अवधारणा कार्यान्वयनमा ल्याउन नसकिएको अवस्था छ ।
- औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु चुनौतिका रूपमा देखिएको छ ।[20]

## निष्कर्ष र सुझाव

[20] नेपाल राष्ट्र बैंक प्रतिवेदन २०८१

## निष्कर्ष

गण्डकी प्रदेश स्थापनको सात वर्षमा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्रलगायतका विभिन्न पक्षमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएको छ। यातायात सञ्जाल विस्तार, ऊर्जा उत्पादनमा वृद्धि, डिजिटल प्रविधिको प्रयोग, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य पूर्वाधारको विकास, तथा सामाजिक न्यायका क्षेत्रमा भएका सुधारले प्रदेशलाई विकासको मार्गमा अघि बढाएको छ। यी उपलब्धिहरूसँगै चुनौती उत्तिकै छन। वित्तीय स्रोतको सीमितता, स्रोत परिचालन प्रभावकारितामा कमी, समन्वय र संस्थागत सुदृढीकरणमा देखिएका कमजोरी आदिले जस्ता समस्याहरूले समग्र विकासलाई प्रभाव पारेका छन्।

प्रदेश सरकारले नीतिगत सुधार, योजना कार्यान्वयनमा नवीनता, तथा विभिन्न विकास साझेदारहरूसँग सहकार्यलाई प्राथमिकता दिएको छ, जसले भविष्यमा अझ राम्रो परिणाम ल्याउने अपेक्षा गर्न सकिन्छ। उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग, प्रविधिमैत्री प्रशासन, तथा नीतिगत स्थायित्वलाई सुनिश्चित गर्दै आगामी वर्षहरूमा गण्डकी प्रदेशलाई समृद्ध, सवल, र आत्मनिर्भर बनाउने दिशामा थप अग्रसर हुन आवश्यक देखिन्छ। प्रदेशको एकल अधिकार सूचीमा रहेको प्रदेश भित्रको राष्ट्रिय वन, विभिन्न किसिमका औद्योगिक तथा व्यापारमेला, महोत्सवबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन दस्तुर, ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थबाट संकलन गर्ने शुल्क, दस्तुर प्राप्त गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ।

प्रदेश सरकार अस्थिर छ। गण्डकी प्रदेशको सातौं मुख्यमन्त्रीका रुपमा वर्तमान मुख्यमन्त्री रहँदा मुख्यमन्त्रीहरूको औसत कार्यकाल एक वर्ष मात्र रहेको छ। यसले जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले दोहोरोपना नहुने गरी संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्छ।

**सुझावः**

- स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन पर्यटन, कृषि, साना तथा मझौला उद्योगलाई प्रोत्साहन दिने।
- हिमाली जिल्लाहरूमा जग्गाको नाप नक्साङ्कन गरी कृषि विकासका कार्यक्रम लागू गर्ने।

- पर्यटन शुल्क, होमस्टे कर, र पारिस्थितिकीय सेवाका लागि भुक्तानी जस्ता नयाँ राजस्व स्रोत परिचालन गर्ने।
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, र पर्यटन शुल्क जस्ता क्षेत्रमा राजस्वको दायरा बढाउने।
- पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सार्वजनिक-निजी साझेदारी बढाउने।
- प्रदेश समन्वय परिषद्ले रचनात्मक भूमिका निर्वाह गरी संघ, प्रदेश, र स्थानीय तहबीच समन्वय बढाउने।
- विभाज्य कोष स्वचालित प्रणालीबाट बाँडफाँट हुने व्यवस्था गर्ने।
- बजेट विनियोजन दक्षतापूर्ण बनाउन आयोजना बैंक प्रणालीको पूर्ण कार्यान्वयन गर्ने।
- उत्पादन र उत्पादकत्व वृद्धि गर्न नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गर्ने।
- विद्युतीय प्रणालीको उपयोग बढाएर राजस्व सङ्कलन प्रभावकारी बनाउने।
- कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट नदिने।
- संघीय सरकारबाट हस्तान्तरण हुने अनुदान र राजस्व बाँडफाँटको उत्पादनमूलक उपयोग गर्ने।

समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा हासिल गर्न तय गरिएको दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्य, प्रदेशका नागरिकको विकासको चाहना, जननिर्वाचित प्रतिनिधिमार्फत् मुखरित जनभावना, विज्ञ तथा सरोकारवालाहरुले दिएका सुझावलाई आत्मसात् गरी उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी" को आकाङ्क्षालाई सफल पार्न प्रदेश सरकार दृढ सङ्कल्पित छ ।

**सन्दर्भ सामग्रीहरुः**

आर्थिक सर्वेक्षण, २०८१

गण्डकी प्रदेश लोक सेवा आयोग स्मारिका, २०८१

गण्डकी प्रदेश सभा सचिवालयको विभिन्न मितिका स्वतः प्रकाशनहरु

गण्डकी प्रदेश सरकारका ६ बर्ष अनुभव र उपलब्धि स्मारिका

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, २०८१/८२

गण्डकी प्रदेश स्रोत नक्साङ्कन २०७५

गण्डकी प्रदेशका मन्त्रालय/ निकाय/ आयोगहरुको वेबसाइट

गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२- २०८५।८६)

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७- २०८०।८१)

गण्डकी प्रदेशको राजस्व सम्भावना तथा व्यवस्थापन अध्ययन, २०७९

गण्डकी प्रदेशको स्थितिपत्र २०७५ र आर्थिक सर्वेक्षण २०८१

जनगणना प्रतिवेदन, २०७८

नेपाल राष्ट्र बैंक प्रतिवेदन २०८१

नेपालको संविधान

महालेखा परीक्षकको प्रतिवदेन २०८१

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जानकारी पुस्तिका, २०७५

Malaria Micro- stratification. २०२१ को प्रतिवेदन

गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल
फोन : ०६१-४५११८८
Email: pppcgandaki@gmail.com
Website: ppc.gandaki.gov.np